# प्राचीन नेपाल
# ANCIENT NEPAL

संख्या १८५
चैत्र २०७०

Number 185
March 2014

सम्पादक मण्डल

प्रधान सम्पादक
भेष नारायण दाहाल

सम्पादक
डा. भरतराज रावत
राम बहादुर कुँवर
श्यामसुन्दर राजवंशी

**Editorial Board**

Chief Editor
**Bhesh Narayan Dahal**

Editor
**Dr. Bharat Raj Rawat**
**Ram Bahadur Kunwar**
**Shyam Sunder Rajbamshi**

# विषय-सूची
# Contents

## अंग्रेजी खण्ड
## English Section


Antiquity of Janakpur and Its Heritage
*- Dr. Shaphalya Amatya* ........1-4

A Preliminary Report on the Trial Excavations at Bhawanipur, Rupandehi, in 2068/069 B.S. (2012 A.D)
*- Prakash Darnal* .......5-15


## नेपाली खण्ड
## Nepali Section


लुम्बिनीस्थित तेलार (River of oil) नदीको पहिचान
*- विमलकुमार शर्मा*........................१६-२५

बानेश्वरको ऐतिहासिकता प्रष्ट्याउने अप्रकाशित थप सामग्री
*- डा. गोपाल धौबन्जार*........................२६-३०

लुभूका पुरातात्विक सम्पदाहरू
*- डा. कल्पना श्रेष्ठ*........................३१-३८

जमिनको तिरो निर्धारण सम्बन्धी वि.सं. १९८३ सालको व्यवस्था
*- डा. भवेश्वर पंगेनी*........................३९-५४

प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल - भोट युद्धका ऐतिहासिक सामाग्री........................५५-५८

# Antiquity of Janakpur and Its Heritage

- *Dr. Shaphalya Amatya*

Janakpur, the capital of Mithila was the birthplace of Princess Janaki or Devi Sita, the consort of the hero of the great Hindu epic"Ramayana" Prince Ram Chandra. Though the famous temple Janaki Mandir was built during the 19th century, Janakpur was famous and popular among the Hindu pilgrimages since long. Nepal is a sacred country for both the Hindus and the Buddhists. Janaki or Sita, the daughter of King Janak or Vedeyha was born at Janakpur in the capital of Mithila kingdom during the epic era. For many centuries Janakpur was not known to the outside world and it remained inside a dense forest. A saint named Chaturbuj Giri was the first person to popularise its importance as the birthplace of Sita. He discovered ancient idols of Ram, Sita, Laxam, Bharat and Satrughan under a banyan tree. When in BS 1714(AD1657) the Sena king Manik Sen of Makawanpur came to know about it he visited this sacred place and donated 14 hundred bighas of land for worshipping these idols. It is believed that the pipal tree under which these idols were found is still there in the temple of Ram called Ram Mandir. Immediately after the Anglo-Nepal war General Amar Sing Thapa gave this temple a traditional Nepalese style of architecture and popularised it as Ram Mandir. In BS 1984(AD 1927)the Rana Prime Minister Chandra Shumsher changed its tile roof by gold plated copper roof and made it more attractive and raised its importance. The Ram Mandir is surrounded by rest houses. In front of this temple there stands"Birendra Park". On the auspicious day of Ram Navami a fair is organised here annually. On that day hundreds of saints are given feast. On the day of Vibaha Panchami also another big fair takes place here every year. On that auspicious day the marriage procession of Ram is taken from here towards Janaki temple in the afternoon. It is said that Saint Mohini Baba started Vibaha Panchami fair by the permission of Prime Minister Chandra Shumsher. On that day also saints and fakirs are given feasts at Ram Mandir. In the afternoon on that day the tableau of Ram Sita is taken around the town on the elephant.

Mithila was a kingdom and Janakpur was its capital during the epic era. When king Janak was ruling this country Mithila kingdom is very famous and considered as the centre of knowledge and learning. It is said that the capital Janakpur was so beautiful even Prince Ram Chandra became very astonished by its excellent look. King Janak himself was a learned man. In his court there were well known philosophers and learned men like Yagyabalkya, Gargi, Maitreya, Shurtikriti, Mandavi, and many others. The architectural beauties and assembly of intellectuals had increased the name and prestige of his kingdom. The wife of king Janak, Sunaina, daughters Sita and Urmila were both very learned and wise. According to"Brihat Bishnupurana" Janakpur was a fortified city having four gates.

The historicity of Janakpur is not yet substantiated by archaeology. The Jain and Buddhist literatures such as Mahajanak Jataka, Nimi Jataka, and Mahanarad Jataka and so on have proved that both these religions have deep relationship with Mithila. Some archaeological findings around Janakpur have undoubtedly proved that there existed a very ancient civilization. The discovery of Kushan coin at place known as Pipara and the sculptures of Pala period at Kapileshwar and many other facts can substantiate it. But for many centuries Muslim rulers of Bengal and Bihar controlled the territories of Mithila and as a result slowly it has lost its historical continuity.

In memory of Janaki or Sita on 11th February 1811 by the effort of Mahanta Ramkrishna Das the queen of Tikamgarh (India) Maharani Brishabhanu Kumari Devi built a grand stucco temple which is famous today as Janaki Mandir or temple. To complete the temple it is said that around nine lakes of Indian rupees was spent at that time. Therefore this temple is also famous as Naulakha Mandir. Saint Sur Kishor Das donated the beautiful marble statue of Sita to this temple, which he had found somewhere at Janakpur. Saint Sur Kishor Das not only popularised Janakpur but also did long service in the Janaki temple. His literary works such as"Satyan"and"Mithila Vilas" are very popular among the Vaishanavites.

The beautiful Janaki Mandir is built in mixed Muslim and Rajput architectures. The massive structures of wood, bricks joined by lime mortar and plastered by brick dust and lime. Janaki Mandir is one of the best examples of synchronistic art in Nepal. This temple with numerous domes and gold plated pinnacles has carvings of different birds and animals, and plants and flowers. It has two parts the outer part is called"Sis Mahal" and"Tahakhana" or the inner part has courtyard and temple. There are four towers in the four corners of the temple and several small towers scattered in the structure. The main temple is located at the centre where the ancient idols of Ram and Sita are worshipped. The temple has a small circum ambulation, a big circum ambulation, and sanctum sanatorium or cella. The Sunayana temple located in the south of the main temple is having the idols found inside the Agraja pond. The main entrance of this temple is in the east but the lion door is on the north, where two lion statues are standing in front of the gate. Every day hundreds of pilgrims and on festive occasions like Ram Navami and Vibaha Panchami thousands of devotees visit this temple for worshipping. This is one of the richest temples in the kingdom having thousand of acres of land in its trust as its property. The biggest fair is organised every year in this temple on Baishak Nawami which is also known as Janaki Nawami or the birthday of Sita.

There are many historically and religiously important water ponds in Dhanusa district. There are more than 150 ponds only in Janakpur. There is a saying that Janakpur is the city of ponds. Even today 75 ponds including big and small are in existence but most of them are polluted and in poor condition. Besides some big ponds, most of the small ponds have been filled up and houses have been built on these places. Ganga Sagar, Dhanu Sagar and Aargaja are the main and famous ponds in Janakpur. The origin of Ganga Sagar in Janakpur Mahima has been described as follows. There was a king named Nimi. He had no son. He died craving for a son. Yagyabalkya, Bishwamitra and other saints decided to churn Nimi's dead body, which led to the birth of a baby boy. They named the boy Mithi. Ganga, Jamuna and some other rivers had come there to observe the churning function (or Manthan) and thus Ganga Sagar was formed with the water of the rivers of Ganga and Jamuna. Ghats have been built around the pond. They are beautifully constructed. There is a belief that if one takes bath in the Ganga Sagar


his or her sin will be washed away. That is why almost all pilgrimages visit Janakpur take bath in this pond. There is a crematorium to burn the dead body at the southern part of Ganga Sagar. It is also called Manikararnika Ghat where dead bodies are brought for the final disposal from several far away places. Every year on the Jestha Sukla Dasami a fair is held around Ganga Sagar.

It is believed that there was Shiva Dhanu (bow) in the Dhanu Sagar. Aargaja pond lies at the western side of Janaki temple. There is a legend that daughters of King Janak used to take bath in the pond keeping a curtain there. According to another legend, Ram Chandra had taken bath in the same holy water before his marriage. People believe that the holy water of the pond cure various kinds of skin diseases. Besides this pond, there are many big ponds named as Murali, Bhagarva, Janak Dhruba, Janaki, and Amrita etc. Especially there is a great religious faith towards the Janak pond or Sarovar. It is believed that taking bath in that pond emancipates even the sin of patricide and killing a cow. But today the pond is highly polluted and its condition is very poor. This pond has been in use for fishing and irrigation by the people of nearby lands. Several districts in Tarai like Dhanusa and Janakpur are dominated by Mithila culture. In almost every festivals and religious functions, these ponds are used. Especially on the Kartik Shula Shasthi or Chatha festival people go to the banks of these ponds and rivers and have a look (Darshan) of the sunrise by offering various fruits, flowers and clay pots and elephant made of clay. At early morning before sunrise on the second day of this very popular festival people gather in the same place and offer the holy water of the pond to the sun god with wishing for their well being and prosperous life. In fact, the Chatha festival is one of the main festivals of the people of Tarai region especially of the Mithila people.

The religious importance of Janakpur is multidimensional. Besides Janaki Mandir, Ram Mandir other important religious places are Shree Laxman Mandir, Ganga Sagar, Janak Mandir, Dhanus-chetra-sar, Padprakshan sar, Swarna Mandap, Mahraj Sagar, Ranga Bhumi, Aaragaja Kunda, Vihar Kunda, Gyan Kup or Vidhya Kup, Ratna Sagar, Sankat Mochan, Mani Mandap and so on. Realising the importance of Janakpur the Government of Nepal has established a trust known as Brihat Janakpur Chetra Bikas Samiti (or Greater Janakpur Area Development Council ) for the development of Janakpur specially Janaki Mandir and its periphery. At present this trust is fully responsible for its maintenance, safety and development as a pilgrimage centre.

## Selected Bibliography:


1. Swami Shree Abadkishoredasji Maharaji, Janakpurki Jhaki, (Hindi), Katara, Prayag (India), 1948.
2. Dr. Ram Dayal Rakesh, Maithili Sanskriti, (Nepali), Nepal Rajakiya Pragya Pratisthan, Kathmandu, 2056BS
3. Ram Dayal Rakesh, Cultural History of Nepal Terai, Nirala, New Delhi, 1994.
4. Dr. Chandeshor Shah, Mallakalin Maithili Natak, (Nepali), Nepal Rajkiya Pragya Pratisthan, Kathmnadu, 2055BS
5. Ram Bharos Kapari"Bhramar", Cultural Heritage of Janakpur, Greater Janakpur Area Development Council, Janakpurdham, 2004BS.
6. Birendra Lal Karna, Narayan Prasad Rimal, Janakpurdham ka Math-Mandirharu: Ek Khoj Mulak Adhayan, (Nepali), Vrihatar Janakpur Chetra Vikas Parishad, Janakpurdham, 2065BS



# A Preliminary Report on the Trial Excavations at Bhawanipur, Rupandehi, in 2068/069 B.S. (2012 A.D)

*- Prakash Darnal*

## Geography

Lumbini, located in the Terai region in the southern part of Nepal, was in the 7th and 6th centuries B.C. a beautiful pleasure garden (pradimoksha van) collectively maintained by the Sakyas of Kapilvastu and the Koliyas of Devadaha (or Ramagrama). The Koliyas kingdom, as mentioned in Buddhist literature, was situated towards the east of Kapilvastu and on the bank of the river Rohini. The Kingdom of Kapilvastu and Devadaha were pivotal hubs of trade and commerce between Magadha and Kosala. An ancient highway used to run through Kapilvastu and via Devadaha to the country of Malla. Devdaha is located 35 km north-east of Lumbini and was the home of both the mother and in law's of Prince Siddhartha, who was married to Princess Yashodhara, daughter of King Suprabuddha of Devdaha. The River Rohini formed the ancient eastern border of the Shakya kingdom and the western border of the Koliya kingdom (map no. 1).

## The History of the Koliya Republican State

According to B.C.Law's Geography of Early Buddhism" the Koliyas, one of the republican clans of the time of the Buddha, had two settlements, one at Ramagama and the other at Devadaha. The Sumangalavilasini tells us of the origin of the Koliyas. It is stated that a sage named Rama, an ex king of Banaras who left his kingdom and retired to a forest as he was detested by his wives and relatives, married the eldest of the five daughters of king Okkaka, who had been forsaken by her relatives and forced to live in forest, and built a town in the forest removing a big Kola tree. The city henceforth came to be known as Kolanagara and the descendants of the king came to be known as Koliyas (Law, 1979, 32)".

"The territory of the Koliya State extended from the river Rohini on the west and touched the Moriya country on the northeast. The Kushinara –Malla country was situated to the south and the forests of the Himalayan foothills formed their northern boundary.Apart from the city of Devadaha or Ramagrama,there were some other towns within their state. The name of these towns were Kakkarapattana (Digajanu Sutta or Anguttara Nikaya), Sajjanela (Anguttara Nikaya), Uttara or Uttaraka (Patali Sutta of Samyukta Nikaya), Kundiya (Udanakatha), Sapuga (Anguttara Nikaya) and Halida Vasana (Kukkuravati Sutta of Majjhim Nikaya, Metta Sutta of Samyukta Nikaya and Papanch Sudani). Among the above

mentioned towns, Kakkarapattana can possibly be recognized in the present town of Kkarahawa,on the Indo – Nepalese border about 5 km south of Lumbini. The village called Kalidaha, the ruins named Nipaniya, located 7.3 km to the southwest of Lumbini, and Banjarahi (also to the southwest of Lumbini on the bank of the river Dano) are the remains of ancient towns" (Mishra,1998,19).

The Koliya town where Mayadevi,the mother of Gautam Buddha was born, is mentioned by different names – Koliyanagara, Byaghrapur, Devadaha or Ramagrama. The Koliyas of Devadaha are known as the maternal tribe of Gautam Buddha while the Koliyas of Ramagrama are famous as claimants to the relics of the Awakened One in Kusinara. It is not known that whether they were same or different ethnic groups. Why did the Koliyas of Devadaha did not claim the share of the Buddha's relics in Kusinara ? The Koliyas of Ramagrama may have originally been from the same ethnic group, and indeed these may be two names for the same town. According to the Mahaparinirvana Sutta of Dighanikaya Buddha's relics were claimed by the (a) Bulis of Allakapa (b) Brahmins of Vethpida (c) Lichhavis of Vaisali (d) Koliyas of Ramagrama (e) Sakyas of Kapilvastu (f) Mallas of Pava (g) Mallas of Kusinara and (h) King Ajatsatru of Magadh. These built Stupas over the the relics of the Buddha. It is said that Ashoka erected 84000 stupas and opened seven original stupas, but he could not open the Stupa of Ramagrama,because it was protected by a naga. Fa –hien visited the Ramagrama Stupa after walking five yojanas east from Lumbini, where Gautam Buddha was born. Hiuen –Tsiang came to Ramagrama after walking more than 200 li. east from Lumbini in the 7th century A.D.

The discovery of the pillar of the Mauryan Emperor Ashoka in Lumbini by General Khadaga Samsher Rana and Dr. Alois Fuhrer in A.D. 1896 opened the door to archaeological studies in Nepal. Since then many important Buddhist archaeological sites have been identified and explored. The most important and prominent identified sites are Lumbini (photo no. 1), the birth place of Buddha, Tilaurakot (Kapilvastu), Suddhodhan's capital, where Buddha spent the first 29 princely years of his life (photo no. 2),Niglihawa,the birthplace of Kanakmuni Buddha(photo no. 3), Gotihawa,the birth place of Krakachhandha Buddha(photo no. 4), and Sagrahawa, the site of a massacre of Shakyas (photo no. 5),. P.C. Mukherji was the first archaeologist to identify Lumbini and Kapilvastu in Nepal. He also speculated that the town of Koli (either Devadaha or Byaghrapur) may be located on the Baghela river some 17 miles east of Rummindehi. Dr. Hoey found a well- preserved Stupa in A.D.1898. He identified Bhawanipur as Devadaha in Baghaurtappa in western Nepal but did not mention anything about the identification of Ramagrama Stupa in Deoriya village situated on the bank of the Jharahi River.

S.B.Deo in his DoA report"Archaeological Investigation in the Nepal Tarai 1964" said that" three miles south- east of Parasi was located a huge stupa mound. More than thirty feet in height and nearly seventy feet in diameter, the mound has several courses of well baked bricks exposed. It is a site worth immediate excavation.

Babukrishna Rijal who excavated Kapilvastu and Lumbini firmly believed that the location of the Ramagrama Stupa and Anoma River in or around Tribeni fit the calculation of the distance given by the Chinese pilgrims.

The author of this paper had chance to explore the Kanyamai, Bairimai at Sherbhuke (Devadaha) and Bhawanipur at Kerwani in 2045 B.S.(A.D.1988). There used to be an Avalokiteswor (117*69 cm), (photo no. 6),. a sculpted female figure and carved fragments (altogether 20 pieces) at Kanyamai temple. Now, however,only a few of the heavier items remain; the small ones have disappeared.The Bairimai temple, which is situated 200 m. from Kanyamai , formerly stood

on a mound, but it was later shifted to nearby location for safety's sake. A Lokeswor (48×28 cm) (photo no. 7)and a Mayadevi (55×17 cm) (photo no. 8) are important sculptures of this temple. Bhawanipur is 2 km from Kanyamai. It features the Bhawani secondary school, an old Sal tree and an ancient well, a one storey temple containing, inside, ten stone sculptures (Vishnu,Gajalaximi, Shivaparvati, Surya etc.) and, outside (on the plinth in front of the door) eight sculptures (Ganesh, Shivaparvati, Surya and Vishnu etc). A headless female figure, Devi with a lion, Bhagawati,a stone pillar (not known identified), a Shiva temple with six shivalingas and Ganesh and Kumar sculptures on the south side of the temple.

## Previous Archaeological Activities

### The Ramagrama stupa

After the death of Buddha, his relics were divided into eight parts, of which the Koliya king received one.Stupas were built to house the treasured items. Later Ashoka opened the other seven stupas but could not open the stupa in Ramagrama. The name he used to refer to a nearby town when visiting it is Lanmo. Fa -hian and Huien Tsang later visited this stupa in the 5th and 7th centuries. A.D. They, too, mention Lanmo. The present site,rediscovered by Dr. Hoey in A.D. 1898, fits the description of these two Chinese pilgrims.

A team of geophysicist from Bradford University in the United Kingdom surveyed the site in A.D. 1997 for the first time and found the archaeological subsurface remains around the mound. Sukra Sagar Shrestha of DoA excavated it from A.D 1999 to 2004. The natural level was found at different depths ranging from 2.4 m. to 3.3m from the present relative surface level. The excavation was halted without any Buddhist relics such as those at Piprahawa (India) or any other datable objects having been found, even though the site goes back, according to C14 dating, to the Mouryan period or even earlier. The excavator of that phase is of the opinion that further digs are desirable because of the high probability that this is the Ramagrama Stupa.

During the excavation important information was obtained (fig. no.1) ;

(a) There are four distinct sites of monastic complexes around the stupa.

(b) sufficient archaeological data was found to be able to reconstruct the stupa.

(c) The earliest phase of the stupa is likely deep inside the lowest circular structure.

(d) Any relics are likely located well below the present surface level, namely at least 3 m down.

Shrestha also began a trial excavation at Panditpur, 9 km North -West of the Ramagrama Stupa. The site had earlier been exposed while digging a roadbed. The site is as extensive and as old as Tilaurakot. According to the contour map of it,the mound covered an area of 600×600 m..

This site, too, fits the description of Chinese pilgrims very well. Both pilgrims describe a stupa to the south-east of Lanmo (Ramagrama) but do not mention the distance. Panditpur could be their Lanmo – the Kolanagara or Ramagrama of Buddhist literature and the Chinese pilgrims (Shrestha,2005, d).

### Kanyamai (Devadaha)

Devadaha was the ancient capital of the Koliya kingdom. It was the maternal hometown of queen Mayadevi, Prajapati Gautami and princess Yashodhara. Many potentially rich archaeological sites are located here: Khayardada, Kumarvarti, Kanyamai, Bairimai and Bhawanipur. The Lumbini Development Trust started excavations in Kanyamai with the help of Department of Archaeology in A.D. 2011. Two trenches (10×10 m.) was dug out revealing two temple structures (photo no.9). One trench was extended towards the west. A square stupa (4.50×4.50m) with 24

courses of brick and a well (5m. in diameter) were found. A headless Bhusparsa Buddha in stone (18×22 cm) (photo no. 10), the head of a male (7.5×7.5 cm) (photo no.11), a female deity(11×8 cm) (photo no.12), a Tara (19×12 cm), a terracotta diyo (oil lamp), animal and human figurines,a mask, horses, a tiger, beads, iron nails, potsherds, motif bricks, a semi precious ring, iron dowels, charcoal, bones, a copper ring were the antiquities uncovered. Most of the potsherds were Red Ware spouted pots, but three pieces of Grey Ware were also listed. Natural soil was found after digging 3.20 m down in B square. A stone pedestal dated Samvat 1157)(photo no.13) and bearing an inscription(yeh dharma hetu...) displays strong influences of the Khas Malla culture of western Nepal. The well has yet to be explored down to its foundation. The most important fact is that all the sculptures reported from Kanyamai belong to Buddhist tradition.

### Panditpur

DoA began to excavate Panditapur in A.D. 2012. Senior archaeologist Tara nanda Mishra (former deputy director of DoA),Sukra Sagar Shrestha (former chief archaeology officer, DoA) have been involved in this excavation. Grey Ware pottery, beads, terra-cotta animal and human figurines, Kusan- period terra-cotta masks, miniature pots and a Sunga period terra-cotta ring well are some of the interesting artifacts reported so far from this excavation. Panditpur is the most potentially rich archaeological site in the area.

### PDR I

A first trench was excavated at the site to a depth of 3.10 m. The terra-cotta ring well (22×66cm) was discoveredin it (photo no.14). In addition, Northern Black Polished Ware and Painted Grey Ware potsherds and a piece of a bone arrowhead were also found.

### PDR II

A second trench contained many pottery items. The most important discoveries from this trench were a Neolithic celt, a terra-cotta animal figurine and Painted Grey Ware (photo no.15) and Red Ware potsherds. The trench was dug 2.75 m in depth.

### PDR III

A third trench was more interesting, in that it contained deposits ranging from the Painted Grey Ware period to the Muslim period (photo no.16). Digging beyond 3.16 m was prevented owing to water.Glass bangles, a hearth, charcoal, four terra-cotta Kusan human figurines (photo no.17), two miniature pots, chalcedony, agate, chert pieces of semi precious stone, and Northern Black Polished Ware, and Grey Ware potsherds came to light.

### Excavation at Bhawanipur

S.B.Deo in A.D I962 identified Bhawanipur, located in present –day Baghortappa, as Devdaha. People believe that it is the birthplace of Mayadevi. There is a Mayadevi temple in,Bhawanipur,Kerwani Village Development Committee ward no 7(Rupendehi District). A stone pillar, a brick wall structure above the surface, stone sculptures, Shiva Lingas and a brick well define it as a potentially rich archaeological site. The Department of Archaeology initiated to excavations at this site in A.D. 2012 in response to untiring efforts on the part of locals. During the three week excavation, much interesting information was gathered.

### BPR 1

A first trench (10×6 m.) was dug to expose a wall running east to west (photo no.18). Four different structures emerged : a. an outer wall (5.70 m long, 1.26 m. wide, 0.50 cm high), b. a partition (5.20 m long, 1.3 m wide, 0.40 cm high) and floor

with rammed brickbats c. the foundation of a temple (1.39 m long, 0.47cm wide, 0.94 cm high), d. and an unidentified structure in north -west corner (1.20 m long, 0.21 m wide,.0.74 cm high). Antiquities such as a terra-cotta broken animal figurines, terra-cotta ritual horses, motif bricks, iron nails and a broken stone sculpture (19×15cm) were also found. Most of the potsherds were Red Ware. The trench was dug down to a depth of 2.45 m on the south -west side. Different sizes of bricks were discovered, the largest being 29.5×20×5cm.

**BPR 11**

A second trench (5×3m) was dug 20 m west of BPR 1 so as to lay bare the stone pillar. After a depth of 2.04 m was reached, the pillar could be identified as a Shivalinga. The stone was red sand stone. Its height was 1.24 m and breadth 38cm (photo no.19). Two terra-cotta bulls (18× 19 & 17×14cm) (photo no.20), a stone sculpture of a headless female (26×12cm) (photo no.21), a headless stone Mayadevi (?) (11×8cm) (photo no.22) and a stone Ganesh (24×30cm) (photo no.23) along with iron nails, and potsherds were the important finds of this trench.

**BPR 111**

A third trench was dug 60 m north of BPR 11. in search of archaeological remains. It was excavated down to 2.70 m. The finds were very interesting : terra-cotta miniature pots, a hopscotch design, terra-cotta broken beads,an animal figurine, a Mayadevi (?)(photo no.24), charcoal, bones, horns, iron nails, wattle & daub (photo no.25) and a posthole (9cm in diameter). Most of the potsherds were Red Ware but a cord impression, a spouted pot and a black-slipped potsherd were interesting exceptions.

**BPR 1V**

A fourth trench was dug within 20m south of BPR 111 down to 2.49 m. Such antiquities as terra-cotta dabber (9.5 long & 8 cm in diameter) (photo no.26), an animal figure, a broken iron dagger, iron nails, bones and charcoal were collected. Red Ware potsherds were in the majority among the pottery. Wattle & daub and post holes were also found from this trench (photo no.27).

## Conclusion


These sites were selected for trial excavation after a long gap (nearly a hundred years) of no activity. The Lumbini Development Trust initiated trial excavation at Kanyamai in A.D.2011 for one month. It further excavated in A.D. 2012 A.D. for three months and undertook conservation work on the structures. The Department of Archaeology also started trial excavations in Bhawanipur and Panditpur in A.D. 2012, including three weeks of field training for up and coming archaeologists. The finds are encouraging..The sites seems very prominent, containing as they do extensive remains of urban habitation. The Department of Archaeology will serioulsy consider carrying on these excavations in future.

In sum, then, the outcome of recent excavations carried in the sacred area of Lumbini by Unesco and the Lumbini Development Trust have yielded ample cultural deposits belonging to the 6th and 5th centuries B.C. (pre Mauryan brick). Likewise, the excavation report of Gotihawa and Pipri published by IsIAO, Rome, notes evidence of chalcolithic period of Narhan culture (1300 B.C. - 800 B.C.) in Gotihawa, Kapilvastu. This clears up all earlier doubt about the age of Kapilvastu.

## References;


- Babu Krishna Rijal - 1996 - 100 years of Archaeological Research in Lumbini, Kapilvastu & Devadaha – Kathmandu.
- Bimala Churn Law - 1979 - Geography of Early Buddhism – New Delhi.
- Excavation at Ramagrama - 2005 - Department of Archaeology, Kathmandu, Nepal-

- Giovanni Verardi - 2007 – Excavations at Gotihawa and Pipri Kapilvastu District Nepal – Rome.
- S.B.Deo - 1968 - Archaeological Investigation in the Nepal Tarai 1964 – Kathmandu.
- Tara Nanda Mishra - 1998 - The origin and development of Buddhism in the Terai – Buddhist collection of the National Museum of Nepal - Kathmandu.


(Map no. 1) Map of Kapilvastu, Lumbini, Devadaha and Ramgram




Figure no.1, Drawing of Ramgram excavation




Photo no. 1, Lumbini



Photo no.2, Western gate of Tilaurakot




Photo no.3, Pillar of Niglihawa



Photo no.4, Pillar of Gotihawa



Photo no.5, Sagrahawa



Photo no.6, Avalokitesor



Photo no.7, Lokeswor



Photo no.8, Mayadevi




Photo no. 9, Structure of Kanyamai



Photo no.10, Bhusparsa Buddha from Kanyamai



Photo no.11, Head of male from Kanyamai




Photo no.12, Female Deity from Kanyamai




Photo no.13, Pedestal of samvat 1157




Photo no. 14, TC ring well, PDR-I




Photo no. 15, Painted Greyware,PDR-II




Photo no. 16, Trench of PDR-III




Photo no. 17, Kushan Terracotta figure, PDR-III




Photo no. 18, Trench of BPR-1




Photo no.19, Trench of BPR-II


Photo no. 20, Terracotta Bull from BPR-II


Photo no. 21, Stone Female Sculpture, BPR-II


Photo no. 22, Stone Mayadevi (?),BPR-II


Photo no. 23, Stone Ganesh,BPR-II



Photo no. 24, Terracotta Mayadevi (?),BPR-III



Photo no. 25, Wattle & Daub, BPR-III



Photo no. 26, Terracotta Dabber from BPR-IV



Photo no. 27, Posthole, BPR-IV

# लुम्बिनीस्थित तेलार (River of oil) नदीको पहिचान

- विमलकुमार शर्मा


## सार-संक्षेप

चिनियाँ यात्रु युआन च्वाङ (ह्वेन साङ्ग) ले[1] लुम्बिनीमा बुद्धको जन्म घटनासँग जोडेर उल्लेख गरेका तेलार नदीको पहिचान डा. फुहररले सन् १८९६ मा गरेका हुन् (नक्सा १)। डा. फुहररपछि, पि.सी. मुकर्जी, देवला मित्र, तारानन्द मिश्र, बाबुकृष्ण रिजाल, कोषप्रसाद आर्चाय, वसन्त विडारी, सातोरु ओएसाकालगायत पछि लुम्बिनी र वरपर पुरातात्विक उत्खनन् अन्वेषण गर्ने विद्वान्ले तेलारका सबन्धमा फुहररलाई नै पछ्याए। लुम्बिनी र वरपर घुमी आफ्ना धारणा अभिव्यक्त गर्ने खड्ग शमशेर, भी.ए. स्मिथ, वाडेल, राधा कुमुद मुकर्जी, एस.बी.देव आदि विद्वान्ले समेत फुहररको पहिचान स्वीकार गर्दा लुम्बिनी संरक्षण कार्यमा त्रुटि हुन गएको छ। सोही कारणले लुम्बिनी गुरुयोजना पनि चुक्न गएको छ। प्रस्तुत अध्ययनमा तेलारको पहिचान, त्यसबाट संरक्षण कार्यमा परेको बाधाबारे चर्चा गरिएको छ।


## अध्ययनको विधि

प्रस्तुत शोधमा बुद्धको जन्मसँग जोडिएका बौद्ध साहित्यको अध्ययन विश्लेषण, चिनियाँ यात्रुहरूको यात्रा विवरण एवं लुम्बिनी क्षेत्रमा काम गरेका पुरातत्वविद्, इतिहासकारहरूको पुस्तक, लेख, रचनाको अध्ययन विश्लेषण एवं सोको प्रयोग गरिएको छ। तेलार खोजीबारे गरिएका अध्ययन अन्वेषण प्रतिवेदनहरू एवं लुम्बिनी विकासका लागि केन्जोटाँगेले तयार पारेको गुरुयोजनाको अध्ययन, विश्लेषण तथा स्थलगत अध्ययन गरेर वास्तविक तेलारको पहिचान गरिनेछ।

## उद्देश्य :

गुरुयोजनालाई समयमै सच्याई संरक्षण कार्यलाई गति दिन वास्तविक तेलारको पहिचान गर्ने।

## अध्ययनको सीमा :

अध्ययन तेलार नदीको पहिचान तथा संरक्षण कार्यमा परेको बाधामा मात्र सीमित रहनेछ।

## तेलारको इतिहास

लुम्बिनीमा बुद्धजन्म स्थलनजिकै तेलार नदी बनेको विवरण त्रिपिटक एवं पाली, सिंहली स्रोतमा उल्लेख नभए पनि तातो चीसो पानीको जलधारा वा आफैं पानी निस्केको कुरा चाहीं पछि तयार भएका धेरै जसो स्रोतमा उल्लेख भएका छन्। बुद्ध जन्मको कथा बयान गरिएको नालका सूत्रमा [2]नालका ऋषिले शाक्यहरूको देश लुम्बिनीमा बुद्ध जन्मेको जानकारी पाएको बयान छ। विभिन्न जातक निदान कथाहरूमा बुद्ध कहाँ, कसको गर्भमा र कुन कुलमा जन्मिने बयान गरिएको छ। जलधारा र खोलाबारे पिटकहरूमा मात्र नभई सिंहली महावंश तथा अशोकवदानमा पनि चर्चा गरिएको छैन। यससम्बन्धी थप चर्चा आवश्यक प्रशङ्गमा पुनः गरिनेछ। सन् ४१४/१५ सम्म यात्रामा रहेका फा स्यान (फा हियान) को [3]लुम्बिनी बयानमा समेत तेल भएको खोलाको बयान छैन। उनी भन्छन् -*Fifty li to the east of the city is the royal garden, called Lumbini; it was here the qeen entered the bath to wash herself, and having come out on the northern side, advanced twenty paces, and then holding a branch of the (sala) tree in her*

---

१ फाहियान र ह्वेन साङ्गलाई लेखक अनुवादकहरूले बेग्ला बेग्लै नाम लेख्ने गरेका छन्। प्रस्तुत सोधमा उनीहरूलाई क्रमश फा स्यान र युआन च्वाङ प्रयोग गरिएको छ।

२ सुत्त पिटक, सुत्त निपात ३.११।

३ स्यामुअल वेल, ट्राभल्स अफ फा-हियान याण्ड सुंग-युन, न्यु देलहीः रुपा याण्ड को. ,सन् २००३, पृ.८७ र ८८।

*hand, brought forth the prince. When born he walked seven steps; two dragon kings washed the prince's body, -the places where this occurred was afterwards converted into a well, from which the prist draw their drinking water.*

फा स्यानको भनाइबाट 'शहरभन्दा पचास ली पूर्व लुम्बिनी भनिने राजकीय बगैंचा छ । यही रानीले आफूलाई स्वच्छ बनाउन नुहाइन्' । उनको भनाइमा 'बुद्ध जन्मेका स्थल (हाल मार्कर स्टोन भएको ठाउँ) भन्दा २० डेग उत्तरतिर मायादेवीले नुहाइन्' भन्ने प्रष्ट छ । 'बालक बुद्धलाई नुहाइदिएको ठाउँमा पछि कुवा बन्यो र भिक्षुहरूले त्यसकै पानी खान थाले' भन्ने पनि प्रष्ट भएकाले नदी वा तेलीय पानीको चर्चा उनको यात्रा विवरणमा पाइँदैन । फा स्यानको बयानमा दुई कुवा बने भन्ने चर्चा पनि छैन । तर, धेरै स्रोतमा बयान भएको तातो र चीसो पानीको दुई कुवालाई पछि संरक्षण गरिएको र हाल ती दुवै कुवा पवित्र कुण्डबीच परेका छन् ।

डब्लू. उडभिले रकहिल [४]तिब्बत्ती स्रोतहरू (मुख्य रूपमा दुल्व) (Bkah hgyur and Bstan hgyur) केलाई लेख्छन्- *In accordance with what happens at the birth of every Buddha, there fell on his head a stream of cold water and one of warm, which washed him, and at the spot where he had been born there appeared a spring in which his mother bathed.*

रकहिलको भनाइबाट 'अन्य बुद्ध जस्तै तातो र चीसो पानीको झरनाले बुद्धलाई नुहायो तथा उनी जहाँ जन्मे त्यहाँ आफैं पानी निस्कियो र उनकी आमाले त्यसमै नुहाइन्' भन्ने बुझिन्छ । यो भनाइले त्यहाँ तेल भएको खोला बन्यो नभने पनि (spring) पानीको मुहान आयो भन्ने बुझिन्छ । त्यस्तै मायादेवीले बच्चा जन्माइसकेपछि नुहाएको बुझाउँछ । बयानमा भनिएका, उनी जहाँ जन्मे त्यहाँ मुहान खुल्यो भन्ने कुरा सो स्थलमा पादचिह्न आदि निर्माण भएको संरचना एवं बनौटसँग मेल खाँदैन । रकहिलले गरेका बयान अन्य स्रोतमा गरिएका बयानभन्दा केही फरक देखिन्छ । बयान भने जन्मस्थल (बुद्धको) नजिकसँग सम्बन्धित छ ।

पहिलो शताब्दीतिर रचिएको अनुमान गरिएको बुद्धचरितमा बुद्धको जन्मेका बेला निस्केको जलधारा एवं खोलाको बयानमा 'उनी जन्मेपछि सात पाइला हिँडे र....संसारमा यो मेरो अन्तिम जन्म हो' भने । त्यसपछिको बयानमा-

खात्प्रसुते चन्द्रमरीचिशुभ्रे द्वे वारिधारे शिशिरोष्णावीर्ये ।
शरीरसंस्पर्शसुखान्तराय निपेततुर्मूर्धनि तस्य सौम्ये ॥१६॥
बुद्धचरित १:१६

अर्थात् 'चन्द्रमाको किरण झैं दुई जलधारा, एउटा शीतल अर्को तातो आकाशबाट निस्कियो र शरीर स्पर्श गरी सुख दिन उनको सौम्य टाउकोमा झऱ्यो' भनिएको छ । [५]यहाँ बयान गरिएको जलधारा भूमिबाट नभई आकाशबाट झरेको देखिन्छ । बुद्धचरितमै[६] खोला/कुवा बनेको सम्बन्धमा भने प्रष्ट बयान निम्नअनुसार गरिएको छ-

प्रागुत्तरे चावसथप्रदेशे कूपः स्वयं प्रादुरभूत्सिताम्बुः ।
अन्तः पुराण्यागतविस्मयानि यस्मिन् क्रियास्तीर्थ इव प्रचक्रुः ॥२३॥
बुद्ध चरित्रः १:२३

अर्थात् 'बसेको ठाउँको उत्तरपूर्व दिशामा निर्मल पानी भएको कुवा आफैं प्रकट भयो । यसलाई तीर्थ जस्तो ठानी अन्तः पुरमा बस्ने स्त्रीहरू आश्चर्य भएर आफ्ना सबै कर्म गर्न थाले' भनिएको छ । यो बयानले बुद्ध जन्म स्थलनजिकै नभई बसोबास स्थलभन्दा केही पर उत्तरपूर्व दिशामा कुवा बनेको बुझिन्छ । यसबाट समेत खोला बनेको तथा तेलीय पानीको स्रोत खुल्दैन ।

बुद्ध चरितका अर्का अनुवादक ई.बी. कवेलले[७]आवास भूमिलाई अझ प्रष्ट्याउने गरी सोही दुई पदको निम्नअनुसार अनुवाद गरेका छन्-

*'In the north eastern part of the dwelling a well of pure water appeared of its own accord, wherein the inhabitants of the gynaeceum, filled with wonder, performed their rites as in a sacred bathing-place'.*

*The Buddha - karita-1:42*

कवेलले *'In The North eastern part of dwelling'* अर्थात् 'बसेको ठाउँभन्दा उत्तरपूर्व दिशा', चौधरीले 'आवास भूमिको उत्तरपूर्व दिशामा' तथा भट्टराईले पनि 'बसेको ठाउँको उत्तरपूर्व दिशामा' अनुवाद गरेबाट मायादेवीको टोली कपिलवस्तुबाट आएर लुम्बिनी पुग्नुपहिला जहाँ बसे त्यो ठाउँभन्दा उत्तरपूर्वमा कुवा बन्यो भन्ने बुझिन्छ । अश्वघोषले काव्यमा कुवा बन्यो भने पनि पानीमा तेल भएको अनि खोलो बनेको कुरा गरेका छैनन् ।

अश्वघोषको बुद्ध चरितको [८]संस्कृतको पूर्ण पाठ अप्राप्य भएकाले हराएका सर्गहरू सन् १८३० मा अमृतानन्दले

४ डब्लू. उडभिले रकहिल, द लाइफ अफ द बुद्ध एण्ड द अर्ली हिस्ट्री अफ हिज अर्डर, वाराणसीः पिलग्रिम्स पब्लिसिङ, सन् २००४, पृ.१६ ।

५ बुद्ध चरित (अनु.सूर्यनारायण चौधरी), पूर्णिया, विहार :संस्कृत भवन, कठोतिया, सन् १८५५, पृ. ४ ।

६ वुद्धचरित्र (अनुः विश्वनाथ शर्मा भट्टराई), काठमाडौः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं, २०२५ पृ. ५ ।

७ (द बुद्ध चरित) (अनु.ई.बी.कँवेल), अक्सफोर्डः क्लारिन्डन प्रेस, सन् १८८४, पृ.८ ।

८ ८ एजन पृ. IX-XII; बी. एज. हडसन, एसेज अन द ल्याङ्वेज, लिट्रेचर एण्ड रिलिजन अफ नेपाल एण्ड तिबेत, वाराणसीः भरत भारती, सन् १९७१ पृ. १३५/१३७ ।

थपेका हुन् । चौधरी, भट्टराई र कवेलले पनि आफ्नो अनुवादमा केही थपथाप गरेको स्वीकारेका छन्[९] । शोधमा विभिन्न अनुवाद प्रयोग गरिएको छ । मूल संस्कृतबाटै तिब्बती तथा चिनियाँमा भएका अनुवादमा पनि केही फरक भएको कुरा विद्वान्हरूले उल्लेख गरेका छन् । प्रस्तुत शोधमा आवश्यक भएको सर्ग संख्या अनुवादकै पिच्छे फरक देखिए पनि सबै अनुवादको अर्थ एउटै भएकाले 'बसेको ठाउँको उत्तरपूर्व...' मूल ग्रन्थकै अंश बुझिन्छ ।

आर.स्पिन्स हार्डीका अनुसार [१०]-*without any pain whatever and entirely free from all that is unclean, Bodhisat was born...Though the infant was perfectly free from every impurity, yet to render him and his mother still further clean, two stream of water were sent by the dewas, like pillar of silver, which, after performing that which was required, immediately disappeared.* भन्ने रहेको छ ।

सन् १८५२/५३ मा प्रकाशित हार्डीको म्यानुअल सिंहली, वर्मी तथा त्यसबेला उपलब्ध केही संस्कृत ग्रन्थलाई आधार बनाई लेखिएको हो । अरूको भन्दा केही अलग उनको भनाइबाट 'बोधिसत तथा आमा सफा (स्वच्छ) भए पनि अझ सफा पार्न देवताहरूले दुई जलधारा पठाए, काम सकिएपछि ती विलप भए' भन्ने रहेको छ । पहिला बयान गरिएको सिंहली- वर्मी आख्यानसँग हार्डीको भनाइ दुरुस्त नमिले पनि धेरै नजिक भने छन् । यहाँ पनि खोलो बनेको कुरा परेको छैन । त्यस्तै चिनियाँ यात्रु सुई चिङ्ग चु (shui ching-chu) लेख्छन्- [११]*'when the prince was born the kings of the Nagas came to the prince and, the one to the left and the other to the right, squirted water and bathed the prince. The one Naga was seen to squirt cold water and the other warm water; this water produced two pools. Even nowadays the one is cold and the other is warm'*

सन् २२० देखि २६५ बीच भारत भ्रमणमा आएका सुई चिङ्ग चुको भनाइमा 'राजकुमार जन्मेपछि नागहरूका राजा आए र एउटाले दाहिने र अर्कोले देब्रेतिरबाट पानी छर्के । एउटा नागले चीसो र अर्कोले तातो दुई जलधाराले बुद्धलाई नुहाए । अझै पनि एउटा तातो र अर्को चीसो कुवा छँदैछ' भन्ने देखिन्छ' । युआन च्वाङ्गभन्दा पहिलाका सबै यात्रा वृतान्तमा तथा सिंहली एवं वर्मीबाट गरिएको बयानहरूमा बुद्धको जन्म भएपछि आकाशबाट झरेको वा पृथ्वीतलबाटै निस्केको तातो र चीसो जलधाराले नुहाएको चर्चा गरिएको छ ।

अश्वघोषले बासस्थलभन्दा उत्तरपश्चिममा कुवा बन्यो भनेका छन् भने युआन च्वाङले वुद्धजन्मस्थल नजिकको बयान गर्दा तेल भएको खोलाको बयान गरिएको छ ।

फुहररले फा स्यान [११]र युआन च्वाङका यात्रा वृतान्त तथा अन्य धेरै पुस्तकबाट लुम्बिनी तथा बुद्ध जन्मसम्बन्धी बयान उद्धृत गरेका छन् । बुद्धको जन्मकथा बयानका क्रममा एक ठाउँमा फुहररले भनेका छन्-

*'Notwithstanding this, for the sake of honouring the Future Buddha and his mother, there came two stream of water from the sky, and refreshed the Bobhisattva and his mother.'*

अर्थात् 'आकाशबाट दुई जलधारा आई बुद्ध र आमालाई स्वच्छ बनायो ।

[१२]फुहररले सोही पुस्तकको पछिल्ला पानामा उद्धृत गरेको युआन च्वाङ्गको लुम्बिनी वर्णन यस्तो छ-

'By the side of these stupas and not far form them is a great stone pillar (plate I, No. 24), on the top of which is the figure of a horse, which was built by Asoka-raja. Afterwards, by the contrivance of a wicked dragon, it was broken off in the middle and fell to the ground. By the side of it is a little river which flows to the south-east. The people of the place call it *the river of oil*. This is the stream which the Devas caused to appear as a pure and glistening pool for the queen, when she brought forth her child, to wash and purify herself in, now it is changed and become a river, the stream of which is still unctuous.'

यहाँ प्रष्ट रूपमा '...स्तूपहरूको छेउमा, पर होइन, एउटा ठूलो शीलास्तम्भ छ, जसको माथि राजा अशोकले बनाएको घोडाको मूर्ति छ । ...'अशोकस्तम्भको छेउबाट एउटा सानो खोलो दक्षिणपूर्व बग्छ । स्थानीयहरू यसलाई तेलार (River of oil) भन्दछन् । तेलले नुहाउन देवताहरूले निर्माण गरिदिएका, बच्चा जन्माइसकेपछि...अब यो खोला बनिसकेको छ । तापनि पानी अझै अत्यन्त चिल्लो ...' भनिएको छ । युआन च्वाङ्गको लुम्बिनी वर्णन वेल र वार्टसको अनुवाद करिब-करिब मिल्छन् । युआन च्वाङ्गको भनाइमा पहिला कुवा बन्यो अनि खोला बन्यो । अश्वघोषको कुवा र युआन च्वाङ्गको कुवा र

---

९ चौधरी, पूर्ववत् पृ. १-१२, भट्टराई, पूर्ववत्, पृ.१-९स कवेल, पूर्ववत्, पृ. IX-XII ।
१० आर.स्पिन्स हार्डी, अ म्यानुअल अफ बुद्धिज्म, पृ १४५ ।
११ यल.पेटेक, नदर्न इन्डिया एकार्डीङ टु द सुइ चिङ चु, रोमः इस्टिच्युटो पोलिग्राफिको डेलो साटो, सन् १८९०, पृ.३६ ।
१२ ए.फुहरर, एन्टिक्विटिज अफ द बुद्धाज वर्थ प्लेस इन द नेप्लिज तराई, वाराणसीः इन्डोलोजिकल बुक हाउस, सन् १९७२, पृ.५ ।
१३ एजन पृ. २७ ।

खोला एकै देखिन्छन्, दक्षिणपूर्व बग्ने । वर्तमान, फुहररको, तेलार दक्षिणपूर्व बग्दैन । न त युआन च्वाङले भने जस्तो अशोकस्तम्भ छेउमै छ ।

यहाँ लुम्बिनीको वर्तमान अवस्थाबारे संक्षेपमा चर्चा गर्नु सान्दर्भिक हुनेछ ।

## लुम्बिनीको वर्तमान अवस्था

लुम्बिनी उपवनमा सिद्धार्थ गौतमको जन्म भयो । उनले बोधी ज्ञान प्राप्त गरेर जन्मस्थल लुम्बिनीलगायत चार सम्वेजनीय स्थलको महत्व बताएपछि लुम्बिनी बौद्ध तीर्थस्थल बन्दै गयो । लुम्बिनीले समयको अन्तरालमा धेरै आरोह अवरोह देख्यो । सन् १८९६ मा ज. खड्ग शमशेर तथा डा.ए फुहररले लुम्बिनी पत्ता लगाए । त्यस बेलादेखि लुम्बिनीको आधुनिक निर्माण सुरु भयो ।

लुम्बिनीको पहिचान हुनुभन्दा पहिला खण्डहर बेनेको मायादेवी मन्दिरको ढिस्कोमाथि एउटा मन्दिर निर्माणाधीन थियो । फुहरर र खड्ग शमशेरले पहिचान गर्ने बेला अशोकस्तभ वरपर मात्र नभई स्तूप आदि अनेक स्थल उत्खनन् र अन्वेषण गरे । त्यस बेला लुम्बिनीको मुख्य पुरातात्विक स्थलको आकार, प्रकार र मुख्य संरचनामा केही फेरबदल भयो । लगत्तै पी.सी. मुकर्जीले पुनः उत्खनन् र अन्वेषण गरे । करिब तीस वर्षपछि केशर शमशेरले ठूलै संरक्षण कार्य गरे । संरक्षण कार्य गर्दा निस्केको माटो, इँटका टुक्राटुक्रीलाई राख्न बनाइएको स्तूप आकारको दुई ढिस्को अशोक स्तम्भभन्दा उत्तरपूर्व तथा दक्षिणपश्चिममा बनाइए । केशर शमशेरको कामले एकपटक पुनः प्राचिन आधारहरू भत्के । पछि काम गर्ने पुरातत्वविद्हरू देवला मित्र, तारानन्द मिश्र, बाबुकृष्ण रिजाल आदिले केशर शमशेर जस्तो वर्षौंदेखि जम्मा भएका फाल्तु माटोको काम गर्नु परेन । केशर शमशेर अघि र पछि भएका पुरातात्विक एवं संरचनागत नोक्सानहरू बेग्लै अध्ययनको विषय हो ।

राजा महेन्द्रका पालामा अशोकस्तम्भ र मायादेवी मन्दिरबाहेकका स्थलमा अतिथिगृह आदि निर्माण गरिए । यसैबीच सन् १९६७ मा संयुक्त राष्ट्र संघ (संरासं) का महासचिव उ थान्त लुम्बिनी पुगेपछि व्यवस्थित विकास गर्न गुरुयोजना तयार गर्ने र सोहीबमोजिम लुम्बिनी क्षेत्रको विकास गर्न तत्कालीन नेपाल सरकार र संयुक्त राष्ट्रसंघ सहमत भए ।

## गुरुयोजना :

संरासंका महासचिव उ थान्तको लुम्बिनी भ्रमणले लुम्बिनीलाई आजको अवस्थामा ल्याइपुऱ्यायो । उ थान्त लुम्बिनी पुग्दा केशर शमशेरले बनाएका केही संरचना तथा राजा महेन्द्रले सुरु गरेका केही काम मात्र हुँदै थिए । उनले लुम्बिनीलाई पुरानै वैभवमा पुऱ्याउन नेपाल सरकारसँग सहकार्य गर्ने चाहना व्यक्त गरे । नेपाल सरकारको लिखित अनुरोधमा संरासंले लुम्बिनी विकास गर्ने सहमति जनायो । सन् १९७० मा नेपालमा लुम्बिनी समिति बन्यो । सन् १९७१ मा जापानका प्रसिद्ध वास्तुकलाविद् केन्जो टाँगेलाई लुम्बिनी विकास गर्ने गुरुयोजना बनाउने काम जिम्मा लगाइयो[१४]। टाँगेले सन् १९७८ मा तयार पारेको गुरुयोजनाअनुसार पहिलो चरणको पूर्वाधार निर्माण गर्ने काम १९८० मा, दोस्रो चरणमा क्षेत्रभित्रको विकास निर्माण कामलाई अन्तिम चरणमा लैजाने तथा त्यसपछि चरणबद्ध चलिरहने कामलाई अगाडि बढाउने रहेको छ[१५] ।

गुरुयोजनाअनुसार ७७० हेक्टर (११५० विघा) जमिनलाई तीन भागमा विभक्त गरिएको छ । पवित्र उद्यानक्षेत्रः पादचिह्न (गुरुयोजना बनाउने बेला बुद्धको पादचिह्न पुरातात्विक स्थलमा रहेको थाहा थिएन), अशोकस्तम्भ, मायादेवी मन्दिर, पुष्करणी तथा अनेक पुरातात्विक संरचनाहरू भएको क्षेत्र हो । गुरुयोजनाले पवित्र उद्यानक्षेत्रलाई केन्द्रबिन्दु बनाएको छ । पुरातात्विक स्थलको पहिचान यथावत् राख्न यो उद्यान क्षेत्रमा रहेका आधुनिक संरचनाहरूलाई हटाउने वा अन्यत्र सार्ने योजनाअनुसार काम अघि बढ्दैछ । जमिनको सतहभन्दा मुनितिर रहेको पुरातात्विक संरचनालाई जोगाउन टाँगेले अत्यन्त सुन्दर र भरपर्दो योजना बनाएका छन् । लुम्बिनी समुद्री सतहभन्दा करिब ९५-१०२ मिटर उचाइमा रहेको तथा पूरै क्षेत्र डुबानमा पर्ने भएकाले गुरुयोजना क्षेत्र बाहिरको पानी बाहिरैबाट तथा भित्र जम्मा हुने पानीलाई पुरातात्विक स्थलमा जम्मा हुन नदिन गोलाकार बाँध बनाई नियन्त्रित किसिमले बाँध बाहिर लैजाने व्यवस्था गरेका छन् । गोलाकार बाँधभित्र पनि पुरातात्विक संरचना यथावत् राखी पोखरी बनाउने योजना राखेका छन् । पोखरीको पानीको सतह पुरातात्विक संरचनाभन्दा तल राखिएकाले इँटहरूमा चुन आउने तथा सदैव ओसिने समस्या नहुने विश्वास गरिएको छ । लुम्बिनी क्षेत्रमा रहेका सानाठूला नदीहरूलाई पनि नियन्त्रित गर्ने डिजाइन बनाइएको छ । गुरुयोजनाले पवित्र उद्यानक्षेत्र जस्तै- १x१ माइलको अन्तर्राष्ट्रिय विहार क्षेत्र तथा १x१ माइलकै नयाँ लुम्बिनी ग्रामको परिकल्पना गरेको छ । यी दुवै क्षेत्रमा समेत अत्यन्त आकर्षक, पूरै क्षेत्रलाई आवश्यक पर्ने करिब सबैजसो पूर्वाधार निर्माणको डिजाइन छ । गरुयोजनाअनुसार पवित्र उद्यान क्षेत्रमा भएका कामले तेलार खोज्न झनै कठिन भएको छ । त्यसो हुँदा बुद्ध जन्म स्थलनजिक रहेका खोलाको अवस्थिति र स्वरूपबाट पहिचानको प्रयास गरिनेछ ।

१४ केन्जो टागे याण्ड उर्टेक, अ फाइनल आउट लाइन डिजाइन फर लुम्बिनी, जुलाई १९७२,पृ.१ ।
१५ केन्जो टागे याण्ड उर्टेक, मास्टर प्लान फर द डेभलयमेन्ट अफ लुम्बिनी फेज ॥, काढमाडौः लुम्बिनी डेभलपमेन्ट कमिटि,सन १९७८,पृ १-९ ।

लुम्बिनी क्षेत्रमा सानाठूला चारवटा नदी छन् । (नक्सा २ र ३)

१. तेलार : यो खोलाको उद्‌गम गुरुयोजना क्षेत्रभन्दा उत्तरपूर्वमा छ । खोला उत्तरपूर्वबाट थोरै पश्चिम दक्षिण बग्दै मूल पुरातात्विक संरचनाभन्दा झण्डै १०० मिटर पूर्वबाट थोरै दक्षिणपूर्व अनि पूरै दक्षिणतर्फ लाग्छ । तेलार लुम्बिनी क्षेत्रको सबैभन्दा लामो र ठूलो खोला हो । क्षेत्रका अन्य तीनवटै खोला पनि यसमै मिल्छन् र यसै खोलाबाट पानीको निकास हुन्छ । यसमा बग्ने धेरै पानीलाई ठूलो कुलो बनाई क्षेत्रबाहिर झार्ने योजना रहेको छ ।

२. हरहवा : करिब-करिब उत्तरबाट दक्षिण झर्ने खोलाको बहाव भने दक्षिणपूर्व रहेको छ । यो क्षेत्रको दोस्रो ठूलो खोला हो । हरहवा सोझै झर्दा मुख्य पुरातात्विक स्थलमा ठोक्किन पुग्छ । यसलाई नियन्त्रित गर्न स्लुइस गेट राखी नियन्त्रित गरिएको छ । तेलार जस्तै यसमा पनि बाह्रै महिना धेरथोर पानी बग्छ । मुख्य पुरातात्विक स्थलभन्दा पूर्वउत्तरमा हरहवा तेलारमा मिल्छ ।

३. धोरहा (धोरहवा) : लम्बाई कम भएको र कम पानी बग्ने सुख्खा खोला हो । वर्षायाममा भने छेउछाउको पानी यसै खोलाबाट निकास हुन्छ । स्थानीय चलनचल्तीको भाषामा धोरहालाई धोरहवा पनि भनिन्छ । टाँगेले गुरुयोजना निर्माण गर्ने क्रममै पुरातात्विक स्थललाई बढी नोक्सान पुऱ्याउन सक्ने सम्भावना भएको धोराहालाई सर्कुलर लेभी बाहिरबाटै फर्काएर पुनः तेलारमै झारिएको छ[१६] । (नक्सा-४)

४. नदिया : तेलार र हरहवाबीच वर्तमान पूर्वी विहार क्षेत्रमा जम्मा हुने पानी निकास गर्ने सानो खोल्सो हो । यो खोल्सो मायादेवी मन्दिर क्षेत्रभन्दा सय मिटर उत्तरपूर्वमा ठूलो खोलामा मिल्छ ।

माथि बयान गरिएका चार खोलामध्ये युआन च्वाङ्गले बयान गरेका तेलारको पहिचान-

मायादेवी तथा दरवारिया र धाईसुसारे कपिलवस्तुबाट लुम्बिनी जाँदा स्वाभाविक रूपले लुम्बिनी परिसरभन्दा केही पश्चिममै उनीहरूको अस्थायी बासस्थल बनाइयो । बुद्धघोषअनुसार सोही बासस्थलको पूर्वदक्षिणमा यो कुवा/खोला निर्माण भयो र बुद्ध जन्मस्थल छेवैबाट दक्षिणपूर्व बग्दै पूर्वतर्फ रहेको अलि ठूलो खोलो (फुहररले 'river of oil' पहिचान गरेका) मा मिसिन पुग्यो । माथि नै बयान गरियो युआन च्वाङ्गभन्दा पहिलेका यात्रुले तेलार खोलाको बयान गरेका छैनन् । तेलार खोला नभने पनि सोही खोलाको बुद्ध चरित्रमा बयान भएको छ । फा स्यानसम्मका यात्रुले बुद्ध चरित पढेनन् वा सो बयान लेख्न छुटाएको पनि हुन सक्छ । सिंहली, वर्मी तथा तिब्बती बयानहरूमा जलधाराको बयान भए पनि तेलारको प्रसंग किन भेटिँदैन ? तथा अश्वघोषले मात्र किन गरे भन्ने विषय अर्को शोधको विषय हुन सक्छ । प्राचिन काव्यकारहरू भूगोलका पनि जानकार हुन्थे । अश्वघोष साकेत निवासी बौद्ध भएकाले पटक-पटक लुम्बिनी पुगेकै हुनुपर्छ । बुद्ध चरित आलंकारिक काव्य भए पनि त्यसमा बयान भएका अधिकांश स्थल (भूगोल) आधिकारिक मानिन्छन् । त्यसो हुदाँ अश्वघोषले बयान गरेका कुवा युआन च्वाङ्ग लुम्बिनी पुग्दा बग्दै थियो । लुम्बिनीको भू-बनोटले पनि यस कुरामा थप बल पुऱ्याउँछ । बुद्ध जन्मस्थल वरपरको भू-स्थल होचो हुनु र भूमिगत पानीको सतह माथि हुनुले त्यस क्षेत्रमा अझै पनि पानी निस्कने मूलहरू देख्न सकिन्छ । अश्वघोषले बयान गरेका कुवा तथा युआन च्वाङ्गले भनेका तेलार फुहररले खोजेका तेलार नभई मायादेवी मन्दिर परिसरभन्दा २/३ किमी उत्तरपश्चिमबाट निस्केर मन्दिरको उत्तरतर्फबाट दक्षिणपूर्व बग्दै फुहररको तेलारमा मिल्ने सानो खोला धोरहवा हो । लुम्बिनी गुरुयोजना निर्माणका क्रममा यो खोलालाई सर्कुलर लेभी बाहिरबाटै कुलो निर्माण गरी ठूलो खोलामा झारिएको छ । टाँगेले गुरुयोजनाको प्रारुप तयार पारुन्जेल धोरहवा बग्ने डोव युआन च्वाङ्गले बयान गरे जस्तै थियो (नक्सा २) । धोरहवाको शिरमा रहेको मूल सुकेको हुँदा वर्षभरि पानी बग्दैन तापनि वर्षामा ३/४ किमि सेरोफेरो (catchment area) को पानी यसै खोलाबाट बग्ने हुँदा मुख्य पुरातात्विक स्थललाई नोक्सान नपुगोस् भनी गुरुयोजनाअनुसार खोलो फर्काउने (River diverson) काम भएको छ । स्वाभाविक गतिमा अथवा फुहरर, मुकर्जी र केरार शमशेरका उत्खनन् संरक्षण कार्यले खोलाले आफ्नो वहाव केही परिवर्तन गरेको देखिन्छ । समग्रमा दक्षिण पूर्व नै वगेपनि टागेले नक्सा कोर्ने वेला उत्तर पूर्व वगेको समेत डोव देखिन्छ । (नक्सा नं २) ।

माथि चर्चा गरिएअनुसार युआन च्वाङ्गले बयान गरेका तेलार फुहररको वर्तमान तेलार हुनै सक्दैन । खोलाको उद्‌गम लुम्बिनी क्षेत्रभन्दा पूर्वउत्तरमा भएकाले मायादेवी र उनका साथ आउने मानिस लुम्बिनीलाई पछि पार्दै बास बस्न अघि जाने कुनै औचित्य देखिँदैन । अनि युआन च्वाङ्गले बयान गरे जस्तो यो पूरा दक्षिणपूर्व पनि बग्दैन । लुम्बिनी क्षेत्रको नक्सा तथा भू-बनोटको अध्ययनबाट यो खोला कुनै समय अशोकस्तम्भ छेउबाट बगेर अहिले आफ्नो बहाव परिवर्तन गरेको कुनै आधार देखिँदैन । फुहररले भनेका तेलार मन्दिरछेउ भएको भए मूल पुरातात्विक संरचनामा ठूलो नोक्सान भइसक्ने थियो ।


१६ ऐजनन, पृ ७ र २८

तेलार (River of oil) सानो खोल्सो पनि हो कि होइन जस्तो हुनु र फुहरर पुग्नुपहिला सुकिसकेको सम्भावना हुँदा उनको ध्यान त्यतातिर गएन । उनले अरूबाट पनि जानकारी संकलन गर्न सकेनन् । वास्तवमा तेलारको मूल सुके पनि अझैसम्म वर्षामा छेउछाउको पानीले खहरेकै काम गरेको छ । अशोकस्तम्भ र मायादेवी मन्दिरका वरपरका संरचनाबाटै लुम्बिनी खोज अभियानले प्रमाण जुटाइसकेकाले फुहररले पछिल्ला बयानमा उल्लिखित 'river of oil' लाई केलाउनेभन्दा नजिकै रहेको ठूलो खोलालाई सो नदी मानिदिए । उनीपछि आउने पुरातत्वविद् अन्वेषकहरूलाई पनि सो चित्त बुझ्दो देखिएकोले थप खोजी आवश्यक नपरेको बुझिन्छ ।

लुम्बिनी विकास गर्न प्रा. केन्जो टाँगेले तयार पारेको गुरुयोजनामा 'river of oil' को त्रुटि यथावत् रहनु स्वाभाविकै थियो । मायादेवी मन्दिरको पिपलको जरो झिक्दा भत्काएको मन्दिर जीर्णोद्धार गर्ने बेलासम्म पनि तेलारको पहिचान नहुँदा मायादेवी मन्दिरको संरक्षणकार्य ठीक ढंगले हुन सकेको छैन । परिणामस्वरुप पश्चिमतर्फ मूल प्रवेश हुने मायादेवीको मन्दिर उत्तरतर्फ पर्न गएको छ । अशोकस्तम्भ अभिलेख पश्चिम फर्किने कारण पश्चिमको मूल बाटो हुँदै आउने दर्शनार्थीलाई जानकारी दिने सूचनापाटी भएकाले पनि मूलबाटो पश्चिमबाट त्यहाँसम्म आउँथ्यो भन्ने प्रष्ट हुन्छ ।

वर्तमान मायादेवी मन्दिरको गर्भगृहको पुरातात्विक संरचनाहरूले पश्चिममा रहेको 'पादचिह्नलाई' केन्द्रबिन्दु बनाई अन्य निर्माण भएको देखिँदा मूलबाटो र प्रवेशद्वार पश्चिमतर्फ नै हुनुपर्ने देखिन्छ । मायादेवी लुम्बिनीमै केही दिन बस्ने गरी आउँदा मन्दिर नाघेर अघि जाने कुरो हुँदैनथ्यो । बासस्थलनजिकै बनाइएको वा आफैं निस्किएको मूलको पानीले स्वाभाविक गति लिँदा युआन च्वाङ्गले वर्णन गरे जसरी नै घोरहा (River of oil) बगिरहेको थियो ।


वास्तविक तेलार पहिचानले मायादेवी मन्दिरको पश्चिमतर्फ बाटो खुलाउनुपर्ने, मन्दिरको प्रवेशद्वार पनि पश्चिमै फर्काउनुपर्ने देखिन्छ । मन्दिर प्रवेश गर्ने सुल्टो बाटो पनि त्यही हो ।





SKETCH MAP OF KAPILAVASTU AND ITS SUBURBS AS DESCRIBED BY FA HIEN AND HIUEN TSIANG.

नक्सा संख्या १

साभार : ए. फुहरर, एन्टिक्विटिज अफ द बुद्धाज बर्थ प्लेस इन द नेप्लिज तराई





नक्सा संख्या २
साभार : केन्जो टाँगे एण्ड उर्टेक, मास्टर प्लान फर द डेभलपमेन्ट अफ लुम्बिनी फेज II




FLOOD DISTRIBUTION DIAGRAM

नक्सा संख्या ३
साभार : केन्जो टाँगे एण्ड उर्टेक, मास्टर प्लान फर द डेभलपमेन्ट अफ लुम्बिनी फेज ॥



नक्सा संख्या ४
साभार : केन्जो टाँगे एण्ड उर्टेक, मास्टर प्लान फर द डेभलपमेन्ट अफ लुम्बिनी फेज ॥

# बानेश्वरको ऐतिहासिकता प्रष्ट्याउने अप्रकाशित थप सामग्री

- डा. गोपाल धौबन्जार

## विषय प्रवेश

विगतका घटनाहरु प्रकाश पार्न सहयोग पुग्ने सामग्रीहरु इतिहासका स्रोत हुन् । त्यस्तो स्रोत धेरै प्रकारका हुन्छन् । त्यसमध्ये ऐतिहासिक लिखत एउटा महत्वपूर्ण स्रोत हुन् । तत्कालीन सरकारी कामकाजसित सम्बन्धित कागजपत्र, सरकारले भारदार वा पदाधिकारीलाई लेखी दिएको विशेष कागजपत्र, गुठी व्यवस्था, एक राज्यले अर्को राज्यसित गरेका चिठीपत्रहरु, घरजग्गा किनवेच आदि कागजपत्रहरु ऐतिहासिक लिखत हुन् । त्यस्तो लिखतहरु पहिला ताडपत्रमा लेखिन्थ्यो । तर पछिल्लो समय कागजमा पनि लेख्ने चलन विकास भयो । नेपालमा विभिन्न कालका लिखतहरु पाइएका छन् । त्यस्तो लिखतहरु पूर्वमध्यकालदेखिकै उपलब्ध छन् । प्राप्त लिखतहरुबाट तत्कालीन नेपालको इतिहासका महत्वपूर्ण घटना र वस्तुस्थितिलाई प्रकाश पार्न मद्दत पुऱ्याउँदै आएको छ । त्यसकारण यसलाई इतिहासको एउटा बलियो स्रोत मानिन्छ । यहाँ आधुनिककालको एउटा लिखत प्रस्तुत गर्ने जमर्को गरेको छु । राजा गीर्वाणयुद्ध विक्रमशाहले लालमोहर गरी दिएको सो लिखत जग्गा खरीद बिक्रीसम्बन्धी रहेको छ । जुन सर्बसाधारणका बीच जग्गा किनबेच हुँदा भएको अप्रकाशित लिखत हो । यसको अध्ययनबाट अन्य कुराहरुको अलावा काठमाडौंस्थित बानेश्वर बस्तीको ऐतिहासिकता प्रकाश पार्नसमेत सहयोग पुग्दछ ।

## लिखतको पाठ

परिशिष्ठ १ मा दिइएको लिखतको पूर्ण पाठ निम्नअनुसार छ ।[1]

श्रीदुर्गा सहाय
स्वस्तिश्रीगिरिराजचक्रचुडामणिनरनारायणे
त्यादिविविधविरुदावलीविराजमानमानो
न्मतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजे
गीर्वाणयुद्धविक्रमसाहवाहादुरसमसेरजङ्देवानामसदासमर
विजयीनाम ----------

आगे सहर काठमाडौ .... टोलको जयमंगल घरिवाल, किलाघल टोलको धनकुटु ह्यौषा टोलको हेमंतइउटुको, बानेश्वर ब्राह्मन टोलको मुकुंदसिंकि स्वास्निले, देवराम नेवारको अपुतालि भाइ नमसिंले लिननसकि षेत साहुकन सौपिंदा, साहुले षेतलि भेलाग्वाठ षेतआठ रोपनि ८ सांधपूर्व पाषो, दछिन धनउंतको षेत, पछिम रैकर, उतर भाजु मोचाको षेत, भूयं, भेला ग्वाठ षेत चार रोपनि ४ वेच्या, सांधपूर्व षोलो, दछिन-पछिम रैकर, उतर जीवकर्न झाको षेत, तस्को मोल दुइसय पचानव्ये सिका २९५ मडु टोलको कविर भाजुमनि जिज्याधर तमोटले किन्या, वक्साउनि, रोपनिको चार आनाका हिसाव तिनसिका ३ हाम्रा हजुर लाग्यो, वेचन्याको दामपाको किन्याको माटो पाको, अठार हजारका सरह संग वर्षप्रति पोतातिरि आफ्नु सुनाविर्ता जानिषातिर्जामा संग षेतको भोग्य गर, सम्वत् १८५९ साल मिति कार्तिक सुदि १३ रोज १ सुभम् -----

## लिखतको विवेचना

राजाले लालमोहर गरी दिएको प्रस्तुत लिखत वि.सं. १८५९ को हो । देवराम नामका व्यक्तिको आठ रोपनी अपुताली जग्गा उनका भाई नमसिंले सकार्न नसकेको हुँदा साहुको अधिनमा रहन गई त्यसमध्ये आधा अर्थात् चार रोपनी सरकारलाई निश्चित रकम बक्साउनी तिरी काठमाडौं मरु टोलका कविर भाजुमनि विद्याधर तमोटलाई बिक्री गरेको व्यहोरा सो लिखतमा उल्लेख छ । जग्गाधनी देवराम नेवारको सम्पत्ति खाने छोराछोरी नभएको हुँदा उनको मृत्युपश्चात् भाई नमसिंलाई अपुताली गएको भए तापनि उनले दाजुबाट लिइ राखिएको ऋण तिर्न नसकी देवरामको नाममा रहेको आठ रोपनी जग्गा साहुलाई नै सुम्पनु परेको देखिन्छ । सो जग्गामध्ये आधा चार रोपनी साहुबाट बिक्री गरी सो लालमोहर गराई दिएको थाहा हुन्छ ।

[1] काठमाडौ ढल्को निवासी पूर्णकाजि ताम्राकारको संरक्षणमा रहेको लिखत ।

लिखतमा काठमाडौंका विभिन्न टोल तथा स्थान विशेषको नाम उल्लेख भएको छ । ऐतिहासिक नगर कान्तिपुरभित्रका वर्तमान किलागल, न्ह्योखा र मरु टोललाई त्यतिबेला क्रमशः किलाघल, ह्यौषा र मडु भन्ने गरेको बुझिन्छ । नेपालमण्डल अर्थात् काठमाडौं उपत्यकाका मूलवासीलाई नेवार भन्ने चलन छ । यद्यपि यो चलन यहाँ गोर्खालीहरुको आगमन पश्चात् व्यापक रुपमा चल्दैआएको हो । नेवार समुदायभित्र धेरै सम्प्रदाय, वर्ण, जातजाति तथा असंख्य थरहरु छन् । तर व्यक्ति विशेषलाई उल्लेख गर्नु पर्दा उनको नाम पछाडि एकै पटक नेवार लेख्ने चलन चलाएको पाइन्छ । पृथ्वीनारायण शाह स्वएंले लेखेका लिखतहरुलाई यहाँ उदाहरणको रुपमा लिन सकिन्छ ।[२] यस्तो धेरै उदाहरणहरु पाइन्छन् । सोही प्रचलन निरन्तर चल्दैआएको कुरा प्रस्तुत लिखतबाट थाहा पाउन सकिन्छ । लिखतमा देवरामलगायत कसैको पनि थर उल्लेख गरिएको छैन । देवरामलाई सिधै नेवार पनि सम्बोधन गरिएको छ । एवंप्रकार लिखतको अध्ययनबाट तत्कालीन समयमा स्थानीय जग्गाको प्रचलित मोल, जग्गा किनवेचबाट सरकारलाई तिर्नु पर्ने वक्साउनी र खरीद गरेको जग्गा सुरक्षित बनाउनसुनाविर्ता सरह उल्लेख गराई राजाबाट लालमोहर गराई लिएको थाहा हुन्छ । राज्यलाई विशेष योगदान पुऱ्याएका कुनै व्यक्ति बिशेषलाई उसको आदर वा सम्मान स्वरुप राजा वा राजप्रतिनिधिले राज्यको अधिनमा रहेको भूमि हस्तान्तरण गर्ने प्रथालाई बिर्ता भनिन्छ । बिर्ता पनि धेरै किसिमका छन् । उदाहरणको रुपमा सोना बिर्ता, कुशैबिशै बिर्ता, घरबारी बिर्ता, किनुवा बिर्ता, खुवा बिर्ता, मनोचामल बिर्ता, पोल बिर्ता आदिलाई लिन सकिन्छ ।[३] त्यसमध्ये यहाँ उल्लेखनिय बिषयवस्तु सोना बिर्ता हो । विभिन्न काम गरी राजा खुशी पार्ने व्यक्तिलाई उनको काम वापत घरबारीको रुपमा जग्गा बक्स दिने चलन थियो । त्यसरी दिएको बक्सको जग्गालाई सोना बिर्ता भनिन्छ । त्यसबाहेक आफ्ना रैतीसित केही सुन सलामी लिई त्यसको बदलामा दिएको जग्गालाई पनि सोनाबिर्ता भन्ने चलन छ ।[४] तर प्रस्तुत लिखतमा उल्लेख गरिएको चार रोपनी जग्गाउल्लेखित तरिकाबाट सोनाबिर्ताको रुपमा प्राप्त गरेको होइन । सो जग्गा खरीदबिक्री भएको र त्यसको मूल्य समेत २९५ तोकेर वेचन्याको दामपाको किन्याको माटो पाको भनी उल्लेख गरेको हुँदा सो जग्गा किनबेच भएको भन्ने स्पष्ट थाहा हुन्छ । यद्यपि खरीदकर्ताले सो जग्गा आफ्नो सुरक्षित बनाउन सुनाविर्ता थानेर भोग गर्नु भन्ने शब्द लिखतमा पारेको थाहा हुन्छ । त्यसबाहेक प्रस्तुत लिखतबाट ऐतिहासिक काठमाडौं नगरको पूर्वी क्षेत्रमा रहेको बानेश्वर बस्तीको ऐतिहासिकता र त्यहाँको बसोबासबारे थप जानकारी प्राप्त गर्न सहयोग पुऱ्याएको छ ।

## बानेश्वरको वस्तुस्थिति

काठमाडौं उपत्यकाको झण्डै मध्य क्षेत्रमा अवस्थित बानेश्वर क्रमिक रूपमा विकास भएको बस्ती हो । काठमाडौं जिल्लाअन्तर्गत रहेको यस बस्ती क्षेत्रलाई प्रशासनिक दृष्टिले काठमाडौं महानगरपालिका वडा नं. १० र ३४ दुई इलाकामा विभाजन गरिएको छ । ती दुई वडाहरूको सीमारेखा नयाँबानेश्वर चोकबाट पुरानोबानेश्वर चोक निस्कने ऐतिहासिक मूलवाटोलाई लिइएको छ । सो सडकको पूर्वी क्षेत्रलाई वडा नं. ३४ र पश्चिमी क्षेत्रलाई वडा नं. १० तोकिएको छ । यद्यपि बानेश्वर स्थानीय बस्तीको ऐतिहासिक पहिचानसहित सिङ्गो भौगोलिक क्षेत्रको परिचय दिने नामहो । यो बस्ती उपत्यकाका तीन ऐतिहासिक प्रमुख शहरहरु कान्तिपुर, भक्तपुर तथा ललितपुरको बीचमा अवस्थित रहेको हुनाले वढी चर्चित छ । त्यसबाहेक यस बस्तीको धार्मिक तथा सांस्कृतिक महत्व पनि रहिआएको छ । बस्तीको नाम स्वएम् स्थानीय सांस्कृतिक सम्पदाबाट रहेको मानिन्छ । यस बस्तीको करिव मध्ये इलाकामा वाणगङ्गा नाम दिइएको एउटा ऐतिहासिक ढुङ्गेधारा छ । सोही धारा नजिक पश्चिमतिर महादेवको ऐतिहासिक मन्दिर छ । ती दुई सम्पदाबाट यस ठाउँको नाम बाणेश्वर रहेको भनाई पाइन्छ । त्यसकारण यस ठाउँलाई "बाणगङ्गातीर्थको बाणेश्वर" भनिएको छ ।[५] यथार्थमा यो नाम भारतको सोमेश्वरस्थित पवित्र तीर्थस्थल बाणेश्वरको प्रतिकात्मक रुपमा विकास गरिएको पाइन्छ ।[६]

भाषा वंशावलीहरूमा बानेश्वरको उल्लेख विभिन्न सन्दर्भमा भएको पाइन्छ ।[७] उल्लेखित वंशावलीहरुले बानेश्वरलाई प्राचीन अस्तित्वको नाम भनेर देखाउन खोजिएको छ । तर ती भनाईहरूलाई पुष्टि गर्ने अरु कुनै आधार भने पाईदैन । हुनत शाहकालीन विभिन्न लिखतहरुमा यस ठाउँको नाम उल्लेख भएका छन् । नावालख राजा राजेन्द्र

---

[२] धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल (सं.), ऐतिहासिक पत्रसंग्रह, पहिलो भाग, काठमाडौं: नेपाल संस्कृति परिषद, वि.सं. २०१४, पृ. २६ र २७ ।

[३] कृष्ण बी. थापा, सोसियल, इकोनोमिक एण्ड आडमिनिस्ट्रेटिभ हिष्ट्री अफ मोड्रन नेपाल, काठमाडौं: अम्बिका थापा, सन् १९८८, पृ. १६१ ।

[४] कृष्णबहादुर थापा, पार्थिवेश्वर तिमिल्सिना र मदनकुमार दाहाल, आधुनिक नेपालको आर्थिक इतिहास, काठमाडौं: नेपाल एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं. २०५४, पृ. २४६-२४७ ।

[५] नयनाथ पौडेल (सं.), भाषावंशावली, भाग १, काठमाडौं: नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२०, पृ. ६-७।

[६] गोपाल धौबन्जार, काठमाडौं उपत्यकाका बस्तीहरू, काठमाडौं: श्रीमती कल्पना श्रेष्ठ, वि.सं. २०६८, पृ. ५० ।

[७] (क) पौडेल (सं.), पूर्ववत्, पादटिप्पणी संख्या १, पृ. ५५, ८१ र ८२ ।
(ख) नरहरिनाथ योगी, देवमालावंशावली, मृगस्थली: श्री पीरमहन्त क्षिप्रानाथयोगिराज, वि.सं. २०१३, पृ. ६८ ।

विक्रम शाहले वि.सं. १८८५ मा कर्णेल रणवीर सिंह थापालाई जग्गा बिर्ता दिएको लालमोहरमा बानेश्वर नाम उल्लेख छ।[८] त्यस्तै राणाकालीन लेनदेन तथा जग्गा खरीदविक्री सम्बन्धी कागजपत्रहरूमा पनि यस बस्तीको नाम उत्किर्ण भएका छन् ।[९] तर त्यसले वंशावलीमा उल्लेखित कुराहरुलाई पुष्टि गर्न सक्दैन । किनभने मध्यकालीन कुनै ऐतिहासिक स्रोतमा पनि यस ठाउँको नाम उल्लेख भएको देखिन्दैन । हामीसित प्राचीन र मध्यकालका असंख्य अभिलेख, हस्तलिखितग्रन्थ र पुरातात्तिक सामग्रीहरू उपलब्ध छन्। तर ती कुनै स्रोतहरूमा पनि यस ठाउँको नाम उल्लेख वा प्रसङ्ग उठाइएको पाईंदैन । एकै पटक आधुनिककालमा आएर मात्र यस ठाउँको नाम उच्चारण भएको छ । अर्कोतिर इतिहासकारहरु स्वएम् भाषा वंशावलीमा वर्णन गरिएका कुराहरु भरपर्दो नभएको वताउँछन् ।[१०] ती वंशावलीहरु आधुनिककालमा मात्र रचना गरिएको मानिन्छ। त्यसकारण बानेश्वर नामको ऐतिहासिकता भाषा वंशावलीले पुष्टि गर्न सकिन्दैन ।

वर्तमान बानेश्वरमा बस्तीको प्रारम्भ भने गोरखालीहरुले काठमाडौं उपत्यकामाथि कब्जा जमाएपछि मात्र भएको देखिन्छ । तिनीहरुले उपत्यकामा शासन गर्न थालेसगै यहाँको चारैतिरका खुल्ला क्षेत्रहरुमा बाहिरबाट आएर विभिन्न समुदायका गैरनेवारहरुले बसोवास गर्न थालेका थिए। यसैक्रममा बानेश्वरमा पनि बस्ती विहीन खुल्ला क्षेत्र भएको हुँदा पश्चिमबाट आएका विभिन्न जातजातिका मानिसहरुले आ-आफ्नो समूहगत बसोवास गर्न थालेका थिए। कर्णेल रणवीर सिंह थापालाई तत्कालीन शाह शासकले बानेश्वरको जग्गा बिर्ता दिएको कुरा माथि उल्लेख भइसकेको छ। यसरी बस्ती बस्न थालेपछि स्थानीयवासीले यस ठाउँलाई धार्मिक महत्व दिई ख्याति बनाउन जमीनबाट उद्गम भइराखेको पानीलाई व्यवस्थित गरी ढुङ्गेधारा बनाइ त्यसलाई बाणगङ्गा नाम दिएर नजिकै शिवलिङ्ग समेत स्थापना गरी भारतीय सोमेश्वरको प्रतीक बाणेश्वर भन्ने चलन चलाएको देखिन्छ ।[११] स्थानीय महादेवस्थानमा रहेको एउटा अभिलेख (हाल सो अभिलेख लोप भइसकेको छ) ले यस भनाईलाई पुष्टि गर्दछ । अभिलेखमा सो महादेव तत्कालीन सरकारी अधिकारी डिट्ठा लक्ष्मीनारायण छैंभडिलले वि.सं. १८५० मास्थापना गरेको उत्किर्ण छ। उनले यस स्थानमा सो मन्दिरबाहेक तीनधारा नामको ढुङ्गेधारा, पाटी र यज्ञस्थल निर्माण गरी मन्दिरमा पूजा संचालन, वर्षबर्द्धन र अन्य खर्चको निमित्त गुठीको व्यवस्था गरी दिएका थिए ।[१२] सो अभिलेखको अध्ययनबाट त्यसैताकादेखी यस ठाउँलाई बानेश्वर भन्ने चलन रहन गएको अनुमान गर्न सकिन्छ।

यस लेखमा प्रस्तुत लालमोहरको लिखत बानेश्वर बस्तीबारे थप प्रकाश पार्न सहयोग पुऱ्याएको छ । पहिलो कुरा, यो लिखत बानेश्वरको ऐतिहासिकता प्रष्ट्याउने हालसम्म प्राप्त ऐतिहासिक स्रोतहरुमध्ये सबभन्दा पुरानो देखिन्छ । हिजोआज एउटा ठूलो आवादी क्षेत्रको रुपमा परिचित बानेश्वर बस्तीभित्र प्रारम्भमा गोर्खालीहरुले काठमाडौं उपत्यकामा शासन गर्न थालेपछि थापा, मगर, बोगटी, सार्की आदि गैरनेवार जातिका मानिसहरुले समूहगत बस्ती बसाल्न थालेका थिए । तिनीहरुले आवाद गरेको ठाउँलाई आ-आफ्नो जातिगत नामबाट क्रमशः थापागाउँ, मगरगाउँ, बोगटीगाउँ र सार्कीगाउँ नामबाट सम्बोधन गर्दैआएको छ । ती नामहरु अद्यापि प्रचलित छन् । तत्कालिन राजा गीर्वाणयुद्ध विक्रम शाहले गरी दिएको उल्लेखित लालमोहरमा बानेश्वर बस्ती र त्यहाँको अर्को एउटा गाउँको नाम पनि उल्लेख भएको छ । सम्बन्धित व्यक्तिको ठेगाना उल्लेख गर्ने क्रममा स्पष्ट रूपले "बानेश्वर ब्राह्मण टोलको" भनी लेखिएको छ । यसबाट त्यतिबेला बानेश्वरमा माथि उल्लेखित जातिविशेषका बस्तीहरुबाहेक ब्राह्मन जातिको पनि अलग्गै समूहगत बस्ती रहेको स्पष्ट हुन्छ । यसले स्थानीय बस्ती र यसको ऐतिहासिकता प्रष्ट्याउनमा सहयोग पुऱ्याउँदछ ।

## उपसंहार

मानव बस्तीको विकास क्रमिक रुपमा हुँदैआएको हो। पहिलाको युगमा आजको जस्तो ठूलो बस्तीहरु थिएनन् । जनसंख्या वृद्धिसगै बस्तीहरुको पनि विस्तार भएर आएको छ । तर बानेश्वर बस्तीको प्रारम्भिक विकास जनसंख्या वृद्धिको परिणाम होइन । राजनैतिक कारणबाट सृजना भएको परिस्थितिले यहाँको बस्ती विकास भएको हो ।

---

८ सानुमैयाँ राणा (प्रधान सं),अभिलेख, पूर्णाङ्क १५, काठमाडौः पुरातत्व विभाग, राष्ट्रिय अभिलेखालय, वि.सं. २०५४, पृ. ११९ ।

९ (क) दृष्टिबन्धक तमसुक,काठमाडौं मालपोत कार्यालयमा रहेको धनी यज्ञप्रसाद पाध्या र ऋणी चेतनाथ उपाध्या भएको वि.सं. १९८८ चैत्र १२ ।
(ख) भोगबन्धकी तमसुक,काठमाडौं मालपोत कार्यालयमा रहेको धनी नन्दकुमारी खत्रीनी र ऋणी पद्मकुमारी खत्रीनी भएको वि.सं. १९९६ असार ५ ।
(ग) भोगबन्धकी तमसुक,काठमाडौं मालपोत कार्यालयमा रहेको धनी हीरामाया र ऋणी नानीथकुँ ज्यापुनी भएको वि.सं. १९९७ भाद्र २९।

१० बाबुरामआचार्य, श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाहको संक्षिप्त जीवनी, भाग २, काठमाडौः श्री ५ महाराजाधिराजका प्रमुख संवाद सचिवालय, राजदरवार, वि.सं. २०२४,पृ. ३५७-३५८ ।

११ गोपाल धौबन्जार, 'काठमाडौंको बानेश्वर र यसको ऐतिहासिकता', एकाडेमिक भ्यू, भोलम २, काठमाडौः टि.यू. टिचर्स एशोसियशन, त्रिचन्द्र क्याम्पस युनिट कमिटि, वि.सं. २०६८, पृ. ९२ ।

१२ जगदिशचन्द्र रेग्मी, शाहकालीन कला र वास्तुकला, काठमाडौः साभा प्रकाशन, वि.सं. २०५० (द्वितीय संस्करण), पृ. १९०-१९१ ।

काठमाडौं उपत्यकामा गोर्खालीहरुको आगमनभन्दा अगाडि यहाँ कुनै बस्ती थिएन । यो ठाउँ पूरै कृषिजन्य क्षेत्र थियो । पृथ्वीनारायण शाहले सन् १७६८ मा कान्तिपुर र ललितपुर तथा सन् र १७६९ मा भक्तपुरमाथि कब्जा जमाएपछि सिङ्गो उपत्यकामा गोर्खालीहरुको शासन प्रारम्भ भयो । त्यसपछि यहाँ गोर्खाली शासक, भारदार, सैनिकलगायत सर्वसाधारण वर्गका मानिसहरुको ठूलो मात्रामा उपस्थिति हुन थाल्यो । सरकारले तिनीहरुलाई यहाँका विभिन्न ठाउँमा बस्ने अनुमति दिइएको थियो । परिणाम स्वरुप आधुनिककालमा उपत्यकाभित्र चारैतिर गोरखा र यसको वरपरबाट आएका पहाडियाहरुको बस्ती विस्तार भयो । तिनीहरुले यहाँका परम्परागत नेवार समुदायको ऐतिहासिक बस्तीहरुभन्दा अलग्गै आ-आफ्नो बस्ती बसालेका थिए । त्यसरी विकास भएका बस्तीहरुमध्ये बानेश्वर पनि एउटा हो । यहाँ विभिन्न गैरनेवार जातिका समूहगत आवादीको विकास भयो । यस ठाउँमा बस्ती बस्न थालेपछि स्थानीय प्रभावशाली व्यक्तिहरुको प्रयासबाट बस्तीको नयाँ नामकरणसमेत गरेका थिए । यसरी विकास भएको बस्तीको ऐतिहासिकतालाई प्रष्ट्याउन प्रस्तुत लिखतबाट सहयोग पुऱ्याउने कुरामा दुईमत हुनसक्दैन ।

प्रारम्भमा केही जाति विशेषको मात्र समूहगत बस्ती रहेको बानेश्वरमा अहिले पूरा क्षेत्र आवादीले भरी सकिएको छ । अरनिको राजमार्गअन्तर्गत सल्लाघारीदेखि थापाथलीसम्म नयाँबाटो निर्माण भएपछि यस बस्तीको महत्व अझ वढ्न थालेको हो । त्यसैबेला देखि नेपालका विभिन्न ठाउँबाट बसाई सराई गरी यहाँ बसोवास गर्न आउने मानिसहरुको संख्या तिव्र रुपमा वढ्न थाल्यो । त्यसकारण हिजोआज बानेश्वर एउटा घना बस्तीको रूपमा परिचित छ । अहिले यहाँको आवादी कुनै वर्ग वा जाति बिशेषमा मात्र सिमित छैन । देशको पूर्व, पश्चिम, उत्तर र दक्षिण चारै दिशाबाट विभिन्न वर्ण तथा जातजातिका मानिसहरु बसाई सराई गरी बसोवास गर्न आएको हुँदा यहाँको समाजमा बहुभाषा, बहुजाति र बहुसंस्कृति देख्न पाइन्छ ।

## सन्दर्भग्रन्थ सूची


**पुस्तकहरु**

आचार्य, बाबुराम, *श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाहको संक्षिप्त जीवनी*, भाग २, काठमाडौं: श्री ५ महाराजाधिराजका प्रमुख संवाद सचिवालय, राजदरवार, वि.सं. २०२४ ।

थापा, कृष्ण बी,. *सोसियल, इकोनोमिक एण्ड आडमिनिस्ट्रेटिभ हिष्ट्री अफ मोड्न नेपाल*, काठमाडौं: अम्बिका थापा, सन् १९८८ ।

थापा, कृष्णबहादुर, तिमिल्सिना, पार्थिवेश्वर र दाहाल, मदनकुमार, *आधुनिक नेपालको आर्थिक इतिहास*, काठमाडौं: नेपाल एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं. २०५४ ।

धौबन्जार, गोपाल, *काठमाडौं उपत्यकाका बस्तीहरु*, काठमाडौं: श्रीमती कल्पना श्रेष्ठ, वि.सं. २०६८ ।

धौबन्जार, गोपाल, "काठमाडौंको बानेश्वर र यसको ऐतिहासिकता", *एकाडेमिक भ्यू*, भोलम २, काठमाडौं: टि.यू. टिचर्स एशोसियशन, त्रिचन्द्र क्याम्पस युनिट कमिटि, वि.सं. २०६८ ।

पौडेल, नयनाथ (सं.), *भाषावंशावली*, भाग १, काठमाडौं: नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२० ।

योगी, नरहरिनाथ,*देवमालावंशावली*, मृगस्थली: श्री पीरमहन्त क्षिप्रानाथयोगिराज, वि.सं. २०१३ ।

राणा, सानुमैयाँ (प्रधान सं), *अभिलेख*, पूर्णाङ्क १५, काठमाडौं: पुरातत्व विभाग, राष्ट्रिय अभिलेखालय, वि.सं. २०५४ ।

रेग्मी, जगदिशचन्द्र, *शाहकालीन कला र वास्तुकला*, काठमाडौं: साझा प्रकाशन, वि.सं. २०५० (द्वितीय संस्करण) ।

वज्राचार्य, धनवज्र र नेपाल, ज्ञानमणि (सं.), *ऐतिहासिक पत्रसंग्रह*, पहिलो भाग, काठमाडौं: नेपाल संस्कृति परिषद, वि.सं. २०१४ ।


**अप्रकाशित लिखतहरु**

*दृष्टिबन्धक तमसुक*, काठमाडौं मालपोत कार्यालयमा रहेको धनी यज्ञप्रसाद पाध्या र ऋणी चेतनाथ उपाध्या भएको वि.सं. १९८८ चैत्र १२ गतेको ।

*भोगबन्धकी तमसुक*, काठमाडौं मालपोत कार्यालयमा रहेको धनी नन्दकुमारी खत्रीनी र ऋणी पद्मकुमारी खत्रीनी भएको वि.सं. १९९६ असार ५ गतेको ।

*भोगबन्धकी तमसुक*, काठमाडौं मालपोत कार्यालयमा रहेको धनी हीरामाया र ऋणी नानीथकुँ ज्यापुनी भएको वि.सं. १९९७ भाद्र २९ गतेको ।

## परिशिष्ठ १



स्वस्तिश्रीगिरिराजचक्रचुडामनि नरनारायणेत्यादि विविध विरुदावली विराजमान

श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजेन्द्र विक्रम साह बहादुर समसेर

जङ्ग देवानाम सदा समरविजयीनाम

[illegible]

को भोग्य गर. सम्वत १८५९ साल मिति कार्तिक सुदि ५ रोज [illegible]

# लुभूका पुरातात्विक सम्पदाहरू

- डा. कल्पना श्रेष्ठ

## बिषय प्रवेश:

काठमाडौं उपत्यकाका धेरै बस्तीहरू प्राचीनकालदेखि विकास हुँदैआएका हुन्। यस उपत्यकाका ऐतिहासिक बस्तीहरूको गणनामा दक्षिणी भेगको लुभू बस्ती पनि अग्रस्थानमा आउँछ। यहाँ पहिलेदेखि सामाजिक स्वरूप, कला, वास्तुकला एवं देवदेवीका जात्रा उत्सवको विकास हुँदैआएको छ। त्यसले यस वस्तीको ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक महत्व रहेको बुझाउँछ। पुरातात्विक तथा साहित्यिक स्रोतहरूले यस ठाउँमा प्रागऐतिहासिककालदेखि आवादी रहेको देखाउँछ। यहाँ नवपाषाणकालदेखिका औजारहरू प्राप्त भएका छन्।[1] यो क्षेत्र परापूर्वकालदेखि श्रृङ्गतीर्थको रूपमा चर्चित हुँदैआएको छ।[2] यी विभिन्न वस्तुस्थितिले लुभू बस्तीको प्राचीनतालाई स्पष्ट रूपले झल्काउँछ। यस बस्तीलाई प्राचीनकालमा सुवर्णक्षेत्रपुर भनिन्थ्यो। यस्तैगरी लिच्छविकालमा यस वरपरको इलाकालाई हँसगृहद्रङ्ग भनिएको पाइन्छ।[3] यहाँ हाँस धेरै पालन हुने भएकोले यो ठाउँको नाम हँसगृहद्रङ्ग रहन गएको जनश्रुती पाइन्छ।[4] लिच्छविकालमा सम्बोधन गरिने द्रङ्ग शब्दले ठूलो प्रशासनिक इलाका भन्ने बुझाउँछ। तत्कालीन समयमा यो बस्ती व्यापारिक केन्द्रको रूपमा विकसित भएको हुँदा दङ्ग अर्थात् शहर कहलाएको हो। यहाँ मध्यकालीन धेरै ऐतिहासिक स्रोतहरू प्राप्त भएका छन्। तत्कालीन शासकहरू यक्षमल्ल र श्रीनिवासमल्ल एवं योगनरेन्द्रमल्ल र जयप्रकाशमल्लका शिलालेख र ताम्रपत्रहरू प्राप्त भएका छन्।[5]

मध्यकालमा लुभू क्षेत्र एउटा गढ (किल्ला) को रूपमा विकास भएको थियो। त्यतिबेला यहाँ चारै दिशामा छुट्टाछुट्टै द्वारहरू निर्माण गरिएको थियो। ती द्वारहरू क्रमशः पूर्वको च्वयढोका, पश्चिमको क्वनेढोका, उत्तरको मचाढोका र दक्षिणको नासलढोका हुन्। ती मध्ये हाल केही भग्नावशेष मात्र बाकी छन्। किल्लाको भित्र र बाहिर ढुङ्गेधारा तथा पोखरीहरू छन्। मचाढोकाभित्र कोटक्षेत्रमा गंगा महारानीको दरवारको अवशेषखण्ड रहेको छ। स्थानीय जनश्रुतीअनुसार गंगा महारानीले आफ्नो सुनको थाल बेची शहर बसाएको हुनाले बस्तीको नाम "लुभू" रहन गएको भन्ने किंबदन्ती रहिआएको छ।[6] ताम्रपत्र तथा वंशावलीमा यो बस्तीलाई लुंहमु, लुहन्, लुम्हुदेश आदि विभिन्न नामले संवोधन गरिएको पाइन्छ।[7]

प्राचीनकालदेखि अस्तित्वमा आई मध्यकालमा अझ विकसित अवस्थामा पुगेको यस बस्तीभित्र शैव, वैष्णव, शाक्त, बौद्धधर्मसित सम्बन्धित तत्कालीन धेरै देवस्थलहरू छन्। यहाँ रहेका मन्दिरहरू तल्लेशैली, शिखरशैली, गुम्बजशैली, घण्टशैलीलगायत बौद्धचैत्यहरू हुन्। यहाँका मन्दिर तथा देवालयहरूमा महालक्ष्मीको मन्दिरलाई वास्तुशैलीको दृष्टिकोणले उत्कृष्ट मानिन्छ।

## ऐतिहासिक सम्पदाहरू


लुभू क्षेत्र पुरातात्विक, धार्मिक र सांस्कृतिक दृष्टिकोणबाट धेरै महत्व राख्दैआएको बस्ती हो। यहाँ विभिन्न धार्मिक सम्पदाहरू छन्। त्यसमध्ये अधिकांश मध्यकालमा स्थापना भएको पाइन्छ। लुभूका चर्चित सम्पदाहरूमा नारायण मन्दिर, महालक्ष्मी मन्दिर, गोभ्राटेश्वर मन्दिर आदि हुन्।

१ डिल्लीराज शर्मा, प्रारम्भिक पुरातत्व विज्ञान, काठमाडौः डिल्लीराज प्रदिपनाथ, २०४६ पृ. ८८ ।
२ जगन्नाथ घिमिरे, "श्रृङ्गऋषि आश्रम एक परिचय", स्मारिका, लुभू महोत्सव, वि.सं. २०५४, पृ. ३३ ।
३ धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, काठमाडौः नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५३, पृ.४८५ ।
४ पुरूषोतमलोचन श्रेष्ठ, अनन्तलिङ्गेश्वर (एक सांस्कृतिक अध्ययन), भक्तपुरः अमनलोचन श्रेष्ठ, वि.सं. २०६४, पृ. १२८ ।
५ धनवज्र वज्राचार्य, मध्यकालीन अभिलेख, काठमाण्डौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५६, पृ. ६१ र ११२ ।
६ गोपाल धौबन्जार, काठमाडौ उपत्यकाका बस्तीहरु, काठमाडौः श्रीमती कल्पना श्रेष्ठ, वि.सं. २०६८, पृ. १५८ ।
७ वज्राचार्य, पूर्ववत्, पादटिप्पणी संख्या ५ (क) ।

त्यसबाहेक विष्णु, सरस्वती, गणेश, आकाशभैरव, लोकेश्वर, उमामहेश्वर, नासःद्यः चुनदेवीका मन्दिरहरू तथा बौद्ध चैत्यहरू, ढुङ्गेधारा र पाटी पौवाहरू पनि छन् ।

**(क) नारायण मन्दिरः**

स्थानीय क्वयलाछी टोलमा रहेको नारायणमन्दिर एक तल्लामा निर्माण भएको छ । यसको नाप करिब ८० वर्ग फुटमा फैलिएर १८ फुटको उचाईमा छ । तल्ले शैलीमा निर्माण भएको यस मन्दिरको छाना झिंगटीले छाएको छ । यसको शैली अरु तल्लेशैलीभन्दा केही फरक देखिन्छ । मन्दिरको माथिल्लो तल्लामा चार दिशामा चारवटा झ्यालहरू छन् । छानाको भार थाम्न १२ वटा टुँडालहरू राखिएको छ । यहाँ एउटा शिलालेख पनि स्थापना गरिएको छ । त्यसको अध्ययनबाट मध्यकालीन राजा यक्षमल्लले यसको निर्माण गराएको बुझिन्छ ।[८] उनले स्थापना गराएको पुरानो नारायणको मूर्ति चोरी भइसकेको छ । त्यसको ठाउँमा अर्को नयाँ मूर्ति स्थापना भएको हो । सो मूर्तिको स्वरूप शंख, चक्र, गदा र पद्म धारण गरी पद्मपीठ माथि समपादमा उभिएको देखिन्छ । रूपमण्डनग्रन्थमा उल्लेख भएअनुसार यस किसिमको विशेषता भएको विष्णुलाई श्रीधरविष्णु भनिन्छ ।[९] साथै नारायणको मूर्तिमा लामो वरमाला लगाई हातमा केयूर, शीरमा मुकुट, कानमा कुण्डल, नाभीसम्म लत्रिएको यज्ञोपवित तथा तहयुक्त धोती लगाएको स्पष्ट देख्न सकिन्छ । सो मूर्तिको दायाँपट्टि लक्ष्मी र वायाँपट्टि अञ्जली मुद्रामा गरुडको प्रतिमाहरू छन् । नारायण मूर्तिको प्रतिमालक्षण तथा प्रभामण्डल साधारण नै छ । अर्थात् यसमा तान्त्रिक प्रभाव परेको देखिन्दैन । मन्दिरको मूलढोकाको दायाँपट्टि यक्षमल्लको ३९ इन्च अग्लो शिलालेख छ । मन्दिरको ठीक अगाडि गरुड स्तम्भ छ । सो स्तम्भमाथि पद्मपीठमा गरुड अञ्जली मुद्रामा छत्रसहित प्रयुक्त गरिएको छ ।




**(नारायण मन्दिर)**

८ गुहनाथ पौडेल, "लुभू लामाटारको ऐतिहासिक परिचय", स्मारिका, लुभू महोत्सव, वि.सं. २०५४, पृ. १३ ।
९ इन्दुमती मिश्र, प्रतिमा विज्ञान, भोपाल (भारत)ः मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी, सन् १९७२, पृ. १२९ ।

### (ख) महालक्ष्मी मन्दिर

स्थानीय च्वयलाछी टोलमा अवस्थित महालक्ष्मी मन्दिर लुभूको प्रमुख मन्दिर हो । यसको नाप ८२ फुट ८ इन्च लम्बाई र १६ फुट १० इन्च चौडाई तथा लगभग ५० फुट उचाई छ । स्थानीय किंवदन्ती अनुसार यसको निर्माण गंगारानीबाट भएको मानिन्छ । यहाँ प्राप्त एउटा अभिलेखले यस मन्दिरको निर्माण ने.सं. ७८८ अगाडी नै भइसकेको देखिन्छ । ललितपुरका राजा हरिहरसिंहमल्लले महालक्ष्मीको जात्रा चलाएको उल्लेख पाइन्छ । यस मन्दिरमा ने.सं. ७८८, ने.सं. ८२८, ने.सं. ८७४, ने.सं. ८८२, ने.सं. ९११, ने.सं. ९१६, ने.सं. १०४४ का ताम्रपत्रहरू प्राप्त भएका छन् ।[१०] तीमध्ये ने.सं. ८८२ को ताम्रपत्रबाट राजा जयप्रकाशमल्लको समयमा स्थानीय दुवारगुठीको नेतृत्वमा मन्दिर जीर्णोद्धार गरिएको बुझिन्छ । त्यस्तैगरी रणबहादुर शाहको शासनकालमा ने.सं. ९११ मा ललितपुरका भारो तथा रावतहरूले श्रीमहालक्ष्मी, भैरव, गणेश, कुमार र कुमारीको पुरानो मूर्ति जीर्ण भएकाले नयाँ बनाई दिएका थिए । एवंप्रकार ने.सं. १०४४ मा लुभूका सबै गुठियार तथा देशवासी भएर श्रीमहालक्ष्मी, श्रीभैरव, गणेश, कुमार र कुमारीको सिन्दुरयात्रा गरेको उल्लेख पाइन्छ ।[११] उल्लेखित ऐतिहासिक स्रोतहरूको अध्ययनबाट तत्कालीन शासक, भारदारहरू तथा जनसमुदायले यस महालक्ष्मी देवीलाई ठूलो महत्व दिएको थाहा हुन्छ ।

यो मन्दिर उत्तर मोहडा भई पाँच तल्लामा निर्माण भएको छ । यसको निर्माण तल्लेशैलीमा भएतापनि अरु मन्दिरभन्दा फरक छ । मन्दिरको पहिलो र दोस्रो तल्ला चोछैं (देवदेवी घर) शैलीमा र त्यसभन्दा माथिको तीन तल्ला टुँडालसहित तीन तहमा छानायुक्त तरिकाबाट बनाइएको छ । मन्दिर प्रवेशद्वारको दायाँबायाँ शिलाबाट निर्मित दुईवटा सिंह छन् । यस्तैगरी प्रवेशद्वारमाथि तोरण सजाइएको छ । तोरणको बीचमा १० हात भएका भैरव र त्यसको दायाँ, बायाँ र माथि पंचतत्वको प्रतीक मकर, नाग, क्षेपु, बादल, वायु आदिका बुट्टा कुँदिएको देख्न पाइन्छ । मन्दिरको गर्भगृह दोस्रो तल्लामा पर्दछ । त्यहाँ महालक्ष्मी, महाभैरव, गणेश, कुमार र कुमारीका प्रतिमा प्रतिस्था गरिएको छ । यस दोस्रो तल्लामा चारैतिर तोरण सहितको चारवटा झ्यालहरू पनि छन् । प्रवेशद्वारको ठीक माथि जालिदार ठूलो आँखीझ्याल एवं त्यस आँखीझ्यालको बीचमा देवमूर्ति प्रयुक्त गरिएको छ । मन्दिरका छानाहरूमध्ये पहिलो र दोस्रो तहको छाना झिंगटीले छाएको र सबैभन्दा माथिल्लो छाना सुनको मोलम्बासहित धातुबाट निर्मित छ । मन्दिरको पहिलो, दोस्रो र तेस्रो तल्लाका छानाहरूमा जम्मा ४८ वटा टुँडाल र १२ वटा कुँसल (कुनाको टुँडाल) छन् । टुँडाल अडाइएको तल्लो भागको दलिनहरूमा धलिंख्वा, कंकाल तथा जनावरका टाउको आकृतिहरू, ताहा (सर्प), वा (दाँत), मिखा (आँखा) फूल आदि उत्कृष्ट बुट्टाहरू कुँदिएको छ । सबैभन्दा माथि धातुका तीनवटा आमलक कलशसहित गजुर राखिएको छ । गजुरको तल्लो भागबाट दोस्रो तल्लासम्म पुग्ने गरी धातुको बिलँपौ अर्थात् शिरबन्दी जस्तै झारिएको छ । यस मन्दिरमा गर्भगृह दोस्रो तल्लामा राखी सो तल्लालाई पनि प्रयोग गर्ने गरी त्यसभन्दा माथि मात्र तीन तहको छानायुक्त तल्लेशैली (प्यागोडाशैली) अनुरूप मन्दिर निर्माण गरिएको छ । त्यसकारण यो मन्दिर वास्तुशैलीको दृष्टिले उल्लेखनीय मानिन्छ । मन्दिर अवलोकन गर्ने जो कोहीले पनि यसको सौन्दर्यताप्रति प्रशंसा नगरी बस्न सक्दैनन् ।



**(महालक्ष्मी मन्दिर)**

## (ग) गोभ्राटेश्वर मन्दिर

लुभूको अर्को चर्चित मन्दिर धाफल टोलको गोभ्राटेश्वर महादेवको हो । शिखरशैलीमा निर्माण भएको यस


---

[१०] सिद्धिरत्न शाक्य, 'लुभूस्थित श्रीमहालक्ष्मी, श्रीमहाभैरव मन्दिरसंग सम्बन्धित आठ ताम्रपत्रहरु', रोलम्बा, भोलम १६, नं. २, सन् १९९६, पृ.२८-३२ ।

[११] उही ।

मन्दिरको क्षेत्रफल ३७० वर्गफिटमा फैलिएको छ। गजुरलाई टुप्पा बनाएर फेददेखि माथितिर चुलिन्दै गएको मन्दिरलाई शिखरशैली भनिन्छ। यही शैलीको विशेषता अनुरूप बनेको गोभ्राटेश्वर महादेवको मन्दिर एकतहको आधार पेटीमाथि रहेको छ। मन्दिरको मूल प्रवेशद्वार उत्तरतर्फ फर्किएको छ। यसको रथभागमा चारवटा बुर्जाहरू छन्। यस्तैगरी मन्दिरको पहिलो तल्लामा बरण्डा र बरण्डाको चार कुनामा बुर्जायुक्त अर्को शिखरशैलीका चारवटा साना मन्दिरहरू छन्। सबैभन्दा माथि धातुको आमलक र कलशयुक्त गजुर छ। आमलकमुनी सिंह आकृतिका उरूश्रृङ्गहरू छन्। सबैभन्दा मुनि गर्भगृह र चारैतिर प्रदक्षिणापथ रहेको छ। गर्भगृहको चार दिशामा चार ढोका र गर्भगृहमा गोभ्राटेश्वर शिवलिङ्ग आकृष्ट गरिएको छ। सो शिवलिङ्गको स्वरूप बेग्लै किसिमको देख्न सकिन्छ। अन्य शिवलिङ्गहरू सामान्यतया लामो र अण्डाकारका हुन्छन्। तर गोभ्राटेश्वरको स्वरूप भने चेप्टो आकारमा छ। त्यसकारण यसमा शिवका विभिन्न रूपहरू तत्पुरुष, सद्योजात, वामदेव, अघोर र इशानका मुखलिङ्गहरूको आकृति देख्न पाइन्दैन। यो शिवलिङ्ग सादा र धातुको वेसरशैली पीठमा निर्मित छ। साथै उक्त लिङ्गको दायाँ भागमा त्रिशुल र माथि चंदुवा झुण्ड्याइएको देख्न सकिन्छ। यसको दक्षिण भागमा प्रस्तरको भोगमण्डप छ। जहाँ गोभ्राटेश्वर महादेवलाई भोग (खाद्यपरिकार) चढाइन्छ। मन्दिरको प्राङ्गणमा अरू साना शिवलिङ्गका अतिरिक्त आकाशभैरव, गणेश, नारायण र सरस्वतीका मूर्तिहरू पनि छन्।

यस महादेवलाई चौसट्ठी शिवलिङ्गमध्ये एक मानिन्छ।[१२] यसको उत्पत्तिसम्बन्धमा स्थानीय समाजमा एउटा छुट्टै भनाई प्रचलित रहेको पाइन्छ। जसअनुसार गोभ्राटेश्वर महादेव कामधेनु गाईको गोबरबाट प्रकट भएको थियो। त्यसकारण यसको नाम गोभ्राटेश्वर रहन गएको भनिन्छ। अर्कोतिर वंशावलीमा भने बेग्लै भनाई उल्लेख भएको छ। यस गोभ्राटेश्वर शिवलिङ्ग गोश्रृंगी चक्रवती संगममा रहेको उल्लेख गरिएको छ।[१३] गोश्रृङ्गतीर्थलाई श्रृङ्गमती पनि भनिन्छ। श्रृङ्गमतीखोला लुभूको दक्षिणभेगमा पर्ने हुनाले उक्त खोलामा उत्पन्न शिवलिङ्ग नै गोभ्राटेश्वर महादेव हुन भनिएको छ।



**(गोभ्राटेश्वर मन्दिर)**

१२ नयनाथ पौडेल, भाषावंशावली, भाग १, काठमाडौः पुरातत्व विभाग, वि. सं. २०२०, पृ. ७।

१३ उही, पृ. ९।

### (घ) गुम्बजशैली, घण्टशैलीका मन्दिर एवं चैत्यहरू

लुभू बस्तीभित्र तल्लेशैली र शिखरशैलीका मन्दिर हरूबाहेक गुम्बजशैली, घण्टशैली एवं बौद्ध चैत्यहरू पनि छन्। चतुष्कोणाकार चौकोसमाथि गोलो गुम्बज रहेको मन्दिरलाई गुम्बज शैली भनिन्छ । यस प्रकारका मन्दिरहरू यहाँ धेरै छन् । च्वयलाछिमा रहेको भगवती मन्दिर, क्वयलाछिको विष्णुमन्दिर, धाफलटोलको भैरव मन्दिर र गणेश मन्दिर, सिमतलको चुनदेवी मन्दिर आदि गुम्बज शैलीमा निर्माण भएका छन् । घण्टशैली अनुरूप बनेका मन्दिरहरू सिमतलको सरस्वती मन्दिर र क्वयलाछीको गणेश मन्दिर हुन् । त्यसबाहेक यहाँका विभिन्न स्थानहरूमा लोकेश्वरको मन्दिर र चैत्यहरू पनि छन् । क्वयलाछि टोलमा लोकेश्वरको मन्दिर छ भने च्वयलाछि, क्वयलाछि र नासलटोलमा ध्यानीबुद्ध (अक्षोभ्य, रत्नसंभव, अभिताभ, अमोघसिद्धि तथा वैरोचन) सहितका चैत्यहरू छन् ।

### (ङ) ऐतिहासिक ढुङ्गेधारा र पाटी पौवाहरू

लुभू बस्तीभित्रका विभिन्न ठाउँमा ऐतिहासिक ढुङ्गेधारा र पाटीपौवाहरू छन् । धाफलटोल र सिमतल टोलमा पनि त्यस्तै ढुङ्गेधाराहरू स्थापना गरिएको छ । त्यसमध्ये धाफलटोलको ढुङ्गेधारालाई त्यसको बनावट शैलीको आधारमा लिच्छविकालीन मानिएको छ । अर्को ढुङ्गेधारा सिमतल टोलमा रहेको छ । त्यसलाई हरिशंकर भन्ने एक व्यापारीले प्रतिष्ठा गरेको कुरा त्यहाँ रहेको शिलालेखबाट थाहा हुन्छ । उल्लेखित ढुङ्गेधाराहरूमा विभिन्न देवदेवीका आकृतिहरू कुँदिएको पाइन्छ । एवंप्रकार सिमतल, च्वयलाछी, क्वयलाछी, नासलटोल, गोभ्राटेश्वर, धाफल, देवीस्थान आदि ठाउँमा धेरै ऐतिहासिक पाटीहरू छन् ।

### (च) सिमतलस्थित पाटीको अभिलेख

स्थानीय सिमतलस्थित पाटीमा एउटा अभिलेख रहेको छ । ने.सं. ८१९ (वि.सं. १७५५) माघ कृष्ण तिथि वृहस्पतिवार अङ्कित सो अभिलेख गौण अवस्थामा रहेको पाइन्छ । शूद्रवंशी सत्यरामका नाती हरिशंकरले लुभूको प्रशिद्ध लोकेश्वर मन्दिर, अमोघसिद्धि चैत्य, अमृत ढुंगेधारा तथा सिमतलस्थित पाटी प्रतिष्ठा गरी पोखरी जीर्णोद्धार गरी सो अभिलेख राख्न लगाएका थिए । निजले आफ्नो बाबुको पुण्यका लागि यज्ञ गरी ब्राह्मणलाई दान दक्षिणा दिई सो पुनित कार्यमा राजा योगनरेन्द्र मल्ललाई समेत आमन्त्रित गरी सुनको छाता चढाएको वर्णन त्यस अभिलेखमा गरिएको छ ।

**परिशिष्टमा दिइएको अभिलेखको मूल पाठ**[१४]

श्री लोकेश्वराय नमः ॥ चीनचरणम्मोजशोभा
... ... स्त्रिलोकस्यलोकदराराधितो चः सदानन्ददा
न्तोदयोदारचित्तो मुदा सर्वदा पातु लोकेश्वरी वः
पुरा शुद्रवंशे भवत्सत्यरामः सदा सत्याधारी सु ...
... शाभिरामः यशोतिप्रकाशे धनी धर्म्मधारी व ...
दान्योतिध स मुदास्योपकारी ॥ अथ तस्य वेभुत
सज्जनो हरिकृष्णस्तनयो दयादेयः । निज ...
... साधिताधिकभूतिः सुमतिर्व्वणिग्वरः । अपुत्र ।
... पुत्रवायन्छया सदेव योगाम्वर भक्ति ...
... ... डिर्जताधिक्यधनास्य तस्य .... ... भू ...
हरिशंकरः पुनः । सदा पितृभक्तस्पर धर्म्मति ...
तः पितः स्वर्ग्गवासाय साधो ... प्रणाली पुनः
...... मण्डपन्च स निर्म्माणयामास धर्म्मति शर्म्मा
विप्रभ्यो बहुदक्षिणा जलधरान वस्त्राणि दत्वा मखे श्री श्री
योगनरेन्द्र भूमिपतये स्वण्णति पत्रे पुनःसानन्द हरि
शंकरेण सुधिया तेन प्रणालीसरस्संकारी चित्र धर्म्म
कर्म्मारचवल्लोकेश्वरः स्थापितः । प्रणाल्योपरि सतवे
... शक्ति संयुक्तशोभित ॥ तेनेव स्थापितो भूयो मु
कसिद्धितथागतः ॥ विधिवत्स्थापिता तेन रचल्पदेवा
लयेः पुनः । हार ... ... ट्टय ... स्वारपत्रदा
अत्र ..... प्रणाल्या लोकेश्वर प्रतिष्ठा मना शम्व
.... तिथो च । ग्रहोत्वीवसो व ... ने वासेरपि गुरो
म्माधेमासस्च यक्षे कलक्षे ॥ अभी वंशावलिश्लोका
...... कारि द्विजन्मना ॥ हरिवंशस्य पुत्रेण श्री गङ्गाध
रशर्म्मणा ।

## उपसंहार

प्राचीनकालदेखि अस्तित्वमा आएको लुभू बस्ती मध्यकालमा अझ विकास भएको थियो । तत्कालीन समयमा यस बस्तीको आर्थिक दृष्टिले समेत महत्व राखेको थाहा हुन्छ । उपत्यकाका कृषि उत्पादन राम्रो हुने क्षेत्रहरूमध्ये लुभू पनि एउटा हो । यो अवस्था मध्यकालमा पनि थियो । उपत्यकाका तत्कालीन मल्ल शासकहरूले यस बस्तीलाई आफ्नो प्रभावमा पार्न सक्दो प्रयास गरेका थिए । भक्तपुरका राजा जगतप्रकाशमल्लले ने.सं. ७८८ मा एउटा कोट इलाका दखल गर्ने क्रममा ललितपुरका राजा श्रीनिवासमल्लसित एकलाख रूपैया र लुभू ग्राम मागेका थिए । यस्तैगरी राजा रणजितमल्ल र जयप्रकाशमल्लबीच भएको ने.सं. ८७८ को सन्धीपत्रमा लुभू क्षेत्र भक्तपुरको अधिनमा रहेको उल्लेख छ । यसले लुभू बस्तीको महत्वमाथि प्रकाश पार्दछ । पृथ्वीनारायण शाहले आफ्नो राज्य विस्तार गर्ने क्रममा ललितपुर जित्नुअघि यसै बस्ती क्षेत्रलाई दखल गरिसकेका थिए ।

राजनैतिक तथा आर्थिक दृष्टिकोणबाट यस ठाउँको आफ्नै महत्व छ । त्यसबाहेक धार्मिक, सांस्कृतिक तथा पुरातात्विक दृष्टिले पनि यसको छुटै महत्व रहँदै आएको छ । यहाँ रहेका देवदेवीका मन्दिरहरू विभिन्न सययमा निर्माण भएका हुन् । सबै मन्दिरहरू कलात्मक र आकर्षक छन् । उल्लेखित मन्दिर, चैत्य, ढुङ्गेधारा तथा पाटीपौवाहरूको निर्माणबाट समाजमा सम्बन्धित धर्म र धार्मिक आस्था जगाउनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । साथै लुभू बस्तीको सुन्दरतालाई पनि त्यतिकै वढाएको छ । कलाकृतिलाई स्थानीय समाजको सभ्यता अभिव्यक्त गर्ने एउटा सशक्त माध्यम मानिन्छ । किनभने तत्कालीन समाजको स्वरूपलाई कलाकारले आफ्नो कलाद्वारा प्रतिविम्बित गर्दछ । तसर्थ यहाँको पुरातात्विक सम्पदाहरुको अध्ययनबाट लुभूको तत्कालीन सामाजिक, सांस्कृतिक तथा धार्मिक अवस्थालाई बुझ्न सहयोग पुऱ्याएको छ ।

## सन्दर्भग्रन्थसूची


घिमिरे, जगन्नाथ, "श्रृङ्गऋषि आश्रम एक परिचय", *स्मारिका*, लुभू महोत्सव, वि.सं. २०५४ ।

धौबन्जार, गोपाल, *काठमाडौं उपत्यकाका बस्तीहरू*, काठमाडौंः श्रीमती कल्पना श्रेष्ठ, वि.सं. २०६८ ।

पौडेल, गुहनाथ, "लुभू लामाटारको ऐतिहासिक परिचय", *स्मारिका*, लुभू महोत्सव, वि.सं. २०५४ ।

पौडेल, नयनाथ, *भाषावंशावली*, भाग १, काठमाडौंः पुरातत्व विभाग, वि. सं. २०२० ।

मिश्र, इन्दुमती, *प्रतिमा विज्ञान*, भोपाल (भारत): मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी, सन् १९७२ ।

वज्राचार्य, धनवज्र, *लिच्छविकालका अभिलेख*, काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५३ ।

वज्राचार्य, धनवज्र, *मध्यकालीन अभिलेख*, काठमाण्डौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५६ ।

शर्मा, डिल्लीराज, *प्रारम्भिक पुरातत्व विज्ञान*, काठमाडौंः डिल्लीराज प्रदिपनाथ, २०४६ ।

शाक्य, सिद्धिरत्न, "लुभूस्थित श्रीमहालक्ष्मी, श्रीमहाभैरव मन्दिरसंग सम्बन्धित आठ ताम्रपत्रहरू", *रोलम्वा*, भोलम १६, नं. २, सन् १९९६ ।


श्रेष्ठ, पुरुषोतमलोचन, *अनन्तलिङ्गेश्वर (एक सांस्कृतिक अध्ययन)*, भक्तपुरः अमनलोचन श्रेष्ठ, वि.सं. २०६४ ।

# परिशिष्ट १



सिमतल स्थित पाटीको अभिलेख (क)

परिशिष्ट २



सिमतल स्थित पाटीको अभिलेख (ख)

# जमिनको तिरो निर्धारण सम्बन्धी वि.सं. १९८३ सालको व्यवस्था

- डा. भवेश्वर पंगेनी

परिचय

वर्तमानमा मुलुकको आम्दानीको मुख्य स्रोत कृषी व्यवसाय भएको तथा जमिन अर्थात मालपोत नै राष्ट्रिय आयको महत्वपूर्ण हिस्सा भएको छ । यस्तो अवस्थामा राणाकालको उत्तरार्द्धतिर मुलुकमा उद्योगधन्दाको स्थापना नै नभएको अवस्थामा राष्ट्रिय आयका लागि मलुक जमिनमा नै निर्भर रहनु पर्दथ्यो । त्यसैकारण वञ्जर जमिन आबाध गरी वस्ति बसाल्ने कामका लागि केन्द्रले मुलुकका सबै गौंडा, गढी एवम् गोश्वाराका तैनाथवालाई निर्देशन दिने गर्दथ्यो । जहाँसम्म 'तिरो' अर्थात जमिनबाट 'मालपोत' उठाउने सन्दर्भ छ त्यसका लागि पनि सरकारले प्रायः व्यक्तिलाई ठेक्कामा दिने गर्दथ्यो । यसका लागि जमिनको नाप लिएर त्यसको तिरो अर्थात मालमोत रकम निर्धारण गर्नु पर्ने त्यत्तिकै आवश्यकता पर्दथ्यो । नेपालको आर्थिक इतिहासमा एउटा निश्चित मापदण्ड तयार गरी नाप एवम् वर्गीकरण गर्ने काम तथा सो कामको दायित्व विषेशः थर भएका मनिसलाई दिने सम्भवतः राजा जयस्थिति मल्लले थालनी गरेका थिए । त्यसो त सो भन्दा अगाडि पनि जमिन नाप गर्ने परम्पराको विकास भइसकेको थियो । उनले आज भन्दा ६३० वर्ष अगाडि अर्थात वि.सं. १४४० तिर राजा बनेका[1] जयस्थिति मल्लले राज्यका तर्फबाट यस सम्बन्धमा एउटा नियम नै बनाएका थिए जसमा देहायको प्रसङ्ग परेको थियो;[2]

> *"...बुढी अगुलाको चौवीस अगुलीका प्रमाणको हात १ आफ्नो हातको प्रमाण गरी वनाएको स्थीटी गल्लीका घरका प्रमाण खायक घरको चौरोतरफ नापी हात पंचानव्य ९५ गल्ली भीत्रका घरको प्रमाणखा १ घरको चारैतरफ नापी हात एक सय एक हात १०१ सहर पट्टीका घरको प्रमाण हात पचासी ८५ यस्ता हीसापले घरका वीखयमा तीन प्रकारका नापीको नीयम वाध्ये...*
>
> *...अव्‌ल.डोयम.सीम.चाहार. चार प्रकारको व्वस्थावाधी संख्याको स्थीती गरे जस्तो-अवल षेतमा चारैतरफ नापी प्रमाण यकसय नउ हातको कर्ष सीम खेतमा चारै तरफ नापी प्रमाण यकसय वाह्र ११२ हात कर्ख १ चाहार षेतमा चारैतरफ नापी यकसय पचीस १२५ को कर्ख १ गराए वुधी अगुलाका चौवीस अगुलीको यक हातका प्रमाणले साढे सात हात ७॥ हातको प्रमाण भएको टागो नाउ गरेको खेत नापनेमान डण्ड वनाए अघी खेत आडी नापी कार्यका वीखएमा साऱ्हे दस १०॥ हातका प्रमाणको मान डण्ड थीयो यी राजाका पाला त्यो मैती आफ्ना हातको प्रमाण गरी ७॥ हातको मान डण्डलाई नापी गर्नालाई डंगुल भन्ने नाउ भएको क्षत्रकारक जात प्रसीध गरी व्यवहार गरे घर नापी गर्ने कार्यका वीखयमा तक्षकार बाडाहरु मध्ये पीछ्रु भन्ने नाउ भएको गृहकारक जात प्रसीध गरे..."*

कृषीमा आधारित नेपाल जस्तो देशका लागि जमिन नै आर्थिक उपार्जनको प्रमुख स्रोत भएकाले नेपालको एकीकरणपूर्व नै विभिन्न किसिमबाट जमिनलाई प्रयोग गरिन थालेको थियो । यसरी प्रयोग गरिएको जमिनलाई रैकर, वीर्ता, गुठी, सेरा, किपट भनिन्थ्यो भने पहाड तथा काठमाडौं उपत्यकामा जमिनको परिमाणलाई 'रोपनी' भनियो ।[3] भीमसेन

---

[1] सूर्य विक्रम ज्ञवाली, नेपाल उपत्यकाको मध्यकालीन इतिहास, काठमांडुः रायल नेपाल एकेडेमी, वि.सं. २०१९, पृ. ७८ ।

[2] चन्द्रविक्रम बुडाथोकी, जयस्थिति मल्लको सुधार, पुलचोकः साझा प्रकाशन, वि.सं. २०३९, पृ. ५-६ ।

[3] एम.सि. रेग्मी, ए स्टडि इन नेपाली इकोनोमिक हिस्ट्रिः १७६८-१८४६, न्यू दिल्लीः मञ्जुश्री पब्लिसिङ हाउस, ई.सं. १९७८, पृ. २६-२८,२२९ ।

थापाले विद्यमान मालपोत व्यवस्था एवम् दरमा केही परिमार्जन गरेका थिए ।[४]

बाँझो जमिन आबाद गराउने तथा मुलुक भरका आबाद जमिन छुट्न नपाउने किसिमबाट नाप-जाँच गरी तिरो निर्धारण एवम् असुली गर्ने कार्यलाई राणाकालमा पनि निकै महत्त्व दिइएको पाइन्छ । यसै सन्दर्भमा प्रधानमन्त्री चन्द्रशमशेरको समयमा पनि जमिन नाप-जाँच गरी तिरो तोक्नका लागि विषेश निर्देशन दिइएको थियो । खासगरी प्रधानमन्त्री चन्द्रशमशेरको नामबाट 'रुक्का' तथा कम्यान्डर इन. चीफ भीमशमशेरको नामबाट 'पत्रम्' उल्लेख गरिएको वि.सं. १९८३ साल कार्तिक १४ गते वार ७ का दिन गुल्मीसमेत ८ जील्लाका हाकिम-कारिन्दालाई सम्बोधन गरेर एउटा इस्तिहार जारी गरिएको थियो । त्यसै इस्तिहारका आधारमा यहाँ आबाद जमिन एवम् त्यसको उब्जनी नाप-जाँच गरी तिरो तोक्ने नयाँ व्यवस्थाका बारेमा चर्चा गरिएको छ ।[५]

## जमिनको तिरो तोक्ने व्यवस्था

राणाकालमा सरकारले ठेक्काबाट जमिनको मालपोत (तिरो) उठाउने गर्दथ्यो । ठेक्काका अतिरिक्त परम्पराबाट चलिआएको रितअनुसार थिति (थिति-अघिदेखि चलिआएको चलन; परम्परा; व्यवस्था; रीति)[६] का आधारमा पनि मालपोत उठाउने व्यवस्था थियो । जुनसुकै किसिमबाट तिरो उठाउने गरेको भए तापनि नगद तिरो तोकिएदेखि बाहेक भर्खर भर्खर आबाद गरिएका जमिनका सम्बन्धमा सरकारले नियम बनाएर सर्वसाधारणलाई एउटा इस्तिहार मार्फत जानकारी दिएको थियो । वि.सं. १९८३ साल कार्तिक १४ गतेका दिन जारी गरिएको सो इस्तिहारको मितिदेखि आबाद गरिएको जमिनलाई सदंस (?) का दरले तिरो तोक्नु पर्ने कुरा सम्बन्धित इस्तिहारको दफा १ मा उल्लेख गरिएको कुरा यो लिखतमा पनि स्मरण गराइयो ।

बाँझो जमिन आबाद गरेका खण्डमा सरकारले त्यस्ता रैतिलाई केही वर्षको तिरो मिनाहा गर्दथ्यो । नयाँ आबाद गरिएको जमिनको उब्जनीका आधारमा तिरो तोक्ने गरिन्थ्यो । त्यस्ता जमिनबाट हुने उब्जनीको परिमाण एकिन गर्नलाई तिरो माफी गरिएको प्रत्येक वर्ष सँधियार एवम् स्थानिय भलाद्मी समेतको उपस्थितिमा बाली काट्न लगाई भित्र्याउन तयार गरिएको खाद्यान्नलाई माना/पाथीले नाप्न लगाइन्थ्यो । यसरी सम्बन्धित जमिनको उब्जनीको यथार्थ विवरण लिएपछि तल्सिङ तथा मोहीले पाउने खाद्यान्न अर्थात दुवै बोटीको परिमाण उल्लेख गरी दुई प्रति मुचुल्का तयार गरिन्थ्यो । दुईमध्ये एउटा सम्बन्धित माल अड्डामा तथा अर्को सम्बन्धित तालुकदारसँग राख्नु पर्ने थियो । यो सबै काम मालअड्डाका कर्मचारीको रोहबरमा गरिन्थ्यो ।

उब्जनी माफी गरिने वर्ष भित्र मोहिले माल अड्डाबाट उब्जनी जँचाएर ठहरेको उब्जाको परिमाणअनुसार जमिनको किसिम कायम गरिन्थ्यो । यसरी जमिनको किसिम कायम गर्दा मालअड्डाबाट पहिले उब्जा जाँच गराई लेखिएको मुचुल्का झिकाएर सोहीअनुसार कायम गर्नु पर्दथ्यो ।

तालुकदारले पनि सरकारको नोक्सान नहुने गरी असल समयमा अर्थात राम्रो उब्जनी भएको मौका पारेर उब्जनी जाँच्नु पर्ने व्यवस्था गरियो । माथि उल्लेख गरिए जस्तै जमिनको उब्जनी जाँच गर्दा त्यसको छिमेकमा पर्ने जमिनको उब्जनीसमेतका आधारमा सम्बन्धित जमिनको किसिम कायम गरी कुत निर्धारण गरिने कुरा उल्लेख गरी वि.सं. १९७७ साल असार २८ गते आइतबारका दिन सरकारले एउटा इस्तिहार जारी गरिसकेको कुरा पनि त्यस इस्तिहारमा चर्चा गरिएको थियो ।

वि.सं. १९८३ सालको इस्तिहारद्वारा उल्लिखितमध्ये कतिपय नियम लागु गरिए तापनि कतिपय थुम एवम् गाउँका तालुकदारले वि.सं. १९७७ सालमा आबाद गरेको जमिनको वि.सं. १९८१ सालदेखि मात्र बाली आउने भनी दर्खास्त दिएका रहेछन् । दर्खास्त दिँदा सम्बन्धित निकायबाट उनीहरूलाई पहिले वि.सं. १९७७ सालमा जारी गरिएको इस्तिहारअनुसार जमिनको उब्जनी नजँचाएको भनी कारबाही गर्ने प्रयास गरिएको थियो । अर्कातर्फ सम्बन्धित मोहीहरूले वि.सं. १९७७ सालमा बिराएको जमिनबाट चार वर्षपछि अर्थात १९८१ सालदेखि बाली आउने भएकाले सोही १९८१ सालमा तालुकदार समक्ष जाहेर गरेको देखिन्छ । यो कुरा तालुकदारहरूले सम्बन्धित निकायलाई जानकारी दिएका थिए । त्यतिमात्र नभई सम्बन्धित ६ जना तालुकदारले आफ्नो क्षेत्रका मोहीले उब्जनी जँचाउन सरकारी निकायमा नगए बापत आफुहरू नियमानुसार दण्ड सजायको भागिदार हुन तयार रहेको कुरा मालअड्डालाई लिखित रुपमा जानकारी पनि गराएका थिए ।

यहाँ उल्लेख्य के छ भने नयाँ आबाद गरेको जमिनको तिरो चार वर्षसम्म माफी हुने व्यवस्था थियो । त्यसैले जमिन आबाद गरेको पाँच वर्षदेखि मात्र सरकारलाई उब्जनीअनुसारको तिरो बुझाउनु पर्दथ्यो । सोही कारणबाट पनि वि.सं. १९७७ सालमा जमिन आबाद गर्ने किसानहरू

[४] चित्तरञ्जन नेपाली, जनरल भीमसेन थापा र तत्कालीन नेपाल, काठमाडौँः रत्न पुस्तक भण्डार, वि.सं. २०३५ (तस्रो संस्करण), पृ. १६२ ।

[५] गुल्मीलगायत ८ जिल्लाका हाकिम-कारिन्दाका नाममा वि.सं. १९८३ साल कार्तिक १४ गते वार ७ दिन जारी गरिएको इस्तिहार । यो इस्तिहार त्रिभुवन विश्वविद्यालय, इतिहास केन्द्रीय विभाग, कीर्तिपुरको अभिलेख शाखामा रहेको छ । यो इस्तिहारको लिखत परिशिष्टमा दिइएको छ ।

[६] कृष्णप्रसाद पराजुली, नेपाली बृहत् शब्दकोश, काठमाडौँः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०४०, पृ. ६२२ ।

चार वर्षपछि वि.सं. १९८१ सालमा उब्जनी कायम गरिदिनका लागि सम्बन्धित तालुकदार समक्ष गएको देखिन्छ । उब्जनी माफी हुने समय पनि सकिएकाले जमिनको उब्जनीको तिरो तोक्न अप्ठारो परेको तथा आयन्दा यस्तो भएमा के कस्तो गर्नु पर्ने हो सो सम्बन्धमा निर्देशन दिनका लागि पनि उल्लिखित ६ जना तालुकदारहरूले सरकारी निकायमा लिखित अनुरोध गरेको देखिन्छ ।

ति तालुकदारले सरकारको सम्बन्धित निकायलाई लिखित रुपमा दिएको सुझावमा वि.सं. १९७७ सालमा पर्ति (बाँझो) जमिन आबाद गरेका किसानलाई तिरो तोक्न अप्ठारो परेकाले सो सम्बन्धमा के कस्तो व्यवस्था गर्ने तथा भविष्यमा त्यस्तै अवस्था पर्न गएमा कस्तो व्यवस्था गर्न उपयुक्त हुन्छ भन्ने जस्ता व्यवहारिक विषय परेको उल्लेख पाइन्छ। त्यतिमात्र नभएर उनीहरूले नयाँ आबाद गरिएको जमिनको तिरो तोक्ने सम्बन्धमा पनि उपयुक्त किसिमको सल्लाह दिएको देखिन्छ ।

त्यसका अतिरिक्त आफ्नो माल इलाकामा धान वाली कम हुने भएकाले रैति (सर्वसाधारण किसान) एवम् तालुकदारहरू सबै साविकबमोजिम आँठा सरह तिरो तोक्न राजी भएकाले सोहीअनुसार तिरो तोक्ने व्यवस्था गर्नका लागि पनि उनीहरूले सम्बन्धित निकायमा दर्खास्त दिएका थिए । उब्जनीका आधारमा तिरो तोक्ने भएमा त्यसका लागि थप समय एवम् मदत चाहिने कुरा पनि तालुकदारहरूले अनुरोध गरेका थिए । त्यस सन्दर्भमा उनीहरूले देहायका उपाय औंल्याएका थिए:[७]

- किसानले नयाँ जमिन आबाद गर्न दर्खास्त गरेका खण्डमा सम्बन्धित तालुकदारले सो जमिन आबाद गर्न हुने/नहुने ठहर गर्नु पर्दथ्यो । जमिन आबाद गर्न हुने ठहरिएमा प्रत्येक वर्ष असौज र कात्तिक महिनामा तालुकदारले सम्बन्धित माल अड्डामा सो सम्बन्धमा दर्खास्त दिनु पर्दथ्यो । यसरी दर्खास्त परेका खण्डमा माल अड्डाले पनि सोही सालमा उक्त जमिन जाँच गरी अन्दाजी माटो समेत कायम गरी मोहीलाई मुचुल्का गराउनु पर्दथ्यो । त्यस्तो मुचुल्कामा जमिन आबाद गर्ने व्यक्तिको कबुलियत गराउने व्यवस्था थियो । त्यसपछि मात्र जमिन आबाद गर्ने अख्तियारी अर्थात पुर्जि दिइन्थ्यो । नियमानुसार जमिन आबाद गर्ने किसानको जमिनको उब्जनी तेस्रो वर्ष तालुकदारले र चौथो वर्ष मालअड्डाले जाँच गर्ने व्यवस्था थियो । त्यसरी दुई बेग्ला बेग्लै निकायबाट दुई बेग्ला बेग्लै समयमा जाँच गरिसेकपछि जुन वर्षको बढी हुन्छ त्यसैलाई कायम गरी तिरो तोक्ने अख्तियारी दिनु पर्ने,
- तालुकदारबाट पुर्जी लिएर मात्र जमिन आबाद गर्नु पर्ने भयो । उब्जनी जँचाउन बाधा पार्ने तथा उब्जनी नजँचाउने किसानलाई सजाय गर्नु पर्ने,
- . तालुकदारले उब्जा जाँचेको मुचुल्का मंसिर महिना भरमा मालअड्डामा बुझाएर भर्पाइ लिनु पर्ने,
- उब्जनीको छ खण्डको एक खण्ड तिरो तोकिएमा जमिनको नाप गरी तालुकदारले लेखाएको माटोको परिमाणलाई कायम गरिनु पर्ने,
- उब्जनी जाँचको मुचुल्का एवम् सरजमिनमा पर्ति जमिन आबाद गर्ने किसान, जिम्मावाल तथा सँधियार हरूको सही छाप पर्ने हुनाले नम्बरीमा अन्य कसैको पनि सहिछाप गराउनु नपर्ने,
- खोलो एवम् पैऱ्होले बारी खाएका कारण किसानले पर्ति जमिन बिऱ्हाएमा बिऱ्हाएको वर्षदेखि नै उब्जनीअनुसार त्यसको पनि तिरो तोक्नु पर्ने थियो । त्यसैले त्यस्तो जमिनको साविकबमोजिम नम्बरीमा सहीछाप गराउन वा नापी मुचुल्कामा साविकबमोजिम सहीछाप गराउनु पर्दथ्यो । नम्बरी जमिनमा भने सहीछाप गराउनु नपर्ने व्यवस्था हुनुपर्ने,
- जमिन बिऱ्हाएर उब्जनी लिए तापनि कतिपय किसानले सम्बन्धित निकायमा त्यसको विवरण नदिएका उदाहरणहरू पनि थिए । त्यस्ता किसानका विरुद्ध कतैबाट उजुर परी जमिन नापी गर्दा विवरण दबाएको ठहरेमा छ खण्डको एक खण्डका दरले तिरो दर्ता गर्नका लागि सरकारबाट अख्तियारी पाउनु पर्ने,
- उब्जनी जाँची/जाँचाई म्यादभित्र मुचुल्का दाखिल नगर्ने किसान एवम् तालुकदारलाई गरिने सजायको किसिम तोक्ने र,
- प्रत्येक वर्ष कात्तिक र मंसिर दुई महिनाभित्र मालबाट उब्जनी जाँच्नु पर्ने व्यवस्था थियो । निर्धारित समयभित्र काम नसकिएका खण्डमा बाँकी जाँच्ने काम अर्को वर्ष गर्नु पर्दथ्यो । त्यस्तो अवस्थामा नाप्न छुटेको जमिनको एक वर्षको सरकारी रकम अर्थात तिरो रकम नोक्सान पर्न जान्थ्यो । सरकारी रकम नोक्सान पार्नु जघन्य अपराध मानिन्थ्यो । त्यसैले उल्लिखित तालुकदारहरूले सरकारसँग प्रत्येक वर्ष बाँकी नरहनेगरी त्यस्ता जमिन नापि गर्ने व्यवस्था मिलाउन अनुरोध गरेका थिए । निर्धारित समयमा नापि गर्ने काम सक्नका लागि मालअड्डाको मद्दतले नभ्याउने भएमा मालअड्डाबाट लिखित अनुरोध गरिए बमोजिम कर्मचारी खटाई दिन गोस्वाराअड्डा, जङ्गी

[७] गुल्मीलगायत ८ जिल्लाका, पाद टिप्पणी नं. ५ ।

परेडअड्डा र अदालतअड्डाको नाममासमेत सनद गरिदिन माफकिराँत मालअड्डाले सरकार समक्ष अनुरोध गरेको देखिन्छ । सोही आधारमा 'पाहाड बन्दोबस्त रिपोर्ट फाँट' ले १२ बुँदामा सो सम्बन्धी विस्तृत निर्देशन दिएको थियो । उक्त निर्देशनका २, ३, ६, ७ र ८ दफाको सन्दर्भलाई विद्यमान ऐन सवालबमोजिम गर्न हुन्छ भनी गुल्मी अड्डाबाट छुट्टै लेखोट जाने हुनाले निकासाको आवश्यकता नपरेको जानकारी दिइएको थियो । त्यसैगरी बाँकी १, ४, ५, ९, १०, ११ र १२ दफा कार्यान्वयन गर्ने सन्दर्भमा नगद तिरो लागेका बाहेक केही नगद र केही धान तिरो लागेका जिल्लाका मालअड्डालाई आवश्यक पर्ने सनद तर्जुमागरी पठाइदिन 'पावं रिपोर्ट फाँट' ले सम्बन्धित निकायमा जाहेर गरेको थियो । जाहेरीमा वि.सं. १९८३ साल भन्दा अगाडि गरिएको काम पटके हुने भएकाले पावं रिपोर्ट फाँटबाट निकासा दिन बाधा पर्ने हुनाले 'तालुक बन्दोबस्तअड्डा' मार्फत जाहेर गरी निकासा गराउनु पर्ने कुरा पनि सो जाहेरीमा उल्लेख गरियो ।

वि.सं. १९८३ सालपछिका लागि भने उल्लिखित दफाका अन्य विषयमा विद्यमान सवाल एवम् सनदअनुसार गर्न ठेक्का र थितिको तोक पठाउनु पर्ने व्यवस्था गरियो । यसै सन्दर्भमा नगदी र तिरो लागेको बाहेकका गौंडा, गढी, गोस्वारा र अदालतलगायत सम्बन्धित अन्य अड्डालाई आवश्यकता माफिकको बेहोराको सनद गराई पठाउनु पर्ने कुरा पनि सो सनदमा उल्लेख गरियो । सोही सनदअनुसार काम गर्न/गराउन मिसिलसमेतको तोक पाहाड बन्दोबस्त रिपोर्ट फाँटमा पठाउन मुलुकी बन्दोबस्त अड्डाले ठहर गरेको थियो । खड्गनिसानाअनुसार तपसिलका सन्दर्भमा सोहीअनुसार र अन्य विषयमा विद्यमान सवाल एवम् सनदअनुसार काम गर्न गुल्मीसमेत ८ जिल्लाका नाममा सनद गर्नु पर्ने पाहाड बन्दोबस्त रिपोर्ट फाँटका हाकिम कारिन्दाको लिखत ठहर प्रधानमन्त्री समक्ष पेश गरेका थिए । मुलुकी बन्दोबस्त अड्डाको सोही ठहरलाई वि.सं. १९८३ साल आषाढ ११ गते रोज ५ का दिन प्रधानमन्त्रीको खड्गनिसानाबाट सदर गरिएको थियो । प्रधानमन्त्री चन्द्रशमशेर एवम् कम्याण्डर इन.चीफ भीमशमशेरबाट सदर गरिएकाले सो खड्गनिसानलाई माथि उल्लेख गरिए जस्तै 'रुक्का', 'सनद' का रुपमा गुल्मीसमेत ८ जिल्लाका हाकिम तथा कारिन्दाका नाममा वि.सं. १९८३ साल कार्तिक महिनामा जारी गरिएको थियो । उनीहरूलाई सोही रुक्का/सनदअनुसार काम गर्न पनि यसप्रकार निर्देशन दिइएको देखिन्छ ।

- वि.सं. १९८३ सालदेखि प्रत्येक वर्ष पौष महिनाका १५ गतेसम्म उब्जनी जाँच गर्न सरजमिनको मुचुल्का मालअड्डामा दाखिल गराउन सम्बन्धितका नाममा उर्दी, पुर्जी गराउनु पर्ने भयो । सनदबमोजिम सरजमिनमा रैतीलाई गराइएको मुचुल्का अनुसार मालअड्डाबाट उब्जनीको जाँच गरिन्थ्यो । त्यसैकारण सो म्यादभित्र मुचुल्का बुझिलिएर आबाद गरिएको जमिनको उब्जनी जाँच गर्नका लागि मुलुकी बन्दोबस्त अड्डाको तोकको दोस्रो दफामा लेखिएको सन्दर्भ सदर गरिएको थियो । जेहोस् वि.सं. १९८३ सालदेखि भने मालबाट उब्जनी जाँच गर्नलाई सरजमिनको मुचुल्का पौष १५ गते सम्ममा मालमा दाखिल गराउनु पर्ने भयो ।
- चार भञ्ज्याङ् अर्थात काठमाडौं उपत्यका भित्रको जमिन आबाद गर्ने विषयसँग सम्बन्धित काम कारवाही सञ्चालनका लागि नयाँ अड्डा अर्थात ' एगृकल्चर अफिस' स्थापना गरियो ।
- आबाद गर्न हुने तथा नहुने जमिन जाँच गरी आबाद गर्न हुने ठहरिएपछि मात्र एगृकल्चर अफिस ले त्यस कार्यालयले आबाद गराउँथ्यो । त्यस क्रममा एगृकल्चर अफिसले काठमाडौं उपत्यका इलाका माल अड्डालाई निर्देशन दिने गर्दथ्यो । निर्देशन अनुसार इलाका मालअड्डाबाट जमिन आबाद गर्ने व्यक्तिलाई नियमानुसार कबुलियत गराएर मात्र जमिन दिइन्थ्यो । नियमानुसार किसानले आबाद गरेपछि त्यस जमिनको नाप, जाँच एवम् उब्जनी समेतको जाँच गरी सोही अनुसार जमिनको किसिम कायम गरी कुत एवम् तिरो तोक्ने काम हुन्थ्यो । यहाँ स्मरणीय के छ भने यो सन्दर्भ काठमाडौं उपत्यकाको मात्र हो ।
- इलाका मालअड्डाले पनि आबाद गराइएको जमिनको नम्बरीमा लगत राखिएको वा नराखिएको जाँच्ने काम गर्नु पर्दथ्यो । त्यसपछि सो लगत (विवरण) लाई पाहाड बन्दोबस्त अड्डामा नै एगृकल्चर अफिसबाट जाँच गरिन्थ्यो । जाँचबाट नम्बरी भए, नभएको भिडाउन अप्ठेरो हुने कुरा पावं लगत फाँटले सरकारको सम्बन्धित निकायमा जाहेर गरेको थियो । सोही जाहेरी अनुसार वि.सं. १९८३ साल कात्तिक महिनादेखि नयाँ जमिन आबाद गर्नका लागि थप व्यवस्था गर्नु पर्ने देखियो ।
- नयाँ व्यवस्थाअनुसार जमिन आबाद गर्नका लागि सम्बन्धित निकायमा दरखास्त दिनुपर्ने भयो । यसरी दरखास्त परेपछि मात्र आबाद गर्न हुने, नहुने जाँच

गरिन्थ्यो । यसक्रममा कसैको सन्धि सर्पन नपरी ऐन सवालले आबाद गर्न हुने ठहरेपछि मात्र जमिन आबाद गर्न दिने प्रक्रिया थालनी गरियो । त्यस क्रममा सरजविनपछि मात्र जमिनलाई नाप, जाँच गरिन्थ्यो । त्यसै बखत सरजमिन गर्ने सँधियार, भलाद्मी, जमिन आबाद गर्न कबोल गर्ने किसान (रैती/मोही) तथा मालअड्डाका कर्मचारी साछी राखि नाप, जाँचको दुई प्रति लिखत तयार गर्नु पर्दथ्यो । रैतिलाई निश्चित वर्षदेखि निर्धारित दरमा इलाका मालअड्डामा तिरो बुझाउने बेहोराको कबुलियत गराई त्यसमा नाप, जाँच गर्दा बस्ने सबैको सही, छाप गराइन्थ्यो । त्यसपछि मात्र निजलाई जमिन अवाद गर्न 'चलन पुर्जि' दिइन्थ्यो । त्यस्तै आबाद गर्ने किसानको कबुलियत र नापी खेस्रा एक प्रति इलाका मालमा र एक प्रति एगृकल्चर अफिसमा राख्नु पर्दथ्यो । वर्ष सकिएपछि पहिलेको लगतअनुसार आबाद गराई नम्बरीमा दर्ता गरिए/नगरिएको जाँच गरिन्थ्यो । यसका लागि एक प्रति 'चेख किताब' पावं लगत फाँटमा राख्नु पर्दथ्यो । त्यसैकारण एक प्रति चेख किताब एगृकल्चर अफिसले पावं लगत फाँटमा बुझाउनु पर्ने व्यवस्था गरियो । एगृकल्चर अफिसले पठाएको नापी खेस्रा र कबुलियत प्राप्त भएपछि मात्र मालअड्डाले जमिन आबाद गर्ने किसानलाई 'चलन पुर्जि' दिनुपर्ने व्यवस्था गरियो । यसरी बाँझो जमिन आबाद गर्ने अख्तियारी दिइए तापनि माफी भुक्तान नभएसम्म जमिनको किसिम तथा तिरोको दर नतोकिने भएकाले नम्बरी किताबमा दर्ता गर्न अप्ठेरो पर्नजान्थ्यो । त्यसैले ऐन, सवाल, सनदअनुसार प्रत्येक वर्ष उब्जनी जाँची जमिनको किसिम कायम गरी कुत, तिरो तोकेपछिमात्र ऐन, सवालको रीत पुऱ्याई 'सदर नम्बरी' मा दर्ता गर्ने व्यवस्था भयो ।

नम्बरीमा दर्ता नभएसम्म नापीको खेस्रा कबुलियतअनुसार माटोको परिमाणसम्म नम्बरीमा दर्ता गरी छुट्टै 'धरौटी नम्बरी किताब' मा लगत राख्नु पर्दथ्यो । नियमानुसार उब्जनी जाँची जमिनको किसिम कायम गरी जमिन कमाउनेलाई तिरो माफिको समय भुक्तन भएपछि धरौटी नम्बरीमा खर्च लेखी नम्बरीमा नै लगत राखिन्थ्यो । यसरी तयार गरिएको लगत पावं लगत फाँटमा दखिल गर्नु पर्दथ्यो । उल्लेख्य के छ भने जुनसुकै जमिन तथा उब्जनीको परिमाण कायम गरिए पनि तिरो निर्धारणको काम भएपछि सरकारी रेकर्डमा स्थायी रुपमा दर्ता गर्ने अभिलेख पुस्तिकालाई 'नम्बरी लगत' भनिन्थ्यो ।

- धरौटी र नम्बरीको सन्दर्भमा साल तमाम भएको ३५ दिन भित्र एगृकल्चर अफिसको चेख बमोजिम पावं लगत फाँटमा भिडाएर लगत फिर्ता ल्याउनु पर्दथ्यो ।
- कुत, तिरो तोकी दर्ता गर्न बाँकी रहेका नम्बरी किताप जति हालसाविक भएमा बुझबुझारथ गरिन्थ्यो ।
- एगृकल्चर अफिसको चेख अनुसार माफी भुक्तान नभएसम्म धरौटी नम्बरीमा दर्ता गर्नु पर्ने जमिनलाई दर्ता नगरी छुटाएको देखिएमा दर्ता गर्न पठाएकोमध्ये ६ रोपनीको १ रोपनिको मोहरू १/- (एक रुपैयाँ) का दरले जरिवाना गरी दर्ता गरिने भयो ।
- सदर नम्बरीमा लगत राखेकोमा पावं लगत फाँटका नाममा भएको सवाल, सनदअनुसार जरिवाना गरिने बेहोरा समेत एगृकल्चर अफिसलाई 'सवाल' तथा काठमाडौं, कीर्तिपुर, पाटन, भादगाउँ माल, पावं लगतफाँटका नाममा 'सनद' गर्नु पर्ने सम्बन्धित निकायको ठहर थियो । त्यसैकारण पहाडमध्ये ठेक्का थितिको व्यवस्था गरी नगद तिरो तोकिएका बाहेक अन्य जिल्लाका मालहरूबाट पनि चार भञ्ज्याङ भित्र सरह नै रैती, दुनियाँ (किसान) ले आबाद गर्न कबुल गरेको जमिन आबाद गर्न दिने व्यवस्था गरियो । यस क्रममा लागि सम्बन्धित जमिन कसैको सन्धि-सर्पन केही नपरी आबाद गर्न हुने ठहरिएपछि नजिकमा रहेका अड्डाका हाकिमको पत्यार भएका मानिस, सँधियार तथा जमिन आबाद गर्न कबुल गर्ने किसानको रोहबरमा नाप, जाँच गरी चार किल्ला, साँध, सिवाना खोली दुई प्रति 'नापी खेस्रा' तयार गरिने भयो । यसरी तयार गरिएको नापी खेस्रामा उपस्थित सबैको सहीछाप गराउनु पर्दथ्यो । आबाद गरिने जमिनको किसिम निर्धारण गर्नका लागि प्रत्येक वर्ष कति उब्जनी भएको हो सो को परिमाण जनाई तोकिएको वर्षदेखि तोकिएको हिसावसँग तिरो बुझाउने कबुलियत गराएपछि मात्र जमिन आबाद गर्न 'चलन पुर्जी' दिइने व्यवस्था गरियो ।
- जमिन आबाद गर्ने व्यक्तिले लेखिदिएको 'नापी खेस्रा' तथा 'कबुलियत' पावं रिपोट फाँटमा र इलाका मालअड्डामा एक/एक प्रति राख्नुपर्ने भयो । माफी भुक्तान नभएसम्म सो नापी खेस्रा तथा कबुलियतबमोजिम चार किल्ला साँध जमिनको परिमाण, आबाद गर्नेको नाम, थर, वतन खोली धरौटी नम्बरीमा लगत राख्नु पर्दथ्यो । माफी भुक्तान

भएपछि उक्त नम्बरीमा लगत तयारगरी पावं लगतफाँटमा दाखिल गरिने भयो ।

- माफी भुक्तान नभएसम्म नम्बरीमा नभई 'धरौटी नम्बरी' मा लगत राख्ने गरिन्थ्यो । त्यसैले प्रत्येक वर्ष साल तमाम भएको ३५ दिन भित्र सो लगत भिडाउनु पर्दथ्यो । यसका लागि पावं लगत फाँटमा चलान गरिएको 'धरौटी नम्बरी' बाटाका म्याद बाहेक ३५ दिनभित्र फिर्तालिई सो धरौटीको काम बाँकी फर्छ्यौट नहुँदै हाल साविक भएमा बुझ बुझारथ पनि गर्नु पर्दथ्यो । धरौटी नम्बरीमा लगत राख्न छुटाएमा छुटाइए जति जमिनको १ रोपनीको मोहरु १/- का दरले जरिवाना गरिने भयो । यसरी लगत कस्न छुटाएमा पावं लगतफाँटका नाममा पहिले भएको सवाल, सनदबमोजिम जरिवाना गरी लगत राख्न लगाउने व्यवस्था गरियो ।
- यो लगतलाई नापीको चेखसँग भिडाउँदा दुरुस्त मिलेमा 'चेख रुजु' भनी पावं लगत फाँट अड्डा एवम् सो अड्डाका हाकिम तहरिरको हस्ताक्षर र छाप लगाइयो । सोही पावं लगत फाँटले नै उक्त रुजु गरिएको लगत ३५ दिन भित्र मालअड्डामा फिर्ता पठाउनु पर्दथ्यो । त्यसका साथै कुनै मालअड्डाबाट आबाद गरिएका जमिन नाप-जाँच गर्न साछी मागेमा खटाई पठाउनका लागि 'पाहाड माल नजिक अड्डा' लाई निर्देशन दिन पनि पावं लगतफाँट अड्डालाई निर्देशन दिइएको थियो । यसरी जमिन नाप-जाँच गरी नियमानुसार सम्बन्धित मालबाट नापी खेस्रा कबुलियत प्राप्त भएपछि मात्र पावं टिपोट फाँटमा लगत अर्थात विवरण राखिन्थ्यो । यसक्रममा पावं टिपोट फाँटले कुन साल कति जमिनबाट तिरो रकम कति आम्दानी हुन्छ तथा कुन मालअड्डाले कुन जमिन कहिलेदेखि आबाद गराएको हो भन्ने समेत विस्तृत विवरण राख्दथ्यो । यस्तो विवरणमा नयाँ आबाद गरिएको जमिनको माफी भुक्तान नभएसम्म धरौटीमा र माफी भुक्तान भएपछि सदर नम्बरीमा विवरण राख्नु पर्दथ्यो । यो काम जिल्लाका मालअड्डाबाट गरिन्थ्यो । यसरी तयार गरिएको लगत पावं टिपोटफाँटमा दाखिल गरिन्थ्यो ।
- विभिन्न जिल्लाका माल अड्डाबाट ल्याइएको 'लगत' सवाल/सनदबमोजिम रीत पुगे/नपुगेको जाँच्ने काम पनि पावं लगतफाँटले गर्दथ्यो । साल तमाम भएको ३५ दिन भित्र त्यस्ता लगत अर्थात चेख किताब पावं रिपोट फाँटबाट सम्बन्धित मालअड्डामा फिर्ता पठाइने भयो । पावं रिपोट फाँटबाट प्राप्त भएको रिपोर्टसँग आफ्नो लगत भिडाउँदा कथंकदाचित धरौटी नम्बरीमा लगत कस्न छुटाएको देखिएमा छुटाएकोजति जमिन १ रोपनीको मोहरू १/- का दरले सम्बन्धित मालअड्डालाई जरिवाना गरिने भयो । यसरी नम्बरीका सम्बन्धमा पहिले भएको सवाल र सनदबमोजिम दण्ड, जरिवाना गरी लगत कस्न लाउनका लागि पावं लगत फाँटका नाममा समेत सनद गरी सोहीबमोजिम गर्न, गराउन मुलुकी बन्दोवस्तको तोकको दफा ३ मा सिफारिस गरिएको थियो । सिफारिसको यो बुँदालाई राज्यबाट सदर गरियो ।
- माथिको तोकलाई सदर गरिएपछि भने तिरो तोकिएके जिल्ला बाहेक अन्य जिल्लाका रैती, दुनियाँले कुनै जमिन आबाद गर्न कवुल गरेका खण्डमा सन्धि सर्पन केही नपरी आबाद गर्न हुने ठहरिएमा नजिक अड्डाका हाकिमको पत्यार एक जना मानिस, साँधियार र जमिन आबाद गर्न कवुल गर्ने व्यक्तिसमेत राखी नापजाँच गरी चार किल्ला, साँधसिमाना स्पष्ट गरी दुई प्रति नापी खेस्रा तयार गरिने भयो । यसरी तयार गरिएको नापी खेस्रामा उनीहरू सबैलाई सहीछाप गराइन्थ्यो । आबाद गर्ने व्यक्तिले आबाद गरेको जमिनको किसिम कायम गर्नका लागि प्रत्येक वर्षको उब्जनी जँचाई निजलाई निश्चित वर्षदेखि निश्चित परिमाणका दरले तिरो बुझाउन कबुलियत गराइन्थ्यो । यसरी कबुलियत गराइएपछि मात्र जमिन आबाद गर्ने पुर्जी (अख्तियारी) दिने व्यवस्था गरियो । बाँझो जमिन आबाद गर्ने व्यक्तिले लेखिदिएको कबुलियत एक/एक प्रति 'नापी खेस्रा' र 'पाहाड बन्दोबस्त रिपोट फाँट' मा चलान गरिन्थ्यो । यसरी जमिन आबाद गर्नेको माफी भुक्तान नभएसम्म कबुलियतबमोजिम चार किल्ला साँध, जमिनको परिमाण तथा आबाद गर्ने मानिसको नाम, थर र वतन खोली 'धरौटी नम्बरी' मा लगत कसिने भयो । माफी भुक्तान भएपछि सो धरौटी नम्बरीमा खर्च लेखी ऐन, सवालबमोजिम लगत कसी पावं लगतफाँटमा दाखिला गर्नु पर्नेभयो ।
- माफी भुक्तान नभएसम्म धरौटी नम्बरीमा लगत कसिने हुनाले सो भिडाउन प्रत्येक वर्ष साल तमाम भएको ३५ दिनभित्र धरौटी नम्बरी पावं लगतफाँटमा चलान गरी बाटाका म्याद बाहेक ३५ दिनभित्र फिर्ता लिइन्थ्यो । उक्त धरौटीको काम बाँकी फछ्र्यौट नहुँदै साल भुक्तान भएमा बुझबुझारथ समेत चलाउनु पर्दथ्यो । यो नियमानुसार काम नगरेमा तथा धरौटीलाई नम्बरीमा लगत कस्न छुटायेमा जारिवाना

गरी लगत कस्न लगाउनु पर्नेभयो । नापिको चेखसँग भिडाउँदा दुरुस्त मिलेमा 'चेष रुजु' भनी पावं लगतफाँट अड्डाको र हाकिम तहरिरसमेतको छाप लगाइ धरौटी नम्बरी ३५ दिनभित्र फिर्ता पठाइदिने व्यवस्था गरियो ।

- वि.सं. १९७७ सालमा जारी गरिएको इस्तिहारमा सम्बन्धित किसान एवम् अख्तियारवालाले उब्जनी जाँच नगराए वा नगरेमा कस्तो सजाय दिने भन्ने कुरा उल्लेख नभइ सजाय गर्न निकासा दिने भन्ने मात्र उल्लेख गरिएको रहेछ। यसरी सम्बन्धित किसान एवम् अख्तियारवालाले उब्जनी नजँचाएमा केही सजाय मात्र हुने वा तोकिएबमोजिम सजाय गरिने हो भन्ने उल्लेख गरिए तापनि कतिपय मालबाट जमिनको किसिम कायमगरी तिरो तोक्ने काम रोकिने गरेको पाइन्छ। त्यसैकारण यो कार्य नरोकिने गर्नुपर्ने अवस्था थियो । त्यस्तै उब्जनी जँचाउँदा दर्खास्त गर्नेले पहिलो, दोस्रो वा तेस्रो वर्षपछि वा माफि भुक्तान भएपछि मात्र उब्जनी जाँच्नका लागि सम्बन्धित निकायमा दर्खास्त गरेमा उब्जनी जाँच गर्न नपाइने सम्भावना पनि थियो । प्रत्येक वर्ष उब्जनी जाँच गर्न नपाउने भए पनि उब्जनी नजाँची जमिनको किसिम कायम नहुने र पछि जाँच गराएको बाट घटी उब्जनी भई प्रत्येक वर्षको तिरो रकम कम हुनजाने सम्भावना पनि थियो । पहिलो वर्ष भन्दा दोस्रो, तेस्रो वर्षहरूमा जमिनमा उर्वरता बढ्दै जाने भएकाले प्रत्येक वर्षको जँचाउन नपाए पनि एक वर्षकै उब्जनी जाँची किसिम कायम गर्नु पर्ने हुन्थ्यो । यस्तो अवस्थामा वि.सं. १९८३ सालको सनदबमोजिम उब्जनी जाँच नगराएमा जमिन आवाद गर्नेलाई तथा तालुकदारलाई पनि सजाय गरिने भयो ।
- वि.सं. १९८३ सालमा आबादी गरिसकिएको जमिनको किसिम कायम गर्नका लागि उब्जनी जाँच नगराएको जानकारी दिए वा थाहा हुन गएको रहेछ भने माफी भुक्तान भएपछि तिरो तोक्नु परेमा सो वर्षको वाली बाँकी भए त्यसैबाट वर्षको र बाँकी नभए अर्को वर्षको उब्जनी एवम् छिमेकका जमिनको उब्जनीसमेत जाँची जुन बढी ठहर्छ सोही बमोजिम जमिनको किसिम कायम गरिने व्यवस्था गरियो ।
- माफीमध्ये पहिलो, दोस्रो वा तेस्रो वर्ष जँचाई पछिल्लो वर्ष पहिलो वा दोस्रो वर्षको बालीमात्र जँचाउन पाउने गरी थाहा भएमा माफी भुक्तान नभएको पहिलो, दोस्रो र तेस्रो वर्षको उब्जनी र वरपरका जमिनको उब्जनीसमेत जाँच्नु पर्दथ्यो । यसरी उब्जनी जाँच गर्दा जुन बढी ठहर्छ त्यसको किसिम कायमगरी तिरो तोक्नका लागि मुलुकिबन्दोबस्त अड्डाको तोकको दफा ४ मा लेखिएको कुरालाई प्रधानमन्त्रीबाट सदर गरिएको थियो । फलस्वरुप त्यसपछि भने पहिलेको अर्थात वि.सं. १९७७ सालको सनदबमोजिम उब्जनी जाँच गराएमा जमिन आबाद गर्ने तथा तालुकदार दुवैलाई सजाय गरिने भयो ।
- वि.सं. १९८३ सालमा आबाद गरेको जमिन आबाद गर्नेले सनद एवम् कबुलियतबमोजिम प्रत्येक वर्ष तालुकदारलाई जँचाउनु पर्दथ्यो । नयाँ आबाद गरिएको जमिनको उब्जनी तालुकदार तथा माललाई जँचाउनु पर्ने भए पनि जाँच नगराई पहिलो, दोस्रो वा तेस्रो वर्षपछि वा माफी भुक्तान भएपछि मात्र उब्जनी जाँच नगराएको कुरा सम्बन्धित निकायमा जानकारी गराएमा वा सम्बन्धित निकायलाई जानकारी हुन गएमा सो जमिन अवाद गर्ने मोहीलाई एक वर्षको तिरो आउने ठहरे बमोजिम दण्ड गरिने नयाँ व्यवस्था भयो ।
- वि.सं. १९८३ सालमा आबाद गरेको जमिनका बारेमा जनाउ दिए पनि तालुकदारले जाँच नगरेमा मोहीलाई कुनै कारवाही नगरी आफ्नो दायित्व पूरा नगरेका कारण एक वर्षको बाली तालुकदारलाई नै तिराइने भयो ।
- तालुकदारले उब्जनी जाँच गरे पनि निर्धारित म्यादमा सम्बन्धित निकायमा मुचुल्का अर्थात सो सम्बन्धी रिपोर्ट नबुझाएको भए निजलाई प्रत्येक मोहीको खलैपिच्छे पहिलो पटक रु १/-, दोस्रा पटक रु. ५/- र तेस्रो पटक रु. २०/- जरिवाना गरिने व्यवस्था भयो । चौथा पटक पनि त्यस्तै गरे तालुकदारलाई नै बदला गर्न सम्बन्धित निकायमा जाहेर गरिने भयो ।
- मुलुकभर उब्जनी जाँच गर्ने एउटै समय पर्न जान्थ्यो। त्यसैकारण कतिपय मालअड्डामा तैनाथ कामदार, कारिन्दा, हुद्दा, सिपाहीले मात्र निर्धारित समयमा उब्जनी नाप जाँचको काम सम्पन्न गर्न सक्ने सम्भावना पनि थिएन । यस्तो अवस्थामा थप मद्दत आवश्यक पर्न जान्थ्यो । त्यसका लागि नजिक रहेका अन्य अड्डाबाट सहयोग लिइने व्यवस्था गरियो । अन्य अड्डाबाट थप मद्दत लिनु परेका खण्डमा मालअड्डाले आवश्यक संख्या तोकेर लिखित अनुरोध गर्नु पर्ने थियो । प्राप्त हुन आएको मालअड्डाको अनुरोधका आधारमा सम्बन्धित अड्डाले आफ्नो अड्डाको काम नरोकिने गरी १/२ जना कारिन्दा र २/४ जना

हुद्दा एवम् सिपाहीलाई १/२ महिनाका लागि उब्जनी जाँच गर्ने काममा खटाउनु पर्ने भयो । उक्त नयाँ नियम कार्यान्वयन गर्न पूर्व, पश्चिम गौंडा, गढी, गोश्वारा, जङ्गिपरेड र अदालतका नाममा सनदद्वारा सूचित गराउन मुलुकी बन्दोबस्त अड्डाले लगाएको तोकलाई प्रधानमन्त्री चन्द्रशमशेरबाट सदर गरियो ।

## उपसंहार

राणाकालको उत्तरार्द्धतिर आइपुग्दा पर्ति अर्थात बाँझो जमिन आबाद गरी खेती गर्ने कार्यमा तीव्रता आएको जस्तो देखिन्छ । हुनत मुख्य आयस्रोत नै मालपोत अर्थात 'तिरो' भएकाले राज्यले बाँझो जमिन आबाद गराउनका लागि स्थानिय प्रशासकलाई निर्देशन दिने गरेको पाइन्छ। किसानलाई बाँझो जमिन आबाद गर्न प्रोत्साहित गर्नका लागि सरकारले पहिलो चार वर्षसम्म तिरो माफि गर्दथ्यो । त्यति भए तापनि आफूले आबाद गरेको जमिनको विवरण कतिपय किसानले सम्बन्धित निकायमा जानकारी नगराएको पनि पाइन्छ । त्यसैकारण सरकारले बाँझो जमिन आबाद गर्ने किसानको जमिनको परिमाण एवम् उत्पादन जाँच गरी त्यसको विवरण सम्बन्धित निकायमा राख्ने र त्यसैका आधारमा तिरो तोक्ने काम गराउँदथ्यो । नयाँ आबाद गरिएको जमिन तथा त्यसबाट तिरो उठाउने विद्यमान व्यवस्थालाई प्रधानमन्त्री चन्द्रशमशेरको समयमा केही परिवर्तन गरिएको थियो । सरकारले तर्जुमा गरेको सो नयाँ व्यवस्थाअनुसार काम नगरेमा सम्बन्धित किसान, तालुकदार एवम् मालअड्डाका हाकिम, कारिन्दालाई समेतलाई दण्ड, सजाय गरिने भयो । यो व्यवस्थाबाट जमिन लुकाएर किसानले तिरो छल्न नपाउने तथा सरकारी ढुकुटी बढ्ने प्रधानमन्त्रीको विश्वास देखिन्छ ।

सो कार्यमा बाँझो जमिन आबाद गर्ने किसानको छिमेकीका अतिरिक्त तालुकदारको त्यत्तिकै सहयोग आवश्यक पर्दथ्यो । त्यस्तै पाहाड बन्दोवस्त रिपोर्ट फाँट, पावं रिपोर्ट फाँट, तालुक बन्दोबस्त अड्डा, मुलुकी बन्दोबस्त अड्डा, एगृकल्चर अफिस, पाहाड माल नजिक अड्डा उक्त कार्यमा संलग्न रहेको पाइन्छ ।

### परिशिष्ट

गुल्मीलगायत ८ जिल्लाका हाकिम-कारिन्दाका नाममा वि.सं. १९८३ साल
कार्तिक १४ गते वार ७ दिन जारी गरिएको इस्तिहार

*स्वस्ति श्री मद्दति प्रचण्ड भूजण्डेत्यादि प्रोज्जवल नेपाल तारा धीस श्री श्री श्री म हाराजा चन्द्रसम्सेर जङ्गवहादुर राणा जोसीवी जीसीयेस आई जीसी यम्जी जी सी भी ओ डीसीयेल आनरेरी जनरल वृटीस आर्मी आनेररी कर्णेल फोर्थ गोर्खाज थोङ्लीङ् पीम्माको काङ्वाङ् स्यान ग्राहद् अफीसियेद लालेजी गो द अनेयर प्रा ईम मीनीष्टर मार्सल सुप्रीम् कम्यांडर ईन चिफ् कस्य रुक्का..........*
*स्वस्ति श्री मद्राज कुमार कुमारात्मज श्री सुप्रदीप्त मान्नेवर कम्यांडर ईनचीफ जनरल भिमसम्सेर जङ्ग वहादुर राणा केसियेस् आई केसिभी ओ कस्ये पत्रम्.......................................*

*आगे गुल्मीस्मेत् ८ जील्लाका हाकीम कारींदाके यथोचीत. उंप्रान्त ठेक्का थीती भयाका जील्ला र जील्लाभर्मा नगदी तीरो ठेकीयेको वाहेक यो ईस्तीहार जारी भयाका मि ति देषी हाल अवादी जग्गालाई सदंस का दर्ले तीरो ठेकी दीनु भंन्या १ दफ मा र स्व उंवजनी येकींन् गर्नालाई माफी साल साल्मा सधीयार भलादमी हरू राषी वाली कटाई माना पाथी लगाई जाची जचाई दुवै वोटी येत्ती उ वजा हुन्छ भंन्या २ प्रती मुचुल्का षडा गरी १ प्रती माल्मा र १ प्रती तालुक दा र संग राषनु स्व माफी साल भीत्रमा माल्ले जाचन आउदा जचाई ठहर उंवजा*

अनुसार कीसीं कायेम् गर्नु भंन्या २ दफामा र सो उंवजा जाचेको मुचुलका झीकाई भरपाई दीनु भंन्या ३ दफामा तालुकदारले जाची पठायमा पनी नोक्सान हुन नपाउंने गरी असल समयेमा सान्हेत (?) जाची वरपरको उंवजा स्मेत् वुझी उंवजनी अुनसार कीसीम् कायें गरी कुत ठेकनु भंन्या ४ दफा षोली ७७।३।२८।१ मा सनद भये वमोजींम्को ईस्तीहार सावीकका पाला टासीयेको देषीयेको र अैलेसम्म उंवजनी जचाउंने जाहेरी दर्षास्त दीन वुझाउंन नआया को र हाल तप सीलका थुं गाउंको तालुकदारले ७७ सालमा वीरायाको ८१ सालदेषी वाली आ उंने भनी दर्षास्त दी नल्यायाको हुनाले ईस्तीहार वमोजींम् उंवजनि कीन जचाये नौ भनी पक्रंदा मोहीहरूले ७७ साल्मा वीरायाको ८१ सालदेषी वाली आउंने ष ला हालैमा सक (?) हामी तालुकदार हरूसंग भंन्न आयाको हुनाले जाहेर गर्न आया को भनी भंन्यो कोही कोही भुल्ले उंवजनी जचाउंन आउंनै सकेन जो ठहर्छ भनी तालुकदार ज्वान ६ ले कागज गरी दीयेको तीनीहरूलाई यो सजाये ग र्नु भंन्या नखुलेको अव सजाये गरी उंवजनी षुलाई लीनालाई पनि माफी साल भुक्तां भै सकेकोले सो दर्खास्त वमोजींमका जगाको तीरो ठेकी दर्ता गर्न वाधा परेको र अव तेस्तै दर्षास्त पर्न आउंनेमा पनी वाधा पर्ने हुदा सो उंव जनी नजचायेमा सजाय र तीरो ठेकने हक्मा नीकासा वक्से वमोजींम् गर्ने र येस् माल ईलाकामा धां वाली धेरै मौजामा लाग्ने नभयेकोले रैती तालुकदार ह रु सवै सावीक वमोजींम आठा सह्र तीरो ठेकने राजी भयाको ले आठा सह्र तीरो ठे कने गरी पाउं उंवजनी जाची सदंसेतीसे (?) ठेकने भया तपसील वमोजींम म्याद मदत् वेगर कां चलाउंन अड्काउं वाधा परेको हुनाले तपसील वमोजींम गरी पाउं भंन्या सीर वेहोरामा र तपसिलको १ दफामा नञा अवाद गर्न दर्षास्त परे का जगा तालुकदारले वुझी आबाद गर्न हुने ठहरे आश्वींण कार्तीकमा माल्मा द र्षास्त दीनु माल्ले पनि सोही साल्मा जाची अंदाजी माटो स्मेत कायें गरी मुचु लका गराई ल्याई अवाद गर्नेको कवुलीयेत गराई चलं पुर्जि दी अवाद गरे को तेश्रा साल तालुकदारले र चौथासाल माल्ले उंवजा जांची जुं वढी हुन्छ सो स्मेतको जींसी कीसीं कायें गरी तीरो ठेकन्या नीकासा पाउं भंन्या र २ दफा मा नञां जग्गा अवाद गर्न तालुकदारलाई जचाई पुर्जी ली अवाद गर्नु थाहा नदी उंवजनि जचाउन अड्काउ गरिदीयेमा र उंवजनी नजचाये रैतीलाई सजाये गर्नु भंन्या र ३ दफामा तालुकदारले उंवजा जाचेको मुचुल का मंसीर मैन्हा भरमा वुझाई भरपाई लीनु भंन्या र ४ दफमा ६ षंडको १ षंड कीसीका दरले तीरो ठेकनेमा तालुकदारले लेखायेको माटो कायें गर्नु जगा नापनु पर्दैन भंन्यार ५ दफामा उंवजनी जाचको मुचुल्कामा मोही जीम्मावाल सरज्मीन्को सधीयारहरूको स्ही छाप पर्ने हुनाले नंवरीमा कसैको पनि स्ही छाप गराउंनु पर्दैन भंन्या र ६ दफामा षोलो पैन्हो वारी खाए जगा वीन्हायामा वीरायाकै साल्देषी आठा सह्र तीरो ठेकनु पर्ने हुनाले तेस्तो जग्गाको सावीक वमोजींम नंवरीमा सहीछाप् गराउंन वा नापी मुचुल्कामा सावीक वमोजींम सहीछाप गराउंनु नंवरीमा स्ही छाप गराउंन पर्दैन भंन्या हवस भंन्या र ७ दफामा पोल दवोटै को उंजुर परी नापी दर्ता गरेका जगाको पनी उंवजनी कै छ षंडको १ षंड तीरो दर्ता गर्नु भंन्या नीकासा पाउं भंन्या र ८ दफामा उंवजनी जाची जचाई म्याद् मा मुचुलका दाषील नगर्ने रैती तालुकदार लाई यो सजाये गर्नु भंन्या नीकासा

*पार्उ भंन्या र ९ दफामा मालवाट उंवजा जाचनु पर्नेमा कार्तीक मंसीर २ मैन्हा भीत्र जाचनु पर्ने हुदा नसीधीयेजती अर्को सालमा जाचनु सो वचेका (?) लाई माल्को मदतले नभ्यार्उने हुदा स्व २ मैन्हालाई मालवाट लेषी आयाको अर्जी पुगेका मानिस षटाई दीनु भंन्या गोस्वारा जंगी परेट् अदालत् स्मेतका नार्उमा सदन गरी पार्उ भंन्या स्मेत दफा दफा खोली माझ कीरात् माल्ले रपोट् गरेमा पाहाड् वंदोवस्त रीपोट फाट्ले तपसीलका कुरामा तपसील वमोजीं गर्ने भनि तपसील्मा १२ दफा षोली सो १२ दफामध्ये २।३।६।७।८ दफा को कुरालाई भैरहेका अैन् सवालै वमोजींम् गरे हुने भनी येसै अडावाट छुट्टै लेषौट जाने हुनाले नीकासा चाहीयेन सो वाहेक १।४।५।९।१०।११।१२ दफा को हक्मा तपसील वमोजींम् गर्ने ठेक्का थीतीको जील्ला र जील्ला भरमा नगदी तीरो लागेको वाहेक केही नगदी केही धां तीरो लागेका गैह्र जील्लामा मालवाट सो वमोजींम गर्न गराउन जस जसलाई चाहींछ सनद गरी पठाई दीने ठहराई पावं रिपोट् फाट वाट जाहेर गरेकोमा येस् अघीको काम् भया गरेको नीकासालाई पट्के काम् हुनाले येस् अडावाट नीकासा दीन वाधा पर्ने हुनाले तालुक वंदोवस्त मार्फत जाहेर गरि निकासा गर्नु गरार्उनु आईन्दा को वंदोवस्तलाई तपसिलका कुरामा तपसील वमोजीम् र अरु कुरामा भैरहेका सवाल सनद वमोजीम् गर्नु गरार्उनु भंन्या यो तोक सनद गरी वक्से पछी सो वमोजीम् ठेक्का थीतीको जील्ला र जील्ला भरमा नगदी तीरो लागेको वाहेक अरु माल गौडा गोस्वारा अदालत् स्मेत् जजसलाई चाहीन्छ जो चाहीने वेहोराको सनद गराई पठाई स्व वमोजीम् गर्नु गरार्उनु भनी मीसील स्हीत्को यो तोक पाहाड् वंदोवस्त रीपोट् फाटमा पठईदीने ठहराञ्यूं जो मर्जी हुकुम भंने सीर वेहोरा र तपसीलमा दफा दफा खोली मुलुकी वंदोवस्तले वोलेको तोक ८३ साल आषाड ११ गते रोज ५ मा षड्गनीसानावाट सदर गरीवक्सेको हुनाले सो तोक सदर मुतावीक तपसीलको कुरामा तपसील वमोजीम र अरु कुरामा भैरहेका सवाल सनद वमोजीम् गर्नु भंने गुल्मीस्मेत ८ जील्ला मालका नार्उमा सनद गरी वक्सनु पर्ने ठहराञ्युं जो मर्जी हुकुम् भनी पाहाड् वंदोवस्त रिपोट् फाट्का हाकीम् कारींदाले हाम्रा हजुरमा वींती पार्दा जाहेर भयो तसर्थ सो ठहरायाको हामीवाट सदर गरीवक्सेको छ सो वमोजींम् गर्ने काम् गर.......*

*तपसील*

*अवर्उप्रांत मालवाट उंवजा जाच गर्नालाई सनद वमोजीम् सरज्मीन्मा गरायाको मुचुलका पौष १५ गते संममा माल्मा दाषील गरार्उने उर्दी पुर्जी गरी सो म्यादमा मूचुलका वुझी ली सनद वमोजींम् उंवजा चाज गर्ने गर्नु भनी मुलुकी वंदोवस्तका तोक्को २ दफा लेषीयाको सदर गरीवक्से मुतावीक अव उंप्रांत माल वाट उंवजा जाच गर्नालाई सनद् वमोजींम सरज्मीनमा गरायाको मुचुलका पौष १५ गते सम्ममा माल्मा दाषील गराउने उर्दी पुर्जी गरी स्व म्यादमा मुचुलका वुझीली सनद वमोजीं उंवजा जाच गर्ने गर्नु.............१*

नेपाल ४ भंज्याङ् भीत्रको जगा आबाद गर्ने विसे स्मेत् येगृकल
चर आफिस षडा भै सो अडा मार्फत अवाद गर्न हुने नहुने
जाची आबाद गर्न हुने ठहरेपछी अवाद गराउंने ईलाका माल
लाई लेषौट पठाई स्व माल वाट जगा आबाद गर्नेको कवुलिये
त् गराई अवाद गर्न लगाई अवाद गरेपछी नाप जाच गरी उं
वजा जाची किसीम् कायेंगरी कुत तीरो ठेकने सो माल माल
गत गया वमोजीम मालले आबाद गराई नंवरीमा लगत कसी
ल्याया नल्यायाको चेख गर्न १ प्रती लगत पाहाड वंदोवस्तमा
येगृकलचरवाट चेख डीने भैरहेकोमा सो चेखवाट लम्वरी भी
डाउंनु वाधा पर्ने कुरा पावं लगत फाट् ले जाहेर गरेको वाट अव उं
प्रांत नत्रा जगा अवाद गर्न दर्षास्त परेपछी अवाद गर्न हुने नहुने
जाची वुझी कसैको संधी सर्पन केही नपरी अैंसवाल्ले अवाद
गर्न हुने ठहरे पछी सरज्मींनको मानिस र जगा अवाद गर्न कवुल्
गर्ने र मालको मानिस साछी राषी नाप जाच गरी २ प्रती नापी
षेश्रा षडा गरी नाप जाच गर्दा वस्न्ये सवैको सही छाप गराई यो
साल देषी यो हीसावसंग तीरो ईलाका मालमा वुझाउंला भंन्या
कुवलीयेत गराई जगा अवाद गर्नु भंन्या चलं पुर्जा दी अवाद
गर्नेको कवुलीयेत र नापी षेश्रा १ प्रती ईलाका माल्मा पठाई ये
क प्रती नापी षेश्रा येगृकलचरमा राषी साल तमाम भया प
छी सो लगत वमोजीम अवाद गराई लम्वरीमा लगत कसी
ल्याया नल्यायाको जांचना लाई १ प्रती चेष कीताप पावं ल
गत फाट्मा दीनु भंन्या येगृकलचरलाई र स्व येगृकलचर
ले पठायाको नापी षेश्रा र कवुलियेत् आयापछी मालले जगा
अवाद गर्नेलाई चलं पुर्जि दी माफी भुक्तां नभयेसंम सदर नंव
री कीताप्मा दर्ता गर्न कीसीं तीरो ठेक नपाई वाधा पर्ने हुदा अैन्
सवाल सनद वमोजीम साल साल उंवजा जाची कीसीं कायें गरी कु
त्तीरो ठेके पछी मात्र अैन सवालको रीत पुऱ्याई सदर नंवरीमा दर्ता
गर्ने गरी सो नंवरीमा दर्ता नहुंज्याल संमन नापी षेश्रा कवुलीयेत्
वमोजीम् माटो अंक संम्म लंवरी दर्ता गरी राषने छुट्टै ढरौटी लंवरी
कीताप्मा लगत कसी राषी सवाल सनद वमोजिंम उंवजा जाची की
सीम कायं गरी माफी भुक्तां भयापछी ढरौटी लंवरीमा षर्च
लेषी लंम्वरीमा लगत कसी सो लंवरी सवाल सनद वमवोजिम् पा
वं लगत् फाटमा दाषीला गर्नु ढरौटी लंवरीको हक्मा येगृकल
चरको चेख वमोजीम् भीडाउंना नीमीत्त साल तमाम भयापछी
३५ दीन भीत्र पावं लगत फाटमा लगी भीडाई वापस् ल्याई राषनु
कुत तीरो ठेकी लंवरी दर्ता गर्न वाकी रहेका लंवरी कीताप जति हाल
सावीक भयामा वुझ वुझारथ चलाउंनु सो येगृकलचरको
चेख वमोजींम माफी माफी भुक्तां नभयासंम्म ढरौटी नंवरी
मा दर्ता गर्नु पर्ने जगा दर्ता नगरी छुटायेको देषीये जती जगा दर

ता गर्न पठायाको छ रोपनि १ येक को मोरु १। येक का दर्ले जरी
वाना गरी दर्ता गराउने छन् सदर नंबरी मै लगत कसेकोमा पा
वं लगत फाट्का नार्उमा भै रहेका सवाल सनद् वमोजींम जरी
वाना गर्ने छं भंन्या स्मेत ईत्यादी वेहोराको येगृकलचरलाई
सवाल र काठमाडौं कीर्तिपुर पाटं भादगार्उ माल पावं लगत
फाट्का नार्उमा सनद गरी दीने ठहराई जाहेर गरेको हुनाले पाहा
ड्हरूमध्ये ठेक्का थीती भयाको जील्ला जील्लाभर नगदी तीरो ठे
कीयेको जील्ला वाहेक अरु जील्ला मालहरूवाट पनि ४ भंज्याङ्
भीत्र सह्रनै रैती दुनीआले अवाद गर्न कवुल गरेका ज
गा अवाद गर्न दीनुनहुने संधी सर्पन केही नपरी अवाद गर्न
हुने ठहरेपछी नगीच अडाका हाकींमको पत्यार भयाका
मानिस १ जना र साध सधीयार अवाद गर्न कवुल गर्ने
लाई स्मेत राषी नाप जाच गरी ४ कील्ला साध सीवाना
षोली २ प्रती नापी षेश्रा षडा गरी वस्ने मानिसको स्ही
छाप गराई जगा अवाद गर्नेको कीसीं कायें गर्न साल
सालको र्उवजा जनाई यो सालदेषी यो हीसावसंग ती
रो वुझार्उला भंन्या कवुलीयेत गराई जगा अवाद गर्न च
लंपुर्जी दीनु सो जगा अवाद गर्नेले लेषी दियेको कवुली
यात् १ प्रती नापी षेश्रा पावं रीपोट् फाट्मा चलांन गर्न १ प्रती
नापी षेश्रा ईलाका माल्मा राषी माफी भुक्तांन नभयासंम्म
नापी षेश्रा कवुलीयेत वमोजींम् चार कील्ला साध र माटो
अंक जगा अवाद गर्ने मानिसको नाम् थर वतं षोली ध
रौटी लंवरीमा लगत कसी सनद वमोजीं र्उवजा जाची की
सीम् कायें गरी माफी भुक्तां भयेपछी सो धरौटी लंवरीमा षर्च
लेषी अैन सवाल् वमोजींम लंवरी मा लगत कसी पावं लग
त फाट्मा दाषील गर्नु माफी भुक्तां नभयासंम लम्वरीमा
लगत नकसी ढरौटी लंवरीमा लगत कसीने हुनाले सो भीडार्उना
नीमीत्त साल साल साल तमाम नभयाका ३५ दींन भीत्र सो ढरौ
टी लंवरी पावं लगत फाटमा चलांगरी पठाई वाटाका म्याद वा
हेक ३५ पैतीस दींन भीत्र वापसली सो ढरौटीको काम वाकी नफ
र्छीदै हाल सावीक भयामा वुझ वुझारथ स्मेत चलार्उनु सो व
मोजींम नगरे धरौटी लंवरीमा लगत् कस्न छुटाये जति जगाको
रोपनी १ ठेकको मोहरू १ येक का दर्ले जरीवाना गरी र
लम्वरीमा लगत कस्न छुटाये पावं लगतफाटका नार्उमा
अघी भैरहेका सवाल सनद वमोजींम जरीवाना गरी ल
गत कस्न लार्उनेछ चेष संग भीडार्उदा दुरुस्त मीलेमा चे
ख रुजु भनि पावं लगत फाट् अडाको र हाकींम् तहरीरको
स्मेत छाप लगाई ढरौटी लंवरी ३५ दींन पैतीस भीत्र फीर्ता
पठाई दिने छं भंन्या माललाई र नाप जांच गर्न साछी मागे
मा षटाई पठार्उनु भंन्या पाहाड् माल नगीच अडालाई स

नद र सो वमोजींम माल मालवाट आयाको नापी षेश्रा कवु
लीयेत आयापछी पावं टीपोट फाट्को लगत कसी साल्सा
ल्को छुट्टा छुट्टै गरी यो यो सालदेषी यो हीसावले तीरो आर्ज
ने येती येती जग्गा यो यो साल यो मालले अवाद गरायाको छ
माफी भुक्तांन भयासंम्म ढरौटीमा र माफी भुक्तां भयापछी
सदर लंवरीमा सवाल् सनद् वमोजींम रीत पुऱ्याई लगत क
सी ल्याये नल्यायेको जाची अैन सवाल वमोजींम गर्नु भंन्या
सालसाल साल तमाम् भयाका ३५ पैतीस् दींन भीत्र चेष कीताप्
पावं रीपोट् फाट्वाट आर्जनेछ वुझी ली सो चेष संग भीडाई
भीडेमा चेषसंग भीडार्उदा दुरुस्त छ भंन्या हाकींम् तहरीरको स्ही
छाप गरी सो नंवरी जती ३५ पैतीस दींन भीत्र वापस पठाई
दीनु भीडार्उदा लगत् कस्न छुटायेमा ढरौटी लंवरीमा लगत
कस्न छुटायेको देषीया स्व छुटायेको देषीया जति जग्गाको
रोपनी १ को मोहरू १ येकका दर्ले जरीवाना गरी र नंवरीमा
लगत कस्न छुटाये सो वीसे अघी भै रहेका सवाल सनद व
मोजींम् दंड जरीवाना गरी लगत कस्नलार्उनु भंन्या पावं ल
गत फाट्का नार्उमा स्मेत् सनद गरी पठाई सो वमोजींम गर्नु
गरार्उनुभनी मुलुकी वंदोवस्तको तोक्को ३ दफामा लेषीया
को सदर गरीवक्से मुतावीक जील्लाभर नगदी तीरो ठेकीया
को जील्ला वाहेक अरु जील्लाका रैती दुनीआले अवाद गर्न
कवुल गरेका जगा अवाद गर्न दीन नहुने संधी सर्पन केही नपरी
अवाद गर्न हुने ठहरे पछी नगीच अडाका हाकींमको पत्यार भया
का मानीस १ जना र साध सधीयार अवाद गर्न कुवल गर्नेलाई
स्मेत राषी नाप जाच गरी ४ कील्ला साध सीवाना षोली २ प्रती
नापी षेश्रा षडा गरी वस्ने मानीसहरूको स्ही छाप गराई जगा अ
वाद गर्नेको कीसीं कायें गर्न साल सालको उवजा जचाई यो सा
ल देषी यो हीसावसंग तीरो वुझार्उला भंन्या कवुलीयेत् गराई
जगा आबाद गर्न चलं पुर्जी गरी दीनु सो जगा अवाद गर्नेले
लेषीदीयाको कवुलीयेत २ प्रती नापी षेश्रा पाहाड वंदोवस्त
रीपोट फाट्मा चलां गर्नु ईलाका मालमा राषी माफी भुक्तां भया सं
म्म नापी षेश्रा १ प्रती नापी षेश्रा कवुलीयेत् वमोजींम् ४ की
ल्ला साध र माटो अक (?) जगा अवादी गर्ने मानिसको नाम थर
वतं षोली ढरौटी लंवरीमा लगत कसी सनद वमोजीम्
र्उवजा जाची कीसीं कायें गरी माफी भुक्तां भयेपछी स्व ढरौ
टी नंवरीमा षर्च लेषी अैन सवाल वमोजींम लंवरी मा लग
त कसी पावं लगत फाट् दाषीला गर्नु माफी भुक्तां नभयेसंम्म
नंवरीमा लगत कसी ढरौटी नंवरीमा लगत कसीने हुनाले सो
भीडार्उना नीमीत् साल वसाल साल तमाम भयाका ३५ दींन
भीत्र स्व ढरौटी नंवरी पावं लगत फाट्मा चलां गरी पठाई वा
टाका म्याद वाहेक ३५ पैतीस दीन भीत्र वापस ली सो ढरौटी को कां

वाकी नफछींदै साल सावीक भयामा वुझवुझारथ स्मेत् चलाउ
नु स्व वमोजींम् नगरे ढरौटी लंवरीमा लगत कस्न छुटाये जति
जगाको रोपनी १ येक्को मोरु १। येकका दर्ले जरीवाना गरी र
नंवरीमा लगत कस्न छुटाये पावं लगतफाटका नार्उमा अ
घी भै रहेका सवाल सनद वमोजींम जरीवाना गरी लगत् क
स्न लार्उने छ चेष संग भीडार्उदा दुरुस्त मीलेमा चेष रुजु भनी
पावं लगत फाट अडाको र हाकीम तहरीरको स्मेत छाप लगा
ई ढरौटी नंवरी ३५ पैतीस दींन भीत्र फीर्ता पठाई दीनेछ.......२

७७ सालमा जारी भयाका ईस्तीहारमा उंवजनी जाच नगराया नग
रेमा यो सजाये गर्नु भंन्या नषुलेको हुनाले सजाये गर्ने नीका
सा दीने भनी लेषीयेकोलाई उंवजनी नजंचायेमा केही केही स
जाये मात्र गर्ने नीकासा दीयामा पनी उंवजनी नजचाया तोकी
ये वमोजींम् सजायेसम्म हुने भया पनि माल वाट कीसीं कायें ग
री तीरो लेकने कां रोकीने नै भयाको ले सो स्मेत नरोकीने गर्नु पर्ने भ
याको र उंवजनी जचार्उन दर्षास्त गर्नेले माफी १।२।३ साल पछी
वा माफी भुक्तां भयापछी मात्र भंन आया सनद वमोजींम उंवजा
जाच गर्नु नपार्उने स्मेत् संभव भयाको ले सनद वमोजींम साल
साल उंवजा जाच गर्न नपार्उने भये पनि उंवजनि नजाची कीसीं
कायें नहुने पछी जाच गरायाको वाट घटी उंवजा भै साल वसाल
को कीसीं तीरो कं हुन जाने संभव पर्छ की भंनालाई पनि पैले भं
दा पछी जगा असल हुंदै जाने भयाकोले साल सलाको उंवजा
जचार्उन नपाये पनी येकै सालको उंवजा जाची कीसीं कायें गर्नु
पर्ने हुदा अव प्रान्त ७७ सालको सनद वमोजींम उंवजनि जाच
नगरायामा जगा आबाद गर्नेलाई र तालुकदारलाई स्मेत देहाये
वमोजींम सजाये गरी हाल अवादी जगाको कीसीं कायें गर्न
उंवजनि जाच नगरायाको कुरा भंन आयाको वा थाहा हुन गया
को मा माफी भुक्तां भयापछी तीरो ठेकने अवस्थामा भया सो
सालको वाली वाकी रहे सो साल्को र नरहे अर्को सालमा अवाद
भयाका जगाको उंवजा र वरपरको जगाको उंवजा स्मेत जांची जुं
मा वढी उंवजा भयाको ठहर्छ सो उंवजा वमोजींमको कीसीं का
यें गर्ने र माफीमध्ये १।२।३ साल जचाई पछील्लो सालमा १।२
वर्षको वाली मात्र जाचन पार्उने गरी थाहा भयामा माफी भु
क्तां नभयाको १।२।३ सालको उंवजनी र वरपरको जगाको उंव
जा स्मेत जाची जुं वढी ठहर्छ तेस्को कीसीं कायेंगरी तीरो ठेकनु
भनी मुलुकी वंदोवस्तका तोक्को ४ दफामा लेषीयाको सदर
गरी वक्से मुतावीक अव उंप्रान्त ७७ सालका सनद वमोजींम उंव
जनी जाच गरायेमा जगा अवाद गर्नेलाई र तालुकदारलाई स्मे
त् देहाये वमोजींम सजाये गरी हाल अवादी जगाको कीसीं
कायें गर्न उंवजनी जाच नगरायाको कुरा भंन आयाको वा

थाहा हुन गयाकामा माफी भुक्तां भयापछी तीरो ठेकने अव
स्था भया सो सालको वाली वाकी रहे सो सालको र नरहे अ
र्को सालमा अवाद भयाका जगाको उंवजा र वर परको ज
गाको उंवजा स्मेत जाची जुंमा वढी उंवजा भयाको ठहर्छ
सो उवजा वमोजींको कीसीं कायें गर्ने र माफी मध्ये १।२।३ सालको
उंवजनी र वरपरका जगाको उंवजा स्मेत जाची जुं वढी ठहर्छ
तेस्को कीसीं कायें गरी तीरो ठेकनु........३

हाल अवादी जगा अवाद गर्नेले सनद कवुलीयेत व
मोजींम साल साल तालुकदारलाई जचाउंनु पर्नेमा
तालुकदारलाई र माल्लाई जचाउंनु पर्नेमा माल ला
ई उंवजनी जाच नगराई १।२।३ सालपछी वा मा
फी भुक्तां भयापछी मात्र उंवजनी जाच नगरायाको
कुरा भंन गयामा वा थाहा हुन गयामा सो जगा अवा
द गर्ने मोहीलाई येक सालको तीरो आउंने ठहरे वमोजींम
को डंड गर्नु........१

हाल अवाद गरेका जगा रैतीले तालुकदारलाई ज
नाउं दीयेपछी पनी तालुकदारले जाच गरी दीयेन
भने अवाद गर्ने मोहीलाई वात लागदैन सो १ येक्साल
को वाली तालुकदारलाई दंड गर्नु.......२

तालुकदारले उंवजनी जाच भने गरी राषेको सो मुचु
लका साल सालमा दाषील गर्न पर्ने म्यादमा दाषील
संम नगरेको भया षलैपिछीय पैल्हा पटक १। येक
रुपैञा दोश्रा पट्क ५। पाच रुपैञा तेश्रा पट्क २० वीस
रुपैञा तालुकदारलाई जरीवाना गर्नु चौथा पट्क भया
तालुकदारलाई वदला गर्न जाहेर गर्नु......३

..............................................................

उवजा जाच गर्ने अवसथामा माल मालवाट जाच गर्ने सवै
ठाउं येकै टायें पर्ने हुदा स्व उंवजा जाच गर्ने संम्म कां लाई कां
दार कारींदा हुदा सीपाही मालको मदतले नपुगी मदत चाहीये
मा कां हेरी अरु अडाको कां नरोकीने गरी चाहीदो अडैपीछे १।२
जना कारींदा र २।४ जना हुदा सीपाही मदत पाउं भनी लेषौट गरेमा
आफ्ना अडाको कां नरोकीने गरी १।२ जना कारींदा र २।४ जना
हुदा सीपाही १।२ मैन्हासंम उंवजा जाच गर्ने कांममा जती दीं
लाई चाहींन्छ षटाई दीनु भंन्या पुर्व पश्चीम गौडा गढी गोस्वारा
जंगी परेड् अडालतका नाउंमा सनद भै जाने हुनाले सो वमो
जीम उंवजा जाच गर्नु मालको मदतले नपुगे चाहीदो जवां नगी
च अडा अडावाट काज षटाई ली उंवजा जाच गर्ने गर्नु भनी मु

लुकी वंदोवस्तका तोक्को ५ दफामा लेषीयाको सदर गरी वक्से
मुतावीक उंवजा जाच गर्ने अवस्थामा मालवाट जाच गर्ने स
वै ठाउं येकै टायें गर्ने हुदा स्व उंवजा जाच गर्ने संम कांलाई
कांदार कारींदा हुदा सीपाही मालको मदत ले नपुगी मदत चा
हीया कां हेरी अरु अडाको कां नरोकीने गरी चाहीदो अडै पी
छे १।२ जना कारींदा र २।४ जना हुदा सीपाही मदत पार्उ भनी
लेषौट् गरेमा आफ्ना अडाको काम नरोकीने गरी १।२ जना का
रींदा र २।४ जना हुदा सीपाही १।२ मैन्हासंम उंवजा जाच गर्ने कां
म्मा जती दींलाई चाहींछ षटाई दीनु भंन्या पुर्व पश्चीम गौडा
गढी गोस्वारा जंगी परेट् अदालत्का नार्उमा सनद भै जाने
हुनाले सो वमोजींम् उंवजा जाच गर्न मालको मदत ले नपु
गे चाहीदो जवान नजीक अडा अडावाट काज षटाई ली
उंवजा जाचने गर्नु............ ४

ईती सम्वत् १९८३ साल कार्तीक १४ गते वार ७ सुभम्...............

८४६ . .

रा·१२रोजा·वाडनलाई मुरी १५० सम्म चाहिंछ·सिद्धिराजले अनाजकोह पैया·जिया
कोछैन·लालमोहोर·दस्वत·फलाक·छोहर·गुम्वा·ताजाड·कालामाभिरार·गोर्खा दै
निगेह्रूलाई राषी सुनाई दिञ्यूं राजी खुसी भया नकल सारी·लपच्चिमा १ फलाक
मा १ छोहर गुम्वामा १ राषी दिन्छौ·ताजाड·फलाक भित्रकोरहेछ गाउँगाउका घ-
रको·तेतिजले जाहेर होला·लपच्चि गुम्वा वाट चर्खा को कुनि·सुना गुम्वाका सांध दे
षी छोहर गुम्वाको साध खुवुका हिवार सम्म·पुर्वपश्चिम र·पुरा सोच·पाइ·भं
न्यादेषी·उत्तर ताजाड·सम्म को जगा कत्तिको सइँछ·नापी·ल्याउनु·भनी·मा
नीस·पठायाको छ·आयापछि विंतिचह्राउँ·ला·छोहर·गुम्वामा·चाहिन्या ठाउँ
ठाउँमा आड पर्येइ पनी·वनाइ विकट र मन·पहराचौकी·राषी·भरिसक्ये
षबरदारी होसीयारी·गर्दै छौं मुकाम छोहर·गुम्वा·शुभम्——————

सिद्धिराजले षरिद गर्न्याकोर·पछी गाउँगाउँ वाट केही आमौं का मद
ज्मा मुरी——————————————————
चावल मुरी——————————————————५७११४२।३
जगेरा वांकी——————————————————१३०।·।
लामावगर·को——४०।·। छोहर गुंम्वा————४
ठाडीको——————३०।·। सोपाको——————६०।·।
आजसम्मको फुटकर षर्च————————————५।३।२
लडाञीन हुदै र·पछि पनी च्येवाजान्याके·सिधा·।२।४
वागछुं मार हन्या·सिपाही·का नार्ख षै ठाई·लडा
ञीमा जान्या·छक्याके सिधा————————१।१०
वाटो वनाउदा·फलाम को काम·वान्यार हतिया

रमावाड लाईन्या कामीके सिध ——— ०।१।२
फुलचिगुम्बाकार ढोरगुम्बाका लाम रहकमा
निम्ह पीद्य पर्न आउदा सिध ——— १८।
दुस्मनका सिपाही पक्रीम्याका घाइनास्मेनके
सिधा ——— २।४।१
पल्टन गैहूका जवान १००१ले आयाको ——— ८३६।८।४

खरामुरी ——— १४५।५८।७।५
जगेरावांकी ——— १२०।१
ढोहरगुम्बाको ——— २८।१ लामावगरको ——— ४
गडीको ——— २२।१ आयाको ——— ४

आलसम्म कोस्फुट करखर्च ——— १८।१
लडाईमा हुंदै चीनाजान्याकेसिधा ——— २।४।
वागलुंमारहन्या सिपाहीका नाल उठाई लडा
ईमाजान्या ठाकुराकेसिधा ——— २।४
दुस्मनका सिपाही पक्रीयाका घाइन्यास्मेनके ।१।१

पल्टन फौजगैहू जवान १००१ ले आयाको ——— २५।१२।६।२

गडुआमुरी ——— १०८।७।
जगेरावांकी ——— ६५।४।
ढोहरगुम्बाको ——— १५।४ लामावगरको ——— ५०।१

आजसम्मको फुटकर खर्च दुस्मनका सिपाही प
कीयाका थाइन्या स्मेत के हिषा —— ।१।
पल्टन फौज गैद्द जवान् १००१ लआयाको —— ४३।२।

उंबा ज्मा मुरी —— ७७।१६
जगेरा बाकी —— ७७।१६
लामावगरको —— ६० छोहर गुम्बाको १७।१६

जो जगेरा मुरी छोहरगुम्बाको —— ११।८
कोटो ज्मा मुरी —— ७०।१४
जगेरा बाकी —— ६१।१०
छोहर गुम्बाको —— ३।१० लामावगरको —— ४०।।
ठाडीको —— १८।।

पल्टन फौज गैद्द जवान् १००१ लआयाको —— १८।४

मके ज्मा मुरी —— २१३।१८
जगेरा बाकी ठाडा गोदाम्को —— १५०।।
पल्टन फौज १००१ जवान लआयाको —— ६३।१८।

मनु ज्मा मुरी —— २५९।१६।५
जगेरा बाकी —— २४८।।
छोहर गुम्बाको —— ८।। लामावगरको —— ४०।।
ओपाको —— २००।।

आजसम्मको फुटकर खर्च —— १।७।
लडाञी नडुदेर पद्धि चेवाजान्याके सिधा —— १।१।
लपचि गुम्वाको र छोहर गुम्वाको लामाह
हकामा निस्सिछापर्न आईदा सिधा —— ।।६
हुलन्का सिपाही पंकी याका घाइत्ला स्नोके ।५।२

पल्टन गेहूँ फौज १००१ लेआयाको —— २।८।५

आलुको मस्यौरा मुरी —— ११।५।२
जगेरा वांकी —— ११।।
छोहर गुम्वाको —— २।। लामा वगरको —— २।।
गेहूँ फौज १००१ ले आया को —— ।५।२

मुत आमुरी —— १।५।७।५
आजसम्म फुटकर खर्च लडाञी नडुदे पद्धि चेवाजा
न्याके सिधा —— ।।१।५
फौज गेहूँ लेआयाको —— १।५।६

भटमास आमुरी जगेडा ठाडीगोदाम्के —— २।।
मास आमुरी —— ।८।७
वांकी लामा वगरको —— ।३।
फौज गेहूँ लेआयाको —— ।१।७

सिद्धिराजमार्फत ठाउँ ठाउँमा कमगर्दा खर्च लागयाको ई आयापछी काग[illegible]
मोहोर विनिच ह्राइपठाउँला ——

# ABOUT THE AUTHORS


| | |
|---|---|
| Dr. Shaphalya Amatya | Ex. Director General, DoA<br>Chhauni, Kathmandu |
| Prof. Dr. Bhabiswor Pangeni | Research Scholar<br>TU Department of History, Kirtipur |
| Dr. Gopal Dhaubanjar | Associate Professor<br>Trichandra College, Ghantaghar |
| Dr. Kalpana Shrestha | Associate Professor<br>Padma Kanya College, Bagbazar |
| Bimal Kumar Sharma | Head, Department of Histroy<br>Trichandra College, Ghantaghar |
| Prakash Darnal | Chief, National Archives<br>Ramshah Path, Kathmandu |